सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२५ असार २०८२, बुधबार (9 July 2025, Wednesday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक ८७ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

कर फर्स्यौट आयोगमा
१० अर्ब भ्रष्टाचार मुद्दा

सर्वोच्चद्वारा विशेषको फैसला बदर, सुरुदेखि सुनुवाइ गर्न आदेश



- विशेषको फैसलामा गम्भीर कानुनी त्रुटि छ, प्राकृतिक न्यायको सिद्धान्तको निर्ममतापूर्वक हनन गऱ्यो
- विशेषले गम्भीर कानुनी प्रश्नको समाधान नगरेको ठहर
- बन्दीको रिट दायर गरेकाहरूलाई विशेषबाट तारिखमा राख्न आदेश

(विस्तृत पृष्ठ २)

सरकार र आन्दोलनरत चिकित्सकबिच तीनबुँदे सहमति

आजदेखि अस्पताल खुल्ने

उपभोक्ता संरक्षण ऐनमा नीतिगत तथा कानुनी सुधारका लागि आवश्यक संशोधनलगायत विषयमा सात दिनभित्र प्रतिवेदन दिन कार्यदल गठन

भ्युटावरलाई दान दिएको जग्गा फिर्ता प्रकरण

तमसुकमा हस्ताक्षर गर्ने दमकका वडाध्यक्षले गरे ढाकछोपको प्रयास



भ्युटावरलाई जग्गा दिने कागजमा शब्द नपुगेको तर्क, उपभोक्ताबाटै जग्गा फिर्ता दिने भनाइ

(विस्तृत पृष्ठ ३)

■ भोटेकोशीमा आएको बाढीले रसुवागढी तहसनहस

नौजनाको ज्यान लग्यो, १९ बेपत्ता

ड्राइपोर्टमा राखिएका कन्टेनरसहित ६४ सवारीसाधन बगे, मितेरी पुल बगाउँदा टुट्यो रसुवागढी-केरुङ सडक सम्पर्क

- नेपाल प्रहरीका दुईसहित १३ र ६ चिनियाँ नागरिक बेपत्ता
- स्याफ्रुबेंसीदेखि रसुवागढी नाकासम्मको सडकको १४ किमि क्षेत्रमा ठाउँठाउँमा क्षति पुग्दा अवरुद्ध
- सामान लोड गरिएका २३ कन्टेनर ट्रक, ३५ विद्युतीय सवारीसाधन र ६ सिनो ट्रक गरी ६४ सवारीसाधन बगे
- बाढीले ड्याममा क्षति गर्दा १११ मेगावाटको रसुवागढी जलविद्युत् र बाढीको लेदो पस्दा २० मेगावाटको चिलिमे जलविद्युत्को उत्पादन पूर्ण रूपमा बन्द

द्रुवप्रसाद अधिकारी
सहायक प्रमुख जिल्ला अधिकारी, रसुवा



रसुवागढीबाट ८० कोसमाथि छुसुमधामा पहिरो खस्दा बाढी आएको चिनियाँ पक्षबाट प्रारम्भिक जानकारी आएको छ। मितेरी पुलको दायाँबाट आउने ल्हेन्दे खोलाको बाढी भोटेकोशीमा मिसिने ठाउँमा ठुलो क्षति भयो।



बाढीले बगाएको नेपाल-चीन जोड्ने रसुवागढी नाकाको मितेरी पुल। पुल बगाएपछि नेपाल-चीन सडक सम्पर्क टुटेको छ।

■ मृतक तथा बेपत्ता परिवारलाई तत्काल राहत र घाइतेको निःशुल्क उपचार गर्ने सरकारको निर्णय

यम बम, रामकृष्ण थापा/नयाँ पत्रिका

भोटेकोशीमा मंगलबार बिहान आएको बाढीले रसुवागढी तहसनहस बनाएको छ। बाढीमा बेपत्ता भएकाहरूमध्ये नौजनाको शव फेला परेको छ भने कम्तीमा १९ जना बेपत्ता भएका छन्। मृतकहरूको शव र खुट्टा रसुवा, नुवाकोट र धादिङमा फेला परेको प्रहरीले जनाएको छ। थप बेपत्ताहरूको खोज तथा उद्धार कार्य जारी छ।

बाढीले नेपाल-चीन जोड्ने मितेरी पुल बगाएको छ, स्याफ्रुबेंसीदेखि रसुवागढी नाकासम्मको सडक १४ किलोमिटर क्षेत्रमा ठाउँठाउँमा क्षति पुग्दा अवरुद्ध भएको

» पृष्ठ २ मा क्रमशः

■ के हो बाढीको कारण ?

जल तथा मौसम विज्ञान विभाग, बाढी पूर्वानुमान शाखाका प्रमुख, वरिष्ठ जलस्रोतविद् विनोद पराजुलीले वर्षाका कारण बाढी उत्पन्न भएको नदेखिएको, तर भोटेकोशी नदी जलाधारको तिब्बती क्षेत्रमा रहेका हिमतालमध्ये कुनै फुटेको वा हिमपहिरो खसेको आकलन रहेको बताए। पाल्पामा रहेको मौसमी राडार र विश्व मौसम संगठनको भूउपग्रहमा आधारित प्रणालीमार्फत हेर्दा भोटेकोशी जलाधार क्षेत्रमा पछिल्लो २४ घण्टामा पानी परेको देखिँदैन। २४ घण्टा (सोमबार बिहान ९ बजेदेखि मंगलबार बिहान ९ बजेसम्म) रसुवास्थित क्याञ्जिङ मौसमी केन्द्रमा ०.१ र धुन्चे मौसम केन्द्रमा ०.३ मिलिमिटर मात्र वर्षा भएको थियो। भूउपग्रह तस्बिर विश्लेषणको काम भइरहेको उनले बताए।

भूगर्भविद् श्रीकमल द्विवेदी हिमाली क्षेत्रमा हिमताल फुटेर मात्र बाढी आउँछ भन्ने यसअघिका भनाइ फेरिँदै गएको बताउँछन्। 'मनसुन सुरु भएदेखि तिब्बतमा पानी नपर्नुपर्ने हो, तर ठुलो नपरे पनि दिनदिनैजस्तो परिरहेकै थियो,' उनले भने, 'हिउँमा पानी पर्दा पग्लिन्छ। पग्लिएको हिउँ लेदो बाढीका रूपमा आएको हो। हिउँ पग्लिएपछि बाँकी रहेको माटोढुंगा खोलामा खसेको पनि हुन सक्छ।'

■ मनसुनका एक महिना

बाढीपहिरो र चट्याङबाट २८ को मृत्यु

मनसुनको एक महिनामा बाढीपहिरो र चट्याङमा परी २८ जनाको मृत्यु भएको छ। १९ जना बेपत्ता भएका छन्। ७८ घाइते भएका छन्। गृह मन्त्रालय, आपत्कालीन कार्यसञ्चालन केन्द्रको तथ्यांकअनुसार १५ जेठदेखि २४ असारसम्म बाढीपहिरोमा मात्र १९ जनाको ज्यान गएको छ भने चट्याङमा परी नौजनाको मृत्यु भएको छ। मंगलबार रसुवागढीको बाढीमा परेकामध्ये नौजनाको शव फेला परेको हो। १९ जना अझै बेपत्ता भएका छन्। यो अवधिमा १७ घर पूर्ण र ४६ आंशिक क्षतिग्रस्त भएका छन्। ४५३ पशुचौपाया मरेका छन्, १५ गोठमा क्षति पुगेको छ।

बाढीमा फसेपछि रुख चढे नुवाकोटका दम्पती, सेनाको हेलिकोप्टरबाट उद्धार

त्रिशूली नदीको बाढीमा फसेका नुवाकोटको विदुर नगरपालिका- १ लभडाँडा मिलन चौताराका दम्पती ६७ वर्षीय पाल्देन तामाङ र उनकी पत्नी ६२ वर्षीया मंगली तामाङको सेनाको हेलिकोप्टरमार्फत उद्धार गरिएको छ। त्रिशूली नदीको किनारामा दाउरा लिन जाँदा बाढीमा फसेका उनीहरू सिसौको रुखमा चढेर जोगिएका थिए। उनीहरू दुई घण्टा रुखमा बसेका थिए। सेनाको हेलिकोप्टरले उद्धार गरेर विदुर नगरपालिका कार्यालयनजिकै ओरालेको थियो।

त्रिशूलीमा बाढीले बगायो चिता

धादिङको बेनीघाट रोराङ गाउँपालिका- ७, चरौंदीनजिकै त्रिशूली नदीमा अन्त्येष्टि गर्दिँदै गरेको चिता बाढीले बगाएको छ। बेनीघाट रोराङ गाउँपालिका- ७ की ८० वर्षीया राममाया चेपाङको चरौंदीस्थित त्रिशूली नदीकिनारमा दाहसंस्कार गर्दै गर्दा अचानक बाढी आउँदा जलिरहेको चिता बगाएको जिल्ला प्रहरी कार्यालय धादिङका प्रहरी नायब उपरीक्षक सुवास हमालले बताए। त्रिशूली नदीमा तीन पुरुषको शवसँगै दुईवटा खुट्टा फेला परेको उनले बताए। गल्छी गाउँपालिका-२, केउरेनीटारस्थित खोलाकिनार, गजुरी गाउँपालिका-६, बेल्खु र बेनीघाट रोराङ गाउँपालिका-७, चरौंदीमा शव फेला परेका हुन्। गजुरी गाउँपालिका- २, मलेखु र बेनीघाट रोराङ गाउँपालिका- ३, लामाबगरमा खुट्टा फेला परेको छ।



ट्रम्पको प्रतिबन्धले अफ्रिकी महादेशलाई बनाउनेछ आत्मनिर्भर

ताफी महका (लेख पृष्ठ ५)

सामाजिक उत्तरदायित्व कोषको रकम पूर्वाधारमा खर्च नगर्न सर्वोच्चको आदेश

■ **सर्वोच्चको आदेशमा भनिएको छ–** सामाजिक उत्तरदायित्व कोषमा जम्मा हुने रकम मुलुकमा रहेको चरम गरिबी निवारण गर्न तथा गरिबीको रेखामुनि रहेका नेपाली नागरिकको प्रत्यक्ष हित हुने गरी प्रयोग गर्ने व्यवस्था गर्नू

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

विद्या रोक्न देउवा-ओली एउटै मोर्चामा

पूर्वराष्ट्रपति राजनीतिमा फर्किँदा व्यवस्था कमजोर हुने देउवाको बुझाइ, संस्थागत निर्णय गरेरै भण्डारीको सक्रियतामा लगाम लगाउन सकिने ओलीको संकेत







शुरोजंग पाण्डे/नयाँ पत्रिका

पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको पार्टी राजनीतिमा फर्किने घोषणाले एमालेभित्र मात्रै होइन, संसद्को ठुलो दल कांग्रेसमा पनि हलचल मच्चिएको छ। भण्डारीलाई रोक्न कांग्रेस सभापति शेरबहादुर देउवा र एमाले अध्यक्ष एउटै मोर्चामा उभिएका छन्।

भण्डारीले डेढ साताअघि पार्टी सदस्यता नवीकरण गरी सक्रिय राजनीतिमा फर्किएको घोषणा गरेपछि एमाले अध्यक्ष ओलीसहित संस्थापन पक्षका नेताहरू असन्तुष्ट देखिएका

» पृष्ठ २ मा क्रमशः

देउवा र ओली दुवैको स्वार्थ मिलेको हुन सक्छ



कृष्ण पोखरेल, विश्लेषक


देउवालाई ७ बुँदे सहमतिअनुसार प्रधानमन्त्री बन्ने बाटो अप्ठ्यारो बन्ने चिन्ता छ भने ओलीलाई पनि पार्टीभित्रैबाट विस्थापित हुने डर छ। भण्डारी फर्किए देउवालाई ओलीसँग ट्याकल गर्न गाह्रो हुन सक्छ। यही असुरक्षा र कम्युनिस्ट मिलनको सम्भावनाले देउवा सजग भएका हुन सक्छन्। विद्याजीको पुनरागमनसँगै यदि वामशक्तिहरू फेरि एक भए भने कांग्रेस पछाडि पर्ने सम्भावना हुन्छ। देउवाले त्यसलाई 'प्रणालीमाथिको खतरा' भनेर ढाक्न खोजेका हुन सक्छन्। ओलीका लागि पनि देउवाको विरोध उपयोगी हुन सक्छ। कांग्रेस पनि सार्वजनिक रूपमा सक्रिय राजनीतिविरुद्ध उभिन्छ भने ओलीले त्यो समर्थनमा भण्डारीको सक्रियतालाई रोक्ने बल पाउँछन्। त्यसैले, दुवैको स्वार्थ मिलेको हुन सक्छ।



रेमिट्यान्सको बाढी, अर्थतन्त्र सुक्खै

११ महिनामा १५ खर्ब ३२ अर्ब रेमिट्यान्स भित्रियो

■ कुन महिना कति भित्रियो रेमिट्यान्स (रुपैयाँमा)





नरबहादुर थापा
पूर्वकार्यकारी निर्देशक, राष्ट्र बैंक

सरकारले बजेट त ल्याउँछ, तर गतिलो वित्तनीति ल्याउन सकेको छैन। जसको कारण पुँजीगत खर्च बढ्न सकेको छैन। सरकारलाई रेमिट्यान्सकै मात लागिरहेको छ। रेमिट्यान्स बनमारा जसरी फैलिरहेको छ। वित्तनीति गतिलो नहुँदासम्म अर्थतन्त्र चलायमान हुने देखिन्न।

पवन तिमिल्सिना/नयाँ पत्रिका

आर्थिक वर्ष ०८१/८२ को ११ महिनामा १५ खर्ब ३२ अर्ब ९३ करोड रुपैयाँ रेमिट्यान्स भित्रिएको छ। गत आव ०८०/८१ को ११ महिनाको तुलनामा रेमिट्यान्स आप्रवाह १५.५ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा १३ खर्ब १७ अर्ब रेमिट्यान्स भित्रिएको थियो।

» पृष्ठ २ मा क्रमशः

हालसम्म बैंकहरूको कुल निक्षेप :
७१ खर्ब ५२ अर्ब

लगानीयोग्य रकम :
नौ खर्ब ३० अर्ब ४६ करोड

■ ११ महिनाको अर्थतन्त्र

सरकारी खातामा :	३ खर्ब ३९ अर्ब ९८ करोड मौज्दात (अघिल्लो वर्ष सोही अवधिमा ९३ अर्ब ९६ करोड मौज्दात थियो)
सरकारको खर्च :	१२ खर्ब ८२ अर्ब ९४ करोड
विदेशी मुद्रा सञ्चिति :	१८ अर्ब ६५ करोड (डलर) (१४.७ महिनाको वस्तु तथा सेवा आयात धान्ने)
आयात :	१६ खर्ब ४४ अर्ब ७९ करोड
निर्यात :	२ खर्ब ४७ अर्ब ५७ करोड
शोधनान्तर स्थिति :	४ खर्ब ९१ अर्ब ४४ करोडले बचतमा
निक्षेप :	५ खर्ब १७ अर्ब ६० करोड (अघिल्लो वर्ष सोही अवधिमा ५ खर्ब १४ अर्ब ५७ करोड)
कर्जा :	४ खर्ब ७ अर्ब ६२ करोड (अघिल्लो वर्ष सोही अवधिमा २ खर्ब ४६ अर्ब ८० करोड)

उपनिर्वाचनले मधेशकेन्द्रित दलहरूबिच मतभेद

उन्मुक्तिका पक्षमा ६ दल, जनमत अलग

नयाँ पत्रिका

रूपन्देही- ३ मा आगामी १७ कात्तिकमा हुने प्रतिनिधिसभा उपनिर्वाचनले मधेशकेन्द्रित दलहरूको गठबन्धन 'संघीय लोकतान्त्रिक मोर्चा'मा फाटो ल्याएको छ। मोर्चाका सात दलमध्ये जसपा नेपाल, नागरिक उन्मुक्ति पार्टी, राष्ट्रिय मुक्ति पार्टी, लोसपा, जनता प्रगतिशील पार्टी र तमलोपा एकातिर उभिएका छन् भने जनमत पार्टी अर्कोतिर उभिएको छ।

तमलोपा अध्यक्ष वृषेशचन्द्र लालको अध्यक्षतामा मंगलबार बसेको मोर्चाको बैठकले नागरिक उन्मुक्ति पार्टीका उम्मेदवारलाई साझा उम्मेदवारका रूपमा समर्थन गर्ने निर्णय गरेको छ। '२०८२ कात्तिक १७ मा रूपन्देही ३ मा हुने प्रतिनिधिसभा उपनिर्वाचनमा मोर्चाको तर्फबाट नागरिक उन्मुक्तिको उम्मेदवारलाई साझा उम्मेदवारको रूपमा समर्थन गर्ने सर्वसम्मत निर्णय भयो,' बैठकपछि लालले भने।

बैठकमा जसपा नेपालबाट राजकिशोर यादव, मनीष सुमन र रामकुमार शर्मा, नागरिक उन्मुक्तिबाट रेशम चौधरी, रञ्जिता श्रेष्ठ, लालवीर चौधरी, गंगा चौधरी र हिमाञ्चल भट्टराई, राष्ट्रिय मुक्ति पार्टीबाट राजेन्द्र महतो, केशव झा, सन्तोष मेहता, लोसपाबाट महन्थ ठाकुर, सर्वेन्द्रनाथ शुक्ल, लक्ष्मणलाल कर्ण र ज्ञानेन्द्र झा, जनता प्रगतिशीलबाट हृदेयश त्रिपाठी, शिवजी यादव र रविर हुसेन तथा तमलोपाबाट वृषेशचन्द्र लाल डा. विजय सिंह, विभा ठाकुर, पुनम झा, ब्रजकिशोर सिंह र सुभाष कर्ण सहभागी थिए।

मोर्चामै आबद्ध सिके राउत नेतृत्वको जनमत पार्टी भने बैठकमा सहभागी थिएन। जनमतले छुट्टै उम्मेदवार उठाउने बताएको छ। 'मोर्चाको निर्णयमा हाम्रो सहमति छैन। रूपन्देही ३ को उपनिर्वाचनमा हामी छुट्टै उम्मेदवारी दिन्छौँ,' जनमत पार्टीका वरिष्ठ उपाध्यक्ष अब्दुल खानले भने। रूपन्देही ३ बाट निर्वाचित सांसद राप्रपाका दीपक बोहराको निधन भएपछि उपनिर्वाचन हुन लागेको हो। बोहरा ३६,७१७ मतसहित निर्वाचित हुँदा कांग्रेसका बालकृष्ण खाणले ३४,०३६ मत ल्याएका थिए।

संविधान संशोधनबारे सरकारी धारणा माग

मोर्चाले संविधान संशोधनबारे सरकारी धारणा माग गरेको छ। मोर्चाले अहिलेको सत्तारूढ गठबन्धनलाई अप्राकृतिकसमेत भनेको छ। 'अहिलेको अप्राकृतिक सरकारी गठबन्धनद्वारा गरिएको वाचाअनुसार संविधान संशोधनको सरकारी धारणा तत्काल सार्वजनिक गर्न आग्रह गर्ने निर्णय गरियो,' बैठकपछि प्रेस विज्ञप्ति जारी गरेर लालले भनेका छन्। मोर्चाले भने संविधान संशोधनसँग सम्बन्धित विषयबारे छलफल र बहस गर्दै साझा धारणा बनाउने उनले स्पष्ट पारे।

आठ सहरमा सभा

मोर्चाको उद्देश्य, आवश्यकता र औचित्यबारे प्रस्ट पार्न देशका विभिन्न आठ सहरमा सभा गर्ने निर्णय पनि बैठकले गरेको छ। १७ साउनमा काठमाडौंमा, २१ साउनमा भैरहवामा, २३ साउनमा नेपालगन्जमा, २५ साउनमा कैलालीमा सभा गर्ने तय भएको छ। यस्तै, १६ भदौमा विराटनगरमा, १८ भदौमा राजविराजमा, २० भदौमा जनकपुरमा र २२ भदौमा वीरगन्जमा सभा गर्ने निर्णय मोर्चाले गरेको छ। बैठकले लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्न पनि पुनः माग गरेको छ। बैठकले रसुवामा बाढीपहिरोमा परी ज्यान गुमाएकाप्रति चिरशान्तिको कामना गर्दै घाइतेको स्वास्थ्यलाभको कामना गरेको छ। बेपत्ताको तत्काल खोजबिन गर्न र घरबारविहीन भएकालाई पुनर्वास र तत्काल राहत उपलब्ध गराउन सरकारसँग माग गरेको छ।

■ कर फर्स्योट आयोगमा १० अर्ब भ्रष्टाचार मुद्दा

सर्वोच्चद्वारा विशेषको फैसला बदर, सुरुदेखि सुनुवाइ गर्न आदेश

शिल्पा कर्ण/नयाँ पत्रिका

१० अर्ब बिगो रहेको कर फर्स्योट आयोगको भ्रष्टाचार मुद्दामा सर्वोच्च अदालतले विशेष अदालतको फैसला बदर गर्दै फेरि सुरुदेखि सुनुवाइ गर्न आदेश दिएको छ। विशेषको फैसला स्वच्छ सुनुवाइको सिद्धान्तविपरीत रहेको भन्दै सर्वोच्चले यस मुद्दालाई सुरु अदालतमा पठाउने फैसला गरेको हो।

सर्वोच्चका न्यायाधीशहरू सारंगा सुवेदी र टेकप्रसाद ढुंगानाको इजलासले मंगलबार विशेषको फैसलामा गम्भीर कानुनी त्रुटि रहेको भन्दै त्यसलाई खारेज गरेको हो। सर्वोच्चको आदेशअनुसार सो मुद्दामा अब विशेष अदालतले फेरि सुनुवाइ गर्नुपर्ने भएको छ।

मुद्दामा दोषी ठहर भई कारागारमा रहेका आयोगका तत्कालीन अध्यक्ष लुम्बध्वज महत तथा सदस्यहरू चूडामणि शर्मा र उमेश ढकालले दायर गरेका सातमध्ये चारवटा मुद्दामा फैसला बदर गर्दै सुरु अदालतमा पठाउने आदेश भएको हो। बन्दी प्रत्यक्षीकरणका दुई रिट खारेज तथा एउटा निवेदनमा कानुनबमोजिम गर्नू भन्ने आदेश भएको छ।

विशेषले उनीहरूमध्ये महतलाई नौ वर्ष एक महिना तथा शर्मा र ढकाललाई नौ-नौ वर्ष कैद सुनाएको थियो। त्यस्तै, जनही चार अर्ब १० करोड ४६ लाख ९७ हजार जरिवानाको फैसला भएको थियो। सो जरिवाना बुझाउन नसकेपछि कारागारमा बसेर उनीहरूले सर्वोच्चमा पुनरावेदन गरेका थिए। सर्वोच्चको फैसलाअनुसार अब बुधबार तीनैजनाको विशेष अदालतमा थुनछेक हुने भएको छ। यसअघि विशेष अदालतमा थुनछेक हुँदा जनही ५० लाख रुपैयाँ धरौटीमा छुटेका थिए।

सर्वोच्चले मूल्य अभिवृद्धि कर र बिलविजकको प्रयोगबारे उठेका प्रश्नमा आवश्यक प्रमाण बुझी मात्र फैसला गर्न भनेको छ। दुवै पक्षका विशेषज्ञसँग राय लिन, स्वतन्त्र विशेषज्ञको सूची बनाई प्रमाण ऐन हेरी, विशेषज्ञहरूलाई शपथ गराई, उनीहरूले दिएको रायलाई समर्थन वा खण्डन गर्ने अवसर प्रतिवादी पक्षलाई पनि दिन भनिएको छ। साथै, तीनै प्रतिवादीको नाममा राखिएको कैद र जरिवानाको लगत कट्टा गर्न सम्बन्धित जिल्ला अदालतमा जानकारी गराउनसमेत आदेश भएको छ।

सर्वोच्चको संयुक्त इजलासले मंगलबार गरेको फैसलाअनुसार यो इजलासले गत १६ र २८ वैशाख तथा जेठको ७, १७, १९ र २१ गते सुनुवाइ गरेको थियो। यसैगरी असार ५ मा अन्तिम सुनुवाइपछि निर्णय सुनाउने मिति तय गरिएको थियो। तर, निर्धारित ५ असारको मिति पनि सारेर २४ असार पुऱ्याइएकोमा यस्तो फैसला आएको हो।

सजायपूर्वको प्रतिवेदनमा विशेष अदालतले विज्ञ झिकाएको थियो भने उनीहरूको रायका आधारमा सजाय तोकिएको थियो। यो विषयमा सर्वोच्चबाट भएको फैसलामा भनिएको छ, 'यस सम्बन्धमा प्रतिवादीहरू तीनैजनाको तर्फबाट मिति ०८०/३/५ मा पेस गरिएको अलगअलग सजाय पूर्वको प्रतिवेदनमा अदालतले झिकाएका विज्ञले दिएको भनिएको राय लिपिबद्ध नरहेको एवं उक्त रायको सम्बन्धमा पक्षलाई कुरा राख्ने मौकासमेत प्रदान नगरेकोबाट उक्त सम्पूर्ण प्रक्रियामा पक्षको प्राकृतिक न्यायको अधिकारको निर्ममतापूर्वक हनन स्वयं न्यायालयबाट हुनुले पक्षलाई अझ बढी आहत तुल्याउने काम भएको छ। अदालतले यसअघि अनुसरण गरी आएको न्यायिक प्रक्रिया पद्धति र अभ्यासको विपरीत विज्ञ झिकाउने आदेश भएपश्चात् पनि आदेश गर्ने बेन्चलाई नै निरन्तरता दिई विज्ञको रायउपर प्रतिवादको मौका नै नदिई कसुर ठहर गर्ने गरी यस अदालतबाट कसुर ठहर गर्ने कार्यले अदालतको गरिमामा चोट पुग्ने देखिन्छ।'

विशेषबाट भएको फैसलामा स्वच्छ सुनुवाइको विपरीत रहेको ठहर सर्वोच्चको छ। सजाय निर्धारणको विषय प्रवेश गरी निर्णय गर्नुपूर्व अवलम्बन गरिएका प्रक्रिया त्रुटिपूर्ण रहेको संयुक्त इजलासको निष्कर्ष छ। यस प्रक्रियामा प्रतिवादीहरूको कुनै संलग्नता नरहेको, विज्ञहरूलाई खुला रूपमा इजलासमा उपस्थित नगराएको, उनीहरूको राय लिखित रूपमा संलग्न नगराइएकोजस्ता विषयलाई सर्वोच्चले गम्भीरतापूर्वक लिएको छ।

फैसलामा थप छ, 'विशेष अदालतले विशेषज्ञको राय लिँदा अवलम्बन गरेको प्रक्रियालाई हेर्दा विशेषज्ञको राय लिनुपर्ने विषयहरू यकिन गरिएको देखिँदैन। राय माग गर्नुपर्ने विषयमा विशेषज्ञ को हुन सक्दछ भनी प्रतिवादीहरू वा निजहरूका कानुन व्यवसायीसँग परामर्श गरिएको पनि मिसिलबाट देखिएन। विशेषज्ञ इजलाससमक्ष उपस्थित भई राय व्यक्त गरेको वा लिखित रूपमा राय पेस गरेको पनि पाइँदैन। विशेषज्ञहरूलाई आफूले राय दिएको विषयमा इजलाससमक्ष शपथ गराई बकपत्र गराएको पनि पाइएन। साथै, विशेषज्ञहरूले व्यक्त गरेको रायको विषयमा प्रतिवादीहरूलाई कुनै जानकारी दिएको वा निजहरूलाई जिरह गर्न मौका प्रदान गरेको पनि पाइँदैन।'



न्यायाधीश पौडेल सर्वोच्च पुगेकै दिन उनको फैसलामाथि गम्भीर प्रश्न

यस फैसलामा रोचक संयोग कस्तो छ भने सर्वोच्चमा पदभार ग्रहण गरेकै दिन एक न्यायाधीशको फैसलामाथि गम्भीर प्रश्न उठेको छ। मंगलबारदेखि नै सर्वोच्च अदालतमा तीन नवनियुक्त न्यायाधीशले पद तथा गोपनीयताको शपथग्रहण गरी इजलासमा बसी न्याय सम्पादनको कार्य सुरु गरेका थिए। न्यायाधीशहरू श्रीकान्त पौडेल, मेघराज पोखरेल र शान्ति सिंह थापाले शपथ लिएर मुद्दा हेर्न थालेका हुन्। यसमध्ये आयोगको यस मुद्दामा विशेषबाट फैसला गर्नेमध्ये पौडेल पनि एक हुन्। उनी विशेष अदालतको अध्यक्ष हुँदा उनीसहितको इजलासले यससम्बन्धी फैसला गरेको थियो। तत्कालीन अध्यक्ष पौडेल तथा सदस्यद्वय यमुना भट्टराई र शालिग्राम कोइरालाको इजलासले ०८० जेठ १८ मा कसुर कायमको फैसला गरी सोही वर्ष ५ असारमा सजाय निर्धारण गरेको थियो। यसर्थमा उनले गरेको फैसलामाथि सर्वोच्चले गम्भीर प्रश्न उठाएको छ। अर्को संयोग कस्तो छ भने मंगलबार नै शपथ लिएका न्यायाधीश पोखरेलले भने प्रतिवादीहरू महत र शर्माका तर्फबाट सर्वोच्चमा बहस गरेका थिए।

■ गम्भीर कानुनी प्रश्नको सम्बोधन भएन

विशेषले गरेको फैसलामा गम्भीर कानुनी प्रश्नको सम्बोधन नभएको ठहर सर्वोच्चको छ। यसैगरी कर निर्धारणको पुनरावेदनको अनुमतिको विषय सर्वोच्चमा विचाराधीन रहेको वेलामा पनि फैसला गरेको र विशेषको पूर्णपाठको प्रकरण नं. १४०, १४१ र १४९ परस्परमा विरोधाभाषपूर्ण रहेको फैसलामा छ।

सर्वोच्चको संयुक्त इजलासले भनेको छ, 'सर्वोच्च अदालतमा विचाराधीन मुद्दाको हकमा गरिएको व्याख्या गैरकानुनी र प्रतिपादित सिद्धान्त प्रतिकूलसमेत देखिन आयो। साथै यस अदालतमा विचाराधीन मुद्दामा ठहरेबमोजिमको कर रकम बुझाउने दायित्व करदातामा नै निहित रहने भएकाले फैसलाबाट अन्तिम नै नभएको आर्थिक वर्षको कर रकमलाई अनुमानित रूपमा बक्यौता मानी मिनाहा दिने कर फर्स्योट आयोगको कार्य र त्यस्तो कार्य बदनियतपूर्वकको भनी भ्रष्टाचारको बिगोमा नै समावेश गर्न मिल्ने-नमिल्ने के हो भन्ने दुवै गम्भीर कानुनी प्रश्नको सम्बोधन विशेष अदालतको फैसलामा भएको देखिएन।'

एकै प्रकृतिको मुद्दामा फरक-फरक राय व्यक्त गरी विशेषले फैसला गरेको सर्वोच्चले औँल्याएको छ। साथै, अदालतले कतिपय प्रश्नसँग सम्बन्धित प्रमाण नै बुझ्न छुटाएको र कतिपय प्रश्नमा निर्णय नै नगरेको ठहर सर्वोच्चको छ। गैरकानुनी रूपमा कर छुट दिइएको भनी दाबी लिइएका कतिपय विषयमा विशेषले के कुन सिद्धान्तबमोजिम कर निर्धारणको क्षमता प्राप्त गरेको हो जस्ता दर्जनौँ प्रश्नमा विशेषको फैसला अनुत्तरित रहेकाले फैसला बदर हुने निर्णय दिइएको सर्वोच्चले जनाएको छ।

फैसलामा थप भनिएको छ, 'सक्कल मिसिलबाट नक्कली बिलविजक पेस गरी कर छलेको भन्ने पुष्टि भई कुनै कर कार्यालय वा आन्तरिक राजस्व विभागबाट समेत कर निर्धारण भएको रहेछ भने नेपाल सरकारको सूचित कार्यादेशबमोजिम नै त्यस्तो विषयमा कर फर्स्योट आयोग प्रवेश गरी छुट वा मिनाहा दिन मिल्ने-नमिल्ने के हो भन्ने प्रश्न निरूपण गरी मिसिल प्रमाणको समुचित मूल्यांकनपश्चात् न्यायिक निष्कर्षमा पुग्नुपर्नेमा सोबमोजिम भए-गरेको देखिएन। यस विषयमा विशेष अदालतबाट सक्कल मिसिल प्रमाण नै हेरी कानुनसम्मत र एकरूपतापूर्ण निर्णय हुन सकेको देखिएन।'

आयोगका अध्यक्ष महतको बन्दीको रिटमाथि आदेश गर्दै उक्त इजलासले भनेको छ, 'निजको प्रस्तुत मुद्दामा कानुनी हैसियत विशेष अदालतबाट फैसला हुनुपूर्वको अवस्थामा फर्कने भएको र निजले विशेष अदालतमा एक करोड पचास लाखबराबरको बैंक जमानत राखी मुद्दाको पुर्पक्ष गरिरहेको मिसिलबाट देखिँदा निजलाई भोलि मिति २०८२/३/२५ गते विशेष अदालतमा उपस्थित गराई मुद्दा पुर्पक्षका लागि तारिखमा राख्नू भनी विशेष अदालतलाई आजै पत्र लेखी मिसिलसमेत पठाइसकिएको अवस्था हुँदा प्रस्तुत रिट निवेदनमा मागबमोजिम बन्दी प्रत्यक्षीकरणको आदेश जारी गरिरहनुपरेन।'

यसैबिच, आयोगका सदस्य शर्माले गैरकानुनी सम्पत्ति आर्जनमा सफाइ पाएको फैसला पनि बदर भएको छ। अन्य मुद्दामा सुरु फैसला बदरको फैसला भएकोसमेत कारणले उक्त फैसला पनि बदर भएको हो। थप प्रमाण बुझ्न र थपिएको व्ययसमेत जोड्न सर्वोच्चले भनेको छ।

विशेषले गरेको फैसलामा आयोगले करदातासँग सम्झौता गर्दा कर छुट दिनुपर्ने औचित्य, आधार र कारण उल्लेख नगरिएको तथा न्यून रकममा सम्झौता गरेको कारण पहिले करदाताले बुझाएको रकमसमेत बढी हुन गई बक्यौता असुलीको सट्टा राज्यकोषमा जम्मा भएको रकम उल्टै फिर्ता दिनुपरेको उल्लेख गरेको थियो। यसबाट राज्यलाई थप हानि-नोक्सानी पुगेको तथा प्रतिवादीहरूको मनसाय र बदनियत पुष्टि भएको उल्लेख थियो।

नौजनाको मृत्यु...

पृष्ठ १ बाट क्रमशः

छ। ड्राइपोर्टमा राखिएका कन्टेनरसहित ६४ सवारीसाधन बगाएको छ। स्थानीय प्रशासनका अनुसार बाढीका कारण भएको क्षतिको विस्तृत विवरण आउन बाँकी छ।

प्रहरीका अनुसार अझै १९ जना सम्पर्कविहीन छन्। नेपाल प्रहरीका दुईजना, ६ जना चिनियाँ नागरिक र ११ नेपाली नागरिक बेपत्ता रहेको र खोजबिन जारी रहेका छन्। सेनाको हेलिकोप्टरबाट चार महिलासहित ५७ जनाको उद्धार गरिएको छ।

भोटेकोशी थुनिँदा मितेरीपुल बगेपछि रसुवागढी नाकाबाट नेपाल-चीन सडक सम्पर्क टुटेको छ। रसुवाका सहायक प्रमुख जिल्ला अधिकारी द्रुवप्रसाद अधिकारीले भने, 'मितेरीपुलको दायाँबाट आउने ल्हेन्दे खोलाको बाढी भोटेकोशीमा मिसिने ठाउँमा ठुलो क्षति भयो।'

बाढीले रसुवा भन्सार कार्यालय, टिमुरेको यार्ड/सुक्खा बन्दरगाहमा भन्सार जाँच पासका लागि राखिएका ६४ सवारीसाधन पनि बगाएको छ। जसमा सामान लोड गरिएका २३ वटा कन्टेनर ट्रक, ३५ विद्युतीय सवारीसाधन र ६ वटा सिनो ट्रक छन्। बाढीले ड्याममा क्षति गर्दा १११ मेगावाटको रसुवागढी जलविद्युत् र बाढीको लेदो पस्दा २० मेगावाटको चिलिमे जलविद्युत्को उत्पादन पूर्ण रूपमा बन्द छ। माथिल्लो त्रिशूली 'ए'को ६० मेगावाटको जलविद्युत्को ड्याममा पनि क्षति पुगेको छ।

चीनबाट नेपालका लागि सामान ढुवानी गर्ने चिनियाँ ट्रान्सपोर्ट कम्पनीका प्रतिनिधिहरूले नयाँ पत्रिकालाई दिएको जानकारी अनुसार सोमबार साँझ र मंगलबार बिहानसम्म केरुङ क्षेत्रमा हल्का मात्रै वर्षा भएको थियो। भोटेकोशी नदीमा ठुलो बाढी आएको छैन, नेपाल-चीन सीमामा बग्ने ठाडो खोला ल्हेन्देमा बाढी आएको हो। जुन खोला मितेरीपुलको दायाँबाट आउँछ र चीनको केरुङबाट आउने भोटेकोशीमा मिसिन्छ।

ल्हेन्दे खोलाको मुहान क्षेत्रमा जमेको कुनै पोखरी फुटेकोले एक्कासि पानीको प्रवाह बढेको र पहिरो मिसिएपछि लेदोसहित आएको बाढीले भोटेकोशी थुनिँदा रसुवा भन्सारमा ठुलो क्षति भएको चिनियाँहरूको अनुमान छ। नेपाल-चीन सीमामा बग्ने ल्हेन्दो खोला पानीढलो हिसाबले नेपालपट्टि पर्छ र यसको मुहान क्षेत्र पनि नेपालमा पर्ने उनीहरू बताउँछन्।

केरुङस्थित चिनियाँ सरकारी सञ्चारमाध्यमले चीनका १५ नागरिक बेपत्ता भएको बताएको छ। बेपत्ता हुनेमा ६ जना नेपालपट्टि र नौजना चिनियाँ क्षेत्रमा रहेको भन्सार र अध्यागमन यार्डमा बस्ने चिनियाँ हुन्।

सिन्धुपाल्चोक उद्योग वाणिज्य संघका अध्यक्ष बुद्धराज बस्नेतले केरुङ क्षेत्रमा सक्रिय ट्रान्सपोर्ट कम्पनीका व्यक्तिसँग कुरा गरेपछि दिएको जानकारीअनुसार चिनियाँ प्रहरीले ७२ नेपालीको उद्धार गरेर केरुङमा सुरक्षित राखेका छन्। हालसम्म चीनपट्टि २३ कन्टेनर पानीमा डुबिरहेका छन्। नेपालपट्टि टिमुरे भन्सार यार्डमा १५ गाडी डुबेको अवस्थामा छन्। 'नेपाल र चीन दुवैपट्टिका सरकारी अधिकारीसँग बुझ्दा बाढीले सयभन्दा बढी विद्युतीय गाडी बगाएको छ,' उनले भने।

■ बाढीको कारण के ?

विशेषज्ञहरूले ठुलो वर्षाका कारण रसुवास्थित भोटेकोशीमा लेदोसहितको बाढी आएको नभई हिमपहिरो वा हिमताल विस्फोटले घटना निम्त्याएको आकलन गरेका छन्। नेपाल-चीनबिच मौसमसम्बन्धी सूचना औपचारिक रूपमा आदान-प्रदान नहुने भएकाले यकिन नै हुन सकेको छैन।

रसुवाका सहायक प्रमुख जिल्ला अधिकारी द्रुवप्रसाद अधिकारीकाअनुसार रसुवागढीबाट ८० कोषमाथि छुसुमधा पहिरो खस्दा बाढी आएको चिनियाँ पक्षबाट प्रारम्भीक जानकारी आएको छ।

जल तथा मौसम विज्ञान विभाग, बाढी पूर्वानुमान महाशाखाका प्रमुख, वरिष्ठ जलस्रोतविद् विनोद पराजुलीले वर्षाका कारण बाढी उत्पन्न भएको नदेखिएको, तर भोटेकोशी नदी जलाधारको तिब्बती क्षेत्रमा रहेका हिमतालमध्ये कुनै फुटेको वा हिमपहिरो खसेको आकलन रहेको बताए। पाल्पामा रहेको मौसमी राडार र विश्व मौसम संगठनको भूउपग्रहमा आधारित प्रणालीमार्फत हेर्दा भोटेकोशी जलाधार क्षेत्रमा पछिल्लो २४ घण्टामा पानी परेको देखिँदैन। २४ घण्टा (सोमबार बिहान ९ बजेदेखि मंगलबार बिहान ९ बजेसम्म) रसुवास्थित क्यान्जिङ मौसमी केन्द्रमा ०.१ र धुन्चे मौसम केन्द्रमा ०.३ मिलिमिटर मात्र वर्षा भएको थियो। भूउपग्रह तस्बिर विश्लेषणको काम भइरहेको उनले बताए।

अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)का हिमताल र हिमनदी पहिरोसम्बन्धी विशेषज्ञ सुदनविकास महर्जनले पनि हिमपहिरोले खोला थुनिएर वा हिमताल फुटेको हुन सक्ने बताए। 'सीमाभन्दा माथि तिब्बततिर बाटो खनेको पनि देखिन्छ, अहिले भूउपग्रह तस्बिर उपलब्ध भइनसकेकाले अहिले नै ठ्याक्कै भन्न सकिने अवस्था छैन,' उनले भने।

जल तथा मौसम विज्ञान विभागका महानिर्देशक कमलराज जोशीले हिमपहिरो, हिमताल विस्फोट वा अन्य दुर्घटनाका कारण बाढी आएको हुन सक्ने बताए। ठुलो वर्षा नभए पनि १० असारमा तिब्बती अधिकारीहरूले रसुवा प्रशासनलाई ठुलो बाढीको जोखिम रहेको सूचना दिनुले 'सडक निर्माणका क्रममा चट्टान फुटाउँदा वा ढुंगा खस्दा बाढी आएको पनि हुन सक्ने' ठानिएको छ। तर, नेपाल-चीनबिच औपचारिक रूपमा मौसमसम्बन्धी सूचना आदान-प्रदान नहुने भएकाले थप प्रस्ट हुन सकेको छैन।

भूगर्भविद् श्रीकमल द्विवेदी हिमाली क्षेत्रमा हिमताल फुटेर मात्र बाढी आउँछ भन्ने यसअधिका भनाइ फेरिँदै गएको बताउँछन्। 'मनसुन सुरु भएदेखि तिब्बतमा पानी नपर्नुपर्ने हो, तर ठुलो नपरे पनि दिनदिनैजस्तो परिरहेकै थियो,' उनले भने, 'हिउँमा पानी पर्दा पग्लिन्छ। पग्लिएको हिउँ लेदो बाढीका रूपमा आएको हो। हिउँ पग्लिएपछि बाँकी रहेको माटोढुंगा खोलामा खसेको पनि हुन सक्छ।'

तिब्बत क्षेत्रबाट मंगलबार बिहान ३ बजेतिर भोटेकोशी नदीमा एक्कासि बाढी आएको हो। तर, तिब्बत तथा नेपाल क्षेत्रमा बाढी आउने गरी वर्षा भएको देखिँदैन। २४ घण्टा (सोमबार बिहान ९ बजेदेखि मंगलबार बिहान ९ बजेसम्म) रसुवास्थित क्यान्जिङ मौसमी केन्द्रमा ०.१ र धुन्चे मौसम केन्द्रमा ०.३ मिलिमिटर मात्र वर्षा भएको थियो।

रसुवागढी नाकाबाट तीन किलोमिटर तल रसुवा-टिमुरेमा रहेको जलविद्युत् आयोजनाबाट प्राप्त स्वचालित जलमापन केन्द्रको तथ्यांकअनुसार बिहान ३:१० बजे जलसतह एक्कासि ३.५ मिटर बढेको पाइएको जलस्रोतविद् विनोद पराजुलीले बताए।

अझ रसुवागढी नाकाबाट करिब १३ किलोमिटर तल स्याफ्रुबेँसी स्वचालित जलमापन केन्द्रमा बिहान साढे ३ बजे बहाव बढेको देखिन्छ। भोटेकोशी नदीको स्याफ्रुबेँसी क्षेत्रमा साढे ३ बजे बहाव ३.६५ मिटर रहेकामा त्यसको १० मिनेटमा बढेर ५.३७ मिटर पुगेको थियो। त्यसपछि भने बाढीले बाढी मापनको गेज स्टेसन बगायो।

भोटेकोशीको बाढीको बहाव रसुवागढी नाकाबाट ४१ किलोमिटर तल नुवाकोटको त्रिशूली बेत्रावतीमा भने बिहान ५ बजे पुगेको थियो। बेत्रावती स्वचालित जलमापन केन्द्रको तथ्यांकअनुसार त्यहाँ बिहान ५ बजे नदीको बहाव १.६० मिटर रहेकामा त्यसको १० मिनेटमा बढेर ३.६३ मिटर पुगेको थियो। बिहान ५:५० बजे उच्चतम विन्दु ४.१८ मिटर अर्थात् एक हजार ६ सय घनमिटर प्रतिसेकेन्ड बहाव पुगेको थियो। बाढीको असर धादिङस्थित बुढीगण्डकी दोभान (बेनीघाट)सम्म परेको थियो।

■ मृतक तथा बेपत्ता परिवारलाई तत्काल राहत र घाइतेको निःशुल्क उपचार गर्ने निर्णय

राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन परिषद्ले रसुवागढी बाढीबाट बेपत्ताको खोज-उद्धार कार्यलाई निरन्तरतासहित थप प्रभावकारी बनाउन सम्बन्धित निकायलाई निर्देशन दिएको छ। प्रधानमन्त्री एवं परिषद्का अध्यक्ष केपी ओलीको अध्यक्षतामा मंगलबार राति बसेको बैठकले घटनामा मृतक र बेपत्ता परिवारलाई तत्काल राहत उपलब्ध गराउने व्यवस्था गृह मन्त्रालयले मिलाउने र घाइतेको निःशुल्क उपचारको व्यवस्था स्वास्थ्य मन्त्रालयले गर्ने निर्णय पनि गरेको छ।

सडक पूर्वाधार सञ्चालनको व्यवस्था मिलाउन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देशन दिइएको छ भने चीनसँगका वैकल्पिक नाकाको सञ्चालनका लागि पनि आवश्यक तयारी गर्ने निर्णय भएको छ। मितेरी पुल र चीनतर्फको बाटो पुनः निर्माण गरी केरुङ नाका नियमित गर्न परराष्ट्र मन्त्रालयमार्फत चीनसँग समन्वय गर्ने निर्णय पनि भएको विपत् प्राधिकरणले जनाएको छ। त्यस्तै, क्षतिग्रस्त भन्सार, अध्यागमन, जलविद्युत् आयोजनाका पूर्वाधारको शीघ्र मर्मत गरी सञ्चालनको व्यवस्था मिलाउन सम्बन्धित मन्त्रालयलाई निर्देशन दिइएको छ भने व्यवसायीका कन्टेनर, सवारीसाधन र अन्य सामग्रीहरूको क्षतिको बिमालगायतका अन्य प्रक्रियामा सहजीकरणको व्यवस्था मिलाउन अर्थ मन्त्रालयलाई निर्देशन दिइएको छ।

मनसुनमा सरदरभन्दा बढी वर्षा हुने पूर्वानुमान आएकाले पूर्वतयारी तथा प्रतिकार्यका लागि सजग एवं तयार रहन बैठकले सम्बन्धित निकायलाई निर्देश गरेको छ। प्रधानमन्त्री ओलीसहित मन्त्रीहरूले मंगलबार नै बाढीबाट भएको धनजनको क्षतिको अवलोकन गरेका थिए। क्षतिग्रस्त क्षेत्रको स्थलगत अवलोकनबाट फर्किएलगत्तै राखिएको परिषद्को बैठकमा प्रधानमन्त्री ओलीले पूर्वानुमान र कल्पनाभन्दा बाहिरको अप्रत्याशित विपत् उत्पन्न भई क्षति भएको देखिएको बताए।

विद्या रोक्न...

पृष्ठ १ बाट क्रमशः

छन्। यही वेला एमाले नेताहरूकै जस्तै असन्तुष्टि कांग्रेस सभापति देउवाले पनि प्रकट गरेका छन्। भण्डारीलाई सक्रिय राजनीतिमा फर्काउन नहुने देउवाको मत छ।

प्रधानमन्त्रीनिवास बालुवाटारमा मंगलबार भएको ओलीसँगको भेटवार्तामा देउवाले भण्डारीको सक्रियताप्रति असन्तुष्टि व्यक्त गरेका हुन्। पूर्वराष्ट्रपतिले पुनः सक्रिय राजनीतिमा फर्किनु लोकतान्त्रिक गणतन्त्र र वर्तमान राजनीतिक प्रणालीका लागि हितकर नहुने देउवाको भनाइ थियो।

निकट विश्वासपात्र नेताहरू उपसभापति पूर्णबहादुर खड्का र गृहमन्त्री रमेश लेखकलाई साथमा राखेर देउवाले पूर्वराष्ट्रपति भण्डारीको पुनरागमनले एमालेको आन्तरिक राजनीति र देशकै राजनीतिक प्रणालीमाथि पार्ने नकारात्मक प्रभावबारे ओलीको धारणा बुझ्ने प्रयास गरेका हुन्। विश्वासपात्र नेताहरू महासचिव शंकर पोखरेल र प्रमुख राजनीतिक सल्लाहकार विष्णु रिमाललाई साथमै राखेर छलफल गरेका ओलीले देउवाको मतमा सहमति जनाएको स्रोतको भनाइ छ।

स्रोतका अनुसार ओलीले पार्टीभित्र संस्थागत निर्णय गरेरै भण्डारीको सक्रियतालाई लगाम लगाउन सकिने संकेत गरेका छन्। भण्डारीको घोषणालाई 'निजी इच्छा'को रूपमा लिँदै ओलीले पार्टीभित्र औपचारिक छलफल हुन बाँकी रहेको बताएका थिए।

छलफलमा सहभागी कांग्रेस एक नेताका अनुसार उनीहरूबिच कांग्रेस केन्द्रीय समिति बैठकले गरेको निर्णय, प्रधानमन्त्रीको स्पेन भ्रमण र प्राकृतिक विपत्तिले रसुवालगायत देशभर पुऱ्याएको क्षतिसहितका मुख्य तीन विषयमा केन्द्रित रहेर छलफल भएको थियो। भेटलगत्तै, सभापति देउवाले कांग्रेस बैठकले गरेको निर्णयको सार सुनाएका थिए।

उनले पार्टीभित्र सरकारको काम प्रभावकारी हुन नसकेको विषय उठे पनि अहिलेको गठबन्धनप्रति कांग्रेस प्रतिबद्ध रहने निर्णय भएको जानकारी गराएका थिए। उनले बाहिर जेजस्ता हल्ला चलाइए पनि आफू सातबुँदे सहमतिअनुसार बनेको गठबन्धनप्रति प्रतिबद्ध रहेको पनि बताएका थिए।

कांग्रेसका ती नेताका अनुसार भेटमा देउवाले भनेका थिए, 'विद्याजी फर्किएर एमालेभित्र दुई गुट बन्दा, फुट्दा वा कमजोर हुँदा प्रतिस्पर्धी भएकाले कांग्रेसलाई फाइदा त होला। तर, देशलाई फाइदा गर्दैन। नेपाली सेनाको परमसेनाधिपति भइसकेको व्यक्तिको व्यक्तित्व त इन्स्टिच्युसनल मेमोरी हुन्छ। राजनीतिभन्दा माथि देशको संरक्षक भएकैले राष्ट्रपतिको सम्पूर्ण सुरक्षाका लागि सेना खटाइएको हुन्छ। त्यस्तो इन्स्टिच्युसनल मेमोरी त कहिल्यै डिलिट हुँदैन। भोलि रामवरणजी या अहिलेका राष्ट्रपति रामचन्द्रजीले पनि रिटायर्ड भएपछि त्यस्तै इच्छा गरे के गर्ने ?'

सभापति देउवाले पूर्वराष्ट्रपति राजनीतिमा फर्किँदा लोकतान्त्रिक गणतन्त्रको अहिलेको राजनीतिक प्रणाली नै संकटमा पर्न सक्ने खतरा औँल्याउँदै ओलीको ध्यानाकर्षणसमेत गराए। 'पूर्वराष्ट्रपति राजनीतिमा फर्किँदा अहिलेको राजनीतिक प्रणालीप्रति अविश्वास पैदा हुन्छ, व्यवस्था कमजोर हुन्छ। त्यसकारण हामीले राजनीतिक प्रणालीलाई कमजोर हुन दिनु हुँदैन,' देउवाको भनाइ थियो।

जवाफमा प्रधानमन्त्री ओलीले पनि देउवाको भनाइमा सहमति जनाएको स्रोत बताउँछ। पूर्वराष्ट्रपति भण्डारीले राजनीतिमा फर्किने निर्णय व्यक्तिगत इच्छाको मात्र विषय भएकाले एमालेले संस्थागत निर्णय गरेर धारणा बनाउने ओलीले बताएका थिए। 'उहाँको निजी इच्छामाथि प्रश्न उठाइहाल्न मिलेन। राष्ट्रपति भइसकेको व्यक्तित्वको व्यक्तिगत निर्णयमाथि टिप्पणी गर्दै हिँड्ने कुरा पनि भएन। त्यसबारे पार्टीमा कुनै छलफल भएको पनि छैन, धारणा बनेको पनि छैन। पूर्वराष्ट्रपति राजनीतिमा मुछिनु भनेको अहिलेका राष्ट्रपति पनि मुछिनु हो,' ओलीको भनाइ थियो, 'तपाईंको जस्तै हाम्रो पनि प्रश्न हो, प्रणालीमाथि प्रश्न उठ्नुहुँदैन भन्ने एमालेको पनि चिन्ता हो। त्यसैले जसरी तपाईंहरूले सोच्नुभयो, त्यसैगरी, हामी(एमाले) पनि प्रणालीप्रतिको विश्वास र रक्षाको पक्षमा सोच्नेछौँ।' ओलीले आफ्नो स्पेन भ्रमणको उपलब्धिबारे पनि ब्रिफिङ गरेका थिए। छलफलमा कांग्रेस उपसभापति पूर्णबहादुर खड्काले पनि भण्डारीको कमब्याकप्रति असहमति राखेका थिए। कांग्रेस केन्द्रीय समिति बैठकमा महामन्त्री विश्वप्रकाश शर्मा, पूर्वउपसभापति विमलेन्द्र निधि, डा. गोविन्दराज पोखरेललगायतले भण्डारीको पुनरागमन प्रणालीकै लागि खतरा हुन सक्ने र कम्युनिस्टहरू फेरि मिल्न सक्नेप्रति नोटिस गर्नुपर्ने धारणा राखेका थिए। गत १४ असारमा मदन भण्डारीको जन्मजयन्तीका अवसरमा मदन भण्डारी फाउन्डेसनले आयोजना गरेको कार्यक्रममा पूर्वराष्ट्रपति भण्डारीले पार्टी राजनीतिमा फर्किएको घोषणा गरेकी थिइन्।

देउवाले प्रधानमन्त्री बन्ने सहमति अलपत्र पर्न सक्ने र ०७४ मा जस्तै कम्युनिस्ट मिल्न सक्ने भयले विरोध प्रकट गरको र ओलीले पनि आफू विस्थापित हुन सक्ने भयकै कारण दुवैले एकैठाउँबाट विरोधको सन्देश दिएको हुन सक्ने राजनीतिक विश्लेषक कृष्ण पोखरेलले बताए।

रेमिट्यान्सको बाढी...

पृष्ठ १ बाट क्रमशः

०८२ जेठ महिनाको रेमिट्यान्स आप्रवाह एक खर्ब ७६ अर्ब ३२ करोड रुपैयाँ छ। अघिल्लो वर्षको सोही महिनामा यस्तो आप्रवाह एक खर्ब २८ अर्ब ९१ करोड थियो।

रेमिट्यान्स बढे पनि अर्थतन्त्र भने चलायमान भएको छैन। गतिलो वित्त नीतिको अभाव हुँदा अर्थतन्त्र चलायमान हुन नसकेको नेपाल राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक नरबहादुर थापा बताउँछन्। 'सरकारले बजेट त ल्याउँछ, तर गतिलो वित्त नीति ल्याउन सकेको छैन। जसको कारण पुँजीगत खर्च बढ्न सकेको छैन। सरकारलाई रेमिट्यान्सकै मात लागिरहेको छ,' उनले भने, 'सरकारले सार्वजनिक वित्त सन्तुलनमा ल्याउन वैकल्पिक वित्त कोषको व्यवस्था गर्ने भनेको छ। तर, यसलाई कार्यान्वयनमा ल्याउन अझै सकिरहेको छैन। रेमिट्यान्स बनमारा जसरी फैलिरहेको छ। वित्तनीति गतिलो नहुँदासम्म अर्थतन्त्र चलायमान हुने देखिन्न।'

०८१ जेठ मसान्तमा केन्द्रीय बैंकमा रहेका सरकारका विभिन्न खातामा दुई खर्ब ५१ अर्ब ५५ करोड (प्रदेश सरकार तथा स्थानीय सरकारको खातामा रहेको रकमसमेत) नगद मौज्दात छ। ०८० असार मसान्तमा यस्तो मौज्दात ६५ अर्ब ३६ करोड थियो। तर, सरकारी खातामा रहेको पैसा अर्थतन्त्रमा इन्जेक्ट हुन नसक्दा औचित्यपूर्ण नदेखिएको पूर्वकार्यकारी निर्देशक थापाको भनाइ छ।

आर्थिक गतिविधि चलायमान हुन नसकेको विषयलाई कर्जा प्रवाहको तथ्यले पुष्टि गरेको छ। चालू आवको ११ महिनामा बैंक तथा वित्तीय संस्थाहरूमा रहेको निक्षेप पाँच खर्ब १७ अर्ब ६० करोड (८.० प्रतिशत) ले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो निक्षेप पाँच खर्ब १४ अर्ब ५७ करोड (९.० प्रतिशत) ले बढेको थियो। वार्षिक विन्दुगत आधारमा ०८२ जेठ मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूमा रहेको निक्षेप १२ प्रतिशतले बढेको छ। निक्षेप वृद्धिदर दोहोरो अंकको भए पनि कर्जा प्रवाह सुस्त छ।

बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रमा प्रवाहित कर्जा चार खर्ब सात अर्ब ६२ करोड (८.० प्रतिशत) ले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा दुई खर्ब ४६ अर्ब ८० करोड (५.१ प्रतिशत) ले बढेको थियो। वार्षिक विन्दुगत आधारमा ०८२ जेठ मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ८.७ प्रतिशतले बढेको छ। कर्जा प्रवाह बढे पनि निक्षेप संकलनको तुलनामा सुस्त देखिएको हो।

चार वर्षयताकै कम मूल्यवृद्धिदर

अर्थतन्त्र सुस्त हुँदा चार वर्षयताकै कम मूल्यवृद्धिदर (मुद्रास्फीति) कायम भएको नेपाल राष्ट्र बैंकको तथ्यांकले देखाएको छ। चालू आव ०८१/८२ को जेठमा मुद्रास्फीति २.७२ प्रतिशत कायम भएको छ। आर्थिक वर्ष ०७७/७८ को माघ महिनामा मुद्रास्फीति २.७० प्रतिशत थियो। त्यसयता सोही दरभन्दा उच्च रहेको मुद्रास्फीति जेठ महिनामा खुम्चिएको हो। अघिल्लो वर्ष ०८०/८१ को सोही महिनामा यस्तो मुद्रास्फीति ४.१७ प्रतिशत रहेको थियो। जेठमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ०.५४ प्रतिशत र गैरखाद्य तथा सेवा समूहको मुद्रास्फीति ३.९४ प्रतिशत छ। अघिल्लो वर्षको सोही अवधिमा यी समूहहरूको मुद्रास्फीति क्रमशः ५.८५ प्रतिशत र ३.०७ प्रतिशत रहेको थियो।

सरकार र आन्दोलनरत चिकित्सकबिच तीनबुँदे सहमति, आजदेखि अस्पताल खुल्ने

उपभोक्ता संरक्षण ऐनमा नीतिगत तथा कानुनी सुधारका लागि आवश्यक संशोधनलगायत विषयमा सात दिनभित्र प्रतिवेदन दिन कार्यदल गठन



● **डा. अनिलविक्रम कार्की,** अध्यक्ष, नेपाल चिकित्सक संघ

सहमतिअनुसार बुधबारदेखि अस्पतालको सबैखाले सेवा नियमित गर्छौं । सरकारले मिति तोकेरै ऐन संशोधनको प्रक्रिया अघि बढाउने भएपछि हामी सहमतिमा पुगेका हौं ।

शिवहरि घिमिरे/नयाँ पत्रिका

दुई दिनदेखि आन्दोलनमा उत्रिएका चिकित्सक र सरकारबिच तीनबुँदे सहमति भएको छ । सहमतिसँगै बुधबारदेखि ओपिडी सेवा सुचारु भएको छ । ओपिडी सेवा बन्द गरेर आन्दोलनमा केन्द्रित चिकित्सक र सरकारबिच मंगलबार राति उपभोक्ता संरक्षण ऐनमा नीतिगत तथा कानुनी सुधारका लागि आवश्यक संशोधनलगायतका विषयमा सात दिनभित्र प्रतिवेदन दिन कार्यदल गठन गर्ने सहमति भएको हो ।

जसअनुसार सात दिनभित्र उपभोक्ता संरक्षण ऐन संशोधनका लागि प्रतिवेदन तयार पार्ने र ११ दिनभित्र पेस गर्ने निर्णय भएको नेपाल चिकित्सक संघका अध्यक्ष डा. अनिलविक्रम कार्कीले बताए । 'सहमतिअनुसार बुधबारदेखि अस्पतालका सबैखाले सेवा सुचारु गर्छौं,' उनले भने, 'सरकारले मिति तोकेरै ऐन संशोधनको प्रक्रिया अघि बढाउने भएपछि सहमतिमा पुगेका हौं ।'

चिकित्सक संघको नेतृत्वमा भइरहेको आन्दोलन र मागबारे छलफल गर्न मंगलबार स्वास्थ्य मन्त्रालयमा सरोकारवाला निकायका बैठक बसेको थियो । बैठकमा स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेल, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारी, कानुनमन्त्री अजयकुमार चौरसिया सहभागी थिए । चिकित्सक संघका अध्यक्ष अनिलविक्रम कार्की, स्वास्थ्यसचिव विकास देवकोटालगायत पनि बैठकमा सहभागी थिए ।

कार्यदल संयोजकमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका आपूर्ति व्यवस्था तथा उपभोक्ता हित संरक्षण महाशाखा प्रमुख तथा सदस्यमा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय र स्वास्थ्य मन्त्रालयका सहसचिव रहनेछन् । कार्यदलले तयार पारेको मस्यौदा तीनजना मन्त्रीहरू सम्मिलित वार्ता टोलीमा पेस गरिनेछ । र, 'उपभोक्ता संरक्षण ऐन, २०७५' लगायत विद्यमान कानुनी तथा नीतिगत व्यवस्थाको आवश्यक संशोधनका लागि ११ दिनभित्र नेपाल सरकार मन्त्रिपरिषद्बाट सम्बन्धित मन्त्रालयले सैद्धान्तिक सहमति लिने र फास्ट ट्र्याकबाट कानुन संशोधनका लागि यथाशीघ्र प्रक्रिया अगाडि बढाउने सहमति भएको छ ।



बिरामीको उपचार छाडेर मंगलबार माइतीघर मण्डलामा प्रदर्शनमा उत्रिएका चिकित्सकहरू । **तस्बिर : दिपेन्द्र ढुंगाना/नयाँ पत्रिका**

■ यस्तो छ तीनबुँदे सहमति

१. विभिन्न माग राखी आन्दोलनरत नेपाल चिकित्सक संघ तथा विभिन्न संघसंस्था एवं सरोकारवालाहरूका मागहरूको यथोचित सम्बोधन गर्न विद्यमान कानुनी एवं नीतिगत व्यवस्थामा आवश्यक संशोधनलगायतका विषयमा सात दिनभित्र सुझावसहितको प्रतिवेदन पेस गर्ने गरी तपसिलबमोजिमको कार्यदल गठन गर्ने । जसमा संयोजक- महाशाखा प्रमुख, आपूर्ति व्यवस्था तथा उपभोक्ता हित संरक्षण महाशाखा, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सदस्य-सहसचिवस्तर प्रतिनिधि, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, सदस्य- सहसचिवस्तर प्रतिनिधि, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ।

२. कार्यदलबाट प्राप्त प्रतिवेदन तीनैजना माननीय मन्त्रीज्यूहरू र नेपाल चिकित्सक संघलगायतका सरोकारवाला पक्षहरू सम्मिलित यसै वार्ता टोलीमा पेस गरी सोहीअनुसार कार्यान्वयन गर्ने, 'उपभोक्ता संरक्षण ऐन, २०७५' लगायतका विद्यमान कानुनी तथा नीतिगत व्यवस्थाको आवश्यक संशोधनका लागि ११ दिनभित्र नेपाल सरकार मन्त्रिपरिषद्बाट सम्बन्धित मन्त्रालयले सैद्धान्तिक सहमति लिने र फास्ट ट्र्याकबाट कानुन संशोधनका लागि यथाशीघ्र प्रक्रिया अगाडि बढाउने ।

३. नेपाल चिकित्सक संघलगायतका सरोकारवाला संघसंस्थाहरूले सबै किसिमका आन्दोलनहरू आजैका मितिदेखि स्थगन गरी नियमित सेवा सुचारु गर्ने ।

■ मंगलबार पनि मारमा बिरामी

उपभोक्ता अदालतको फैसलाविरुद्ध चिकित्सकहरूले मंगलबार पनि अस्पताल ठप्प पारेका छन् । सोमबार अस्पतालको ओपिडी सेवा बन्द गरेका चिकित्सकहरू मंगलबार ओपिडी बन्दसँगै माइतीघरमा प्रदर्शनमा उत्रिए । सोमबार नख्खुस्थित मेडिसिटीलगायत विभिन्न निजी अस्पतालका चिकित्सकहरू आन्दोलनमा उत्रिएका थिए । संघीय अस्पतालमा उपचारका लागि आएका बिरामीहरू ओपिडी सेवा ठप्प भएपछि बिचल्लीमा परे । वीर अस्पताल, त्रिवि शिक्षण अस्पताल, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, ट्रमा सेन्टरलगायत अस्पतालमा उपचारका लागि आएका बिरामी अलपत्र परे ।

कतिपय बिरामी अस्पतालबाहिरसमेत कुरिरहे । तर, टिकट काउन्टरसमेत बन्द भएपछि फर्किन बाध्य भएका थिए । मंगलबार पनि चिकित्सकहरू हाजिर गरेर फर्किएका थिए । चिकित्सकहरू आन्दोलनमा हिँडेपछि बिरामीहरू बिचल्लीमा परेका हुन् ।

उपभोक्ता अदालतको फैसलाको विषयलाई लिएर नेपाल चिकित्सक संघले सोमबारदेखि देशभरका निजी र सरकारी स्वास्थ्य संस्थाको ओपिडी सेवा बन्दको आह्वान गरेको थियो । सरकारसँग वार्ता नहुँदा मंगलबार पनि चिकित्सकहरूले ओपिडी सेवा ठप्प पारेका थिए । चैतमा गठन भएको उपभोक्ता अदालतले २९ जेठ र ५ असारमा फैसला गर्दै ग्रान्डी सिटी क्लिनिक, ओम अस्पताल र हिमाल हस्पिटलमा कार्यरत चिकित्सकलाई जरिवाना तिराउने गरी फैसला गरेको थियो । त्यसपछि निजी र सरकारी स्वास्थ्य संस्थामा कार्यरत चिकित्सकहरू विरोधमा उत्रिएका थिए ।

दुई दिनदेखि उपचार सेवा ठप्प हुँदा वीरमा उपचार गराउन आएका करिब चार हजार बिरामी समस्यामा परे । यस्तै, त्रिवि शिक्षण अस्पतालमा दुई हजार बिरामी उपचार लिनबाट वञ्चित भए । पाटन अस्पतालमा दुई दिनमा तीन हजार बिरामीले उपचार सेवा लिन पाएनन् । यद्यपि, इमर्जेन्सी सेवा सञ्चालन भए पनि चिकित्सकहरू आन्दोलनमा हुँदा इमर्जेन्सीमा बिरामीको रेखदेखमा जनशक्ति अपुग भएको थियो ।

अदालतले चिकित्सक तथा अस्पतालमाथि नियोजित रूपमा फैसला गरेको आरोप चिकित्सकहरूले लगाउँदै आएका छन् । चिकित्सक संघको अगुवाइमा भएको आन्दोलनमा स्वास्थ्यसँग सम्बन्धित अन्य नौवटा संघसंस्थाले समेत समर्थन गरेका थिए । चिकित्सक संघका अध्यक्ष कार्कीले कानुन संशोधन नै आन्दोलनको बटमलाइन भएको र त्यसैमा सहमति जुटेको बताए । उपभोक्ता अदालतले भने अदालतको आदेशलाई चिकित्सकहरूले हलुका र प्रतिशोधका रूपमा लिन नहुने बताउँदै आएको छ । अदालतका प्रेस्तेदार शोभाकर खरेलले चिकित्सकहरूको आन्दोलनले बिरामी मारमा परेको बताउँदै अन्य कानुनी ढोकाहरू पनि चिकित्सकका लागि खुला रहेको बताए । उपभोक्ता अधिकारकर्मीले पनि अदालतको फैसला मान्दैनौं भनेर भन्नु कानुनसंगत नभएको बताउँदै आएका छन् ।

उपभोक्ता अदालतले हिमाललाई एक करोड ४५ लाख र ओम अस्पताललाई ५६ लाख क्षतिपूर्ति भराउन आदेश दिएको थियो । उपचारमा लापरबाहीका कारण २८ महिने बालिकाको मृत्यु भएको ठहर गर्दै ज्ञानेश्वरस्थित हिमाल अस्पताल र चिकित्सक डा. जगदेव यादवलाई एक करोड ४५ लाख ४४ हजार एक सय रुपैयाँ क्षतिपूर्ति भराउन आदेश दिएको हो ।

डेढ अर्बको हुन्डी र क्रिप्टो कारोबारमा संलग्न दुई भारतीय पक्राउ

नयाँ पत्रिका

डेढ अर्ब रुपैयाँबराबरको हुन्डी तथा अभौतिक मुद्रा (क्रिप्टो करेन्सी)को कारोबारमा संलग्न रहेको अभियोगमा दुईजना भारतीय नागरिकलाई प्रहरीले सोमबार पक्राउ गरेको छ । पक्राउ पर्नेमा ललितपुर महानगरपालिका- २ सानेपा बस्ने भारत बिहार मोतिहारी घर भएका ४३ वर्षीय रूपेशकुमार गुप्ता र भारत बिहार पूर्वी चम्पारन बिजबानी घर भएका २२ वर्षीय विपिन कुमार छन् ।



सानेपा कालोपुलमा हुन्डी तथा अभौतिक मुद्राको कारोबार गरिरहेको भन्ने सूचनाका आधारमा केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)बाट खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो । उनीहरूले राजतीर्थ ट्रेडर्स नाम गरेको किराना पसलको आवरणमा हुन्डी तथा अभौतिक मुद्राको कारोबार गरेको सिआइबीका प्रवक्ता एसपी युवराज खड्काले बताए । साथै, प्रहरीले उनीहरूको साथबाट ७४ ग्राम तौलको संरक्षित वन्यजन्तु कस्तुरीको विना (अखेटोपहार)जस्तो देखिने वस्तु एउटा, आठ लाख २० हजार नेपाली रुपैयाँ, १० हजार भारु र पाँचवटा मोबाइलसमेत बरामद गरेको छ ।

लामो समयदेखि नेपालमा बस्दै आएका उनीहरू विभिन्न किमिसका आर्थिक अपराधमा संलग्न रहेको प्रारम्भिक छानबिनमा खुलेको छ । खासगरी हुन्डीको कारोबारमा संलग्न उनीहरू पछिल्लो समय कारोबार मिलाउन क्रिप्टो कारोबारमा पनि संलग्न भएका हुन् । उनीहरूउपर अभौतिक मुद्राको प्रयोग गर्न नहुने, हुन्डीसम्बन्धी कारोबार गर्न नहुने कसुर र वन्यजन्तुसम्बन्धी कसुरमा अनुसन्धान अघि बढाइएको सिआइबीका एसपी खड्काले बताए ।

■ डेढ करोड रुपैयाँसहित चिनियाँ समातिए



स्रोत नखुलेको करिब डेढ करोड नेपाली रुपैयाँसहित एक चिनियाँ पक्राउ परेका छन् । काठमाडौं महानगरपालिका- ६ बौद्ध नयाँबस्तीबाट स्रोत नखुलेको नगद एक करोड ४४ लाख रुपैयाँसहित काठमाडौं स्वयम्भू बस्ने चिनियाँ नागरिक ४० वर्षीय वाङ जियानलाई सोमबार राति प्रहरीले पक्राउ गरेको हो । जिल्ला प्रहरी परिसर काठमाडौं र प्रहरी वृत्त बौद्धबाट खटिएको प्रहरीले उनलाई बौद्धस्थित एक घरबाट नगदसहित पक्राउ गरेको एसपी अपिलराज बोहराले बताए । हुन्डीलगायत आपराधिक गतिविधिबाट उनले सो रकम आर्जन गरेको प्रहरी आशंका छ । पर्यटक भिसामा नेपाल बस्दै आएका ती चिनियाँ नागरिकको अन्य अपराधबारे विस्तृत अनुसन्धान थालिएको एसपी बोहराले बताए ।

संक्षेप

सर्वोच्चमा नवनियुक्त तीनै न्यायाधीशलाई तीन संयुक्त इजलास

काठमाडौं/ नवनियुक्त तीन न्यायाधीशले सर्वोच्च अदालतमा कार्यभार सम्हालेका छन् । न्यायाधीशहरू मेघराज पोखरेल, श्रीकान्त पौडेल र शान्ति सिंह थापाले प्रधानन्यायाधीशसामु शपथ लिई तोकिएको इजलासबाट मंगलबार न्याय सम्पादन गरेका हुन् । संसदीय सुनुवाइ समितिले अनुमोदन गरेपछि तीनैजनालाई सोमबार राष्ट्रपतिले न्यायाधीश पदमा नियुक्त गरेका थिए । मंगलबार पद तथा गोपनीयताको शपथ लिएपछि उनीहरूले गोलाप्रथामा भाग लिए र अन्य न्यायाधीशसँग तीनवटा संयुक्त इजलासमा बसी फैसला तथा आदेश गरे । मनोजकुमार शर्मा र पौडेलको इजलासमा २४ मुद्दा पेसी तोकिएकोमा ६ वटामा फैसला भएको छ भने दुईवटा स्थगितमा परेका थिए । नवनियुक्त न्यायाधीश थापा र कुमार चुडालको इजलासले पेसी तोकिएको ३० मध्ये एउटामा मात्र फैसला गरेको छ । यो इजलासमा २३ वटा हेर्न नभ्याइनेमा परेको थियो भने ६ वटा हेर्न नमिल्नेमा परेको थियो । न्यायाधीश विनोद शर्मा र पोखरेलले इजलास नं. ८ मा मुद्दा हेरेका थिए । २८ मुद्दामध्ये एउटामा फैसला गरेका थिए भने चारवटा मुद्दा हेर्न नमिल्ने तथा २१ वटा हेर्न नभ्याइनेमा परेका छन् । इजलासले दुईवटा मुद्दामा आदेश गरेको छ ।

वाम-समाजवादी १४ दलले रत्नपार्कमा प्रदर्शन गर्ने

काठमाडौं/ माओवादीसहित १४ वाम-समाजवादी दलले रत्नपार्कमा प्रदर्शन गर्ने भएका छन् । इजरायलले प्यालेस्टाइनमाथि गरेको आक्रमणको विरोधमा आगामी शुक्रबार प्रदर्शन गर्ने तय भएको छ । माओवादी, एकीकृत समाजवादी, नेपाल कम्युनिस्ट पार्टी, मसाल, क्रान्तिकारी कम्युनिस्ट पार्टी, वैचारिक समाजवादी कम्युनिस्ट पार्टी, नेकपा, नेकपा बहुमत, जसपा, नेसपा नेपाल, नेसपा, राष्ट्रिय जनमोर्चा, देशभक्त समाजवादी स्कुल र राजनीतिक संवाद अभियानले संयुक्त रूपमा प्रदर्शन गर्न लागेका हुन् । रत्नपार्कमा प्रदर्शनपछि प्रदर्शनीमार्गमा विरोध सभा हुनेछ । सभालाई शीर्ष नेताहरूले सम्बोधन गर्ने माओवादी महासचिव देव गुरुङले जानकारी दिए । 'शुक्रबार दिउँसो साढे १ बजे शान्तिवाटिका रत्नपार्कबाट सुरु हुने जुलुस प्रदर्शन प्रदर्शनीमार्गमा पुगेर विरोध सभामा परिणत हुन्छ । विरोध सभालाई शीर्ष नेताहरूले सम्बोधन गर्नुहुन्छ,' उनले भने । पश्चिम एसियामा साम्राज्यवादी आक्रमण भएकाले विरोध गर्नुपरेको ती दलहरूको दाबी छ ।

देवरले गरे भाउजूको हत्या

विराटनगर/ अंशको झगडामा बौद्धिक अपांगता भएकी भाउजूको हत्या गरेर फरार भएका देवर दुई दिनपछि पक्राउ परेका छन् । मोरङको रतुवामाई नगरपालिका- ६ का ६९ वर्षीय टंकबहादुर बस्नेतले अंशसम्बन्धी रिसइबीका कारण बोल्न नसक्ने भाउजू ६० वर्षीया टीकामाया कार्की बस्नेतको हत्या गरेका हुन् । अंशको झगडामा रिस थाम्न नसकेपछि धारिलो हँसिया प्रहार गरेर टंकबहादुरले २१ असारमा भाउजू टीकामायाको हत्या गरेका थिए । टीकामायाको शव मकैबारीमा फेला परेको थियो । अनुसन्धानपछि भाउजूको हत्या देवर टंकबहादुरले हँसिया प्रहार गरेर गरेको खुलेपछि इलाका प्रहरी सिँजुवाले सोमबार उनलाई घरबाटै पक्राउ गरेको मोरङ प्रहरीले जनाएको छ । हाल उनलाई मोरङ जिल्ला अदालतबाट म्याद थप गरी कर्तव्य ज्यान मुद्दामा थप अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय सिजुवाले जनाएको छ ।

मधेश प्रदेश सभाको बैठक फेरि पनि अवरुद्ध

जनकपुरधाम/ आगामी आर्थिक वर्ष ०८२/८३ को बजेटमाथि छलफल गर्न मंगलबार आह्वान गरिएको प्रदेश सभा बैठक पनि अवरुद्ध भएको छ । विपक्षी दलहरूले बजेटमा प्रश्न उठाउन थालेपछि सदनको बैठक लगातार तेस्रो दिन अवरुद्ध भएको हो । प्रदेश सभाको बैठक बुधबारसम्मका लागि स्थगित गरिएको छ । विपक्षी दलले बजेटमा बिचौलिया हाबी भएको भन्दै बजेट पुनर्लेखनको माग गर्दै आएका छन् । प्रदेश सरकारले बजेट ल्याएको २४ दिन भइसक्दा पनि प्रदेश सभामा नियमित छलफल हुन सकेको छैन । ११ असारमा एक दिन बजेटमाथि छलफल भएको थियो । त्यसयता रोकिएको छ । विपक्षीको अवरोध कायमै रहे ३० असारभित्र बजेट पास हुन सक्ने सम्भावना कम छ । सरकारले १ असारमा ४६ अर्ब ९८ करोडको बजेट बजेट ल्याएको थियो ।

■ कुलिङ पिरियडमा गडबडी : विशेष छानबिन समितिले काम थाल्यो

कार्यविधिको मस्यौदा तयार, सदस्यले मागे सभापतिको राजीनामा

नयाँ पत्रिका

संघीय निजामती सेवा विधेयकको प्रतिवेदनमा त्रुटि भएको भन्ने सम्बन्धमा अध्ययन तथा छानबिन विशेष समितिले आफ्नो काम थालेको छ । मंगलबार पहिलो बैठक बसेर आफ्नो कार्यविधिसमेत तयार पारेको छ ।

संघीय निजामती विधेयकको कुलिङ अफ पिरियड निष्प्रभावी हुनेगरी राज्य व्यवस्था समितिको प्रतिवेदनमा छेडखानी भएको भन्दै प्रतिनिधिसभाले सोमबार गठन गरेको विशेष समितिको मंगलबार दुईपटक बसेको बैठकले आफ्नो कार्यविधि तयार पारेको हो । कार्यविधिको मस्यौदा अध्ययनका लागि सदस्यलाई दिइएको छ । सदस्यहरूले अध्ययन गरेर सुझाव दिएपछि आवश्यक परिमार्जनसहित बुधबार दिउँसो २ बजे बस्ने बैठकले कार्यविधि टुंग्याउने संयोजक जीवन परियारले जानकारी दिए ।

एनका अनुसार कार्यविधिमा राज्य व्यवस्था समितिका पदाधिकारी सदस्य, कानुन मन्त्रालयको प्रतिनिधित्व गर्ने सचिव, संघीय मामिला मन्त्रालयबाट प्रतिनिधित्व गर्ने मन्त्री र सचिवहरूसँग सोधपुछ गर्ने, अन्तरक्रिया गर्ने भन्ने लगायका विषय समावेश गरिएको छ । आवश्यकताअनुसार अन्य सरोकारवालासँग पनि अन्तरक्रिया गर्ने कार्यविधि छ । बुधबारै समितिको कार्यादेशअनुसार कार्यतालिका पनि बनाइने परियारले बताए ।



'कार्यविधि पास भएपछि कार्यतालिका बनाउँछौं । कुन कुन मितिमा के के गर्ने भनेर कार्यतालिका बनाएर अगाडि बढ्छौं । २१ दिनको समयसीमाभित्र सबै कार्यसम्पादन टुंग्याउँछौं,' उनले भने । विशेष समितिको मंगलबार बिहान बसेको पहिलो बैठकमा सदस्यद्वय माधव सापकोटा र गणेश पराजुलीले सभापति रामहरि खतिवडाले राजीनामा दिनुपर्ने माग गरेका थिए । सभामुख देवराज घिमिरेले समिति संयोजक परियारमाथि स्वार्थको द्वन्द्वको प्रश्न उठेको भन्दै कार्यादेशअनुसार निष्पक्ष काम गर्न निर्देशन दिएका थिए ।

समिति सदस्य सापकोटाले पहिलोपटक सांसदले सांसदलाई छानबिन गर्नुपर्ने स्थिति रहेको भन्दै कार्यविधि बनाउन समय लागेको बताए । उनले समितिको संयोजक भनिएको भन्दै सभापति भन्नुपर्ने बताए । 'संयोजक होइन, सभापति भन्दिए हुन्थ्यो । नियमावली हेर्दा पनि सभापति नै परिकल्पना गरेको छ । सभामुखलाई भनेर सभापति नै कायम गरी कार्यविधि टुंग्याउने कुरा छ,' उनले भने । कार्यविधि टुंगिएपछि राज्य व्यवस्था समिति र अन्य ठाउँबाट कागजपत्र झिकाएर छानबिन प्रारम्भ गरिने उनको भनाइ छ । प्रतिनिधिसभाले १५ असारमा राज्य व्यवस्था समितिको प्रतिवेदनसहित पारित गरेको संघीय निजामती विधेयकको दफा ८२ (४) मा सबै संवैधानिक र सरकारी नियुक्तिमा दुई वर्ष कुलिङ पिरियड लागु हुने उल्लेख छ ।

झाँक्रीलाई स्पष्टीकरण बुझाउन सात दिनको समय

काठमाडौं/ एकीकृत समाजवादीले स्थायी समिति सदस्य रामकुमारी झाँक्रीलाई स्पष्टीकरण बुझाउन सात दिनको समय दिएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अध्यक्ष माधवकुमार नेपालमाथि भ्रष्टाचार मुद्दा दर्ता गरेपछि झाँक्रीले पार्टी पुनर्गठन गर्नुपर्ने र सिनो बोकेर हिँड्न नसकिने अभिव्यक्ति दिएकी थिइन् । गत १४ असारमा युवा संघको कार्यक्रममा अध्यक्षलक्षित अभिव्यक्ति दिएपछि उनलाई पार्टीको अनुशासन आयोगले तीनदिने स्पष्टीकरण सोधेको थियो । एक नेताका अनुसार झाँक्रीले स्पष्टीकरण बुझाएकी छैनन् । बरु उनले सचिवालयमा आफ्ना कुरा राख्न पाउनुपर्ने माग गरेकी थिइन् । स्पष्टीकरण नबुझाएपछि आयोगले झाँक्रीलाई कारबाही गर्न पार्टीलाई सिफारिस गरेको थियो । एकपटक मौका दिने भन्दै सचिवालय बैठकले सात दिनको समय दिएको हो ।



'उहाँको अभिव्यक्तिले पार्टीलाई आघात पुगेको निष्कर्ष निकाल्दै आत्मालोचना गर्न र भोलि गल्ती नदोहोऱ्याउने गरी लिखित स्पष्टीकरण दिन सात दिनेको समय दिने सर्वसम्मत निर्णय भएको छ,' मंगलबार सम्पन्न बैठकपछि उपाध्यक्ष एवं प्रचार विभाग प्रमुख प्रकाश ज्वालाले भने । अर्का एक पदाधिकारीका अनुसार सचिवालय बैठकमा वरिष्ठ उपाध्यक्ष राजेन्द्र पाण्डे, उपाध्यक्ष जगन्नाथ खतिवडालगायतले झाँक्रीलाई कारबाही गर्नुपर्ने बताएका थिए भने सम्मानित नेता झलनाथ खनाल, वरिष्ठ नेता घनेन्द्र बस्नेत, महासचिव घनश्याम भुसाललगायत नेताले कारबाही गर्न नहुने बताएका थिए । अन्य नेताहरूले मध्यमार्गी धारणा राखेका थिए ।

■ दमक भ्युटावरलाई दान दिएको जग्गा फिर्ता प्रकरण

तमसुकमा हस्ताक्षर गर्ने वडाध्यक्षले गरे ढाकछोप प्रयास

झापामा **चिरञ्जीवी घिमिरे**

झापामा भ्युटावर बनाउन दानमा दिएको जग्गा दाताले फिर्ता मागेको प्रकरणमा आलोचना भएपछि दमक नगरपालिका- ३ का वडाध्यक्ष नवीन बरालले ढाकछोपको प्रयास गरेका छन् । भ्युटावरले 'माँ पञ्चकन्या हाउजिङ प्राली'ले दान दिएको चार बिघा १८ कट्ठा साढे सात धुरमध्ये दुई बिघा जग्गा फिर्ता मागेको थियो । जसमध्ये दमक नगरपालिकाले स्थानीय उपभोक्ताबाट उठाएर १५ कट्ठा जग्गा फिर्ता दिइसकेको छ । बाँकी एक बिघा पाँच कट्ठा जग्गा फिर्ता गर्ने भनेर ३१ जेठ ०७५ मा वडाध्यक्ष बरालसहित तत्कालीन नगर प्रमुख रोमनाथ ओली र उपप्रमुख गीता अधिकारीले तमसुक गरिदिएका थिए ।

नयाँ पत्रिका दैनिकले २० असारमा 'दमक भ्युटावरलाई दान दिएको जग्गा नौ वर्षपछि फिर्ता माग्दै हाउजिङ कम्पनी' शीर्षकमा समाचार प्रकाशन गरेको थियो । उक्त समाचारको खण्डन गर्न वडाध्यक्ष बरालले मंगलबार पत्रकार सम्मेलन आयोजना गरी ढाकछोपको प्रयास गरेका छन् । उनले कागजमा भएको त्रुटिलाई स्वीकार गर्नुको सट्टा ढाकछोपको प्रयास गरेका हुन् । बरालले माँ पञ्चकन्या हाउजिङका सञ्चालकलाई समेत सहभागी गराएर पत्रकार सम्मेलन गरेका थिए । कार्यक्रममा कागजमा हस्ताक्षर गर्ने पूर्वनगर प्रमुख रोमनाथ ओली पनि सहभागी थिए ।

वडाध्यक्ष बरालले १५ कट्ठा जग्गा स्थानीयबाट उठाएर दिइसकेको र बाँकी रहेको एक बिघा पाँच कट्ठा जग्गा उपभोक्ताबाटै दिने बताए । उनले जग्गा नउठे पनि उपभोक्ताबाटै चलनचल्तीको मूल्य उठाएर दिने गरी कागज गरेको दाबी गरे । उनले तमसुकमा शब्द नपुगेको दाबीसमेत गरे । 'त्यो कागजमा शब्द पुगेन होला, त्यो आफ्नो ठाउँमा छ । अरू कागज हेर्ने हो भने हामीले जिम्मेवारपूर्वक तपाईंहरू (माँ पञ्चकन्या हाउजिङ)लाई सहयोग गर्छौं भनेका छौं,' उनले भने, 'हामीले त सहयोग गर्ने हो नि ! पालिकाले त जग्गा दिनै सक्दैन । हामीले जग्गा वा चलनचल्तीको मूल्य दिन्छौं भनेर कागज नै गरेको छैन ।'



वडाध्यक्ष नवीन बरालले गरेको पत्रकार सम्मेलन ।

यद्यपि, तत्कालीन नगर प्रमुख ओली, उपप्रमुख अधिकारी, वडाध्यक्ष बरालले हस्ताक्षर गरेको र तत्कालीन प्रमुख प्रशासकीय अधिकृत गणेश तिम्सिना रोहवरमा बसेको कागजमा उक्त दुई बिघा जग्गा सापटी लिएको र स्थानीयले जग्गा नदिएमा नगरपालिकाले चलनचल्तीको मूल्य दिने प्रस्ट लेखिएको छ । कागजमा भनिएको छ, '...स्थानीय उपभोक्ताबाट आजको मितिले ६ महिनाभित्र श्री माँ पञ्चकन्या हाउजिङ प्रालिलाई उपलब्ध गराउनेछौं । साथै, समय अवधिभित्र पुऱ्याउन नसके हामी दमक नपाका मेयर, उपमेयर, वडाध्यक्ष साथै कर्मचारी अधिकृत जिम्मेवार रहनेछौं र उक्त जग्गाको चलन मूल्यमा मूल्यांकन गरी सम्बन्धित श्री माँ पञ्चकन्या हाउजिङ प्रालिलाई बुझाउनेछौं ।'

वडाध्यक्ष बरालले दुई बिघा जमिन स्थानीय उपभोक्ताले दिने दाबी गरे । 'भ्युटावरका लागि पाँच बिघा जमिन चाहिने माग भएको नत्र भ्युटावर निर्माण हुन नसक्ने अवस्था भएकाले तत्काल भ्युटावरको जग्गा व्यवस्थापन समितिले वडा समितिको रोहवरमा हालको ठुल्ठुला जग्गा कम्पनीको मालिकले दुई बिघा जमिन थप गरिदिने र पछि अन्य दाताहरूले आफूले कबोल गरेबमोजिम अनुपातिक रूपमा दुई बिघा जमिन कम्पनीलाई पास गरिदिने सहमतिको कागज सहीछाप भएको थियो,' उनले भने, 'स्थानीयहरू जग्गा दिन तयार हुनुहुन्छ । तर, ल्यान्डपुलिङ नहुँदा र कोरोना महामारीका कारणले त्यो काम रोकिएको छ ।' उनले स्थानीयले गरिदिएको कागजात ०७४ मै नगरपालिकालाई बुझाएको भए पनि हराएको बताए । अहिले आफूसँग भएको कागजात नगरपालिकालाई दिएको उनको भनाइ छ । पछिल्लो समय नयाँ नगर प्रमुख र उपप्रमुख निर्वाचित भएर आएका कारण पनि बुझाइमा कमी हुँदा जग्गा फिर्ता दिने पहल अघि बढ्न नसकेको बताए । उनले अब चाँडै पहल गरिने दाबी गरे ।

यद्यपि, दमकको भ्युटावर जग्गा व्यापारीले जग्गा दान दिएपछि दमक भ्युटावरको योजना ल्याइएको पुष्टि भएको छ । उनीहरूले ०७३ मा पाँच बिघा जग्गा दान दिएका थिए । पाँच बिघामध्ये दुई बिघा सापटी भने पनि जग्गा पास गर्दा राजीनामा लिखतमा दान नै उल्लेख छ ।

नेताहरूको पदावधि र उमेरको हदबन्दीमाथिको बहस

अयोग्य र अक्षम मान्छेको हातमा नेतृत्व गयो भने संगठन ध्वस्त हुने भएकाले राजनीतिमा पदावधि र उमेर हद दुवै आवश्यक छैन



● सुरेश आले मगर

अग्रलेख

नेपालमा राजनीतिक पार्टीका नेताहरूको उमेर तथा पदावधिमा हदबन्दी हुनुपर्छ, अर्थात् तिनीहरूले निश्चित उमेरसम्म मात्रै पार्टीको पदधारण गर्न पाउनुपर्छ । यो वा त्यो उमेरपछि पदमा बस्न नपाउने र सो पद पनि निश्चित अवधि वा पटकसम्म मात्रै धारण गर्न पाउने र त्योभन्दा बढी नपाउने भन्ने विषयलाई लिएर चर्चा-परिचर्चा भइरहेको छ । हुन त यसबारे चर्चा-परिचर्चा, छलफल-बहस, टीका-टिप्पणी निकै पहिलेदेखि नै चल्दै आएको हो र यो चली नै रहेको छ, तर आजभोलि यो निकै चर्केको देखिन्छ । यस छोटो आलेखमा यसैबारे संक्षिप्त चर्चा गरिएको छ ।

राजतन्त्र भएका देशमा, चाहे त्यो राजतन्त्र संवैधानिक एवं उदार राजतन्त्र होस् वा क्रूर, निरंकुश एवं कार्यकारी होस्, राजा वा रानीको उमेर तथा पदावधि दुवैमा कुनै हदबन्दी हुँदैन । जस्तै- संयुक्त अधिराज्यमा रानी एलिजाबेज रानी भएदेखि नमरुन्जेल अर्थात् ९६ वर्षको उमेरसम्म र ७० वर्ष रानी भइरहिन् । फ्रान्समा राजा लुई पन्ध्रौंले ७२ वर्ष शासन गरे । सायद धेरै वर्षसम्म शासन गर्नेमा अन्य राजारानी पनि हुन्थे होलान्, तर तिनको चाँडै नै मृत्यु भयो वा कुनै विद्रोहद्वारा ती अपदस्थ भए । राजतन्त्रात्मक प्रणाली भएका देशमा कुनै क्रान्ति, कु वा विद्रोह भएर राजतन्त्र नफालिएसम्म वा मृत्यु नभएसम्म राजा वा रानी गद्दीनसीन भइरहन्छन् । तर, गणतन्त्रात्मक तथा लोकतान्त्रिक प्रणाली भएका देशमा यस्तो हुँदैन, ती देशमा राष्ट्रपति वा प्रधानमन्त्रीलगायत पदको निश्चित अवधि हुन्छ र कुनै व्यक्ति कतिपटकसम्म सो पदमा बस्न सक्छ ? भन्नेबारे पनि संविधान र ऐन-कानुनमा निर्धारण गरिएको हुन्छ । तर, यस्तो व्यवस्था भए पनि व्यक्तिको उमेरको हदबन्दी भने तोकेको पाइन्न । संयुक्त राज्य अमेरिकाका बहालवाला राष्ट्रपति डोनाल्ड ट्रम्प ७९ वर्षका भए भने मोहम्मद महाथिर सन् २०१८ मा पछिल्लोपटक मलेसियाको प्रधानमन्त्री बन्दा ९४ वर्षका थिए । यी यस्ता तथ्य हुन्, जसले नेताको उमेर हदबन्दीको मागलाई गम्भीर रूपमा विचार गर्नुपर्ने देखाउँछन् ।

माथिको छलफलबाट के स्पष्ट हुन्छ भने निश्चित पदका लागि निश्चित अवधिको कुरा ठिकै हो, तर यो कुरा पुँजीवादी व्यवस्थामा मात्र र बुर्जुवाहरूका लागि मात्र सही हो । किनभने, पहिलो कुरा, बुर्जुवालाई क्रान्ति वा आमूल परिवर्तन गरिरहनुपर्दैन, यथास्थितिलाई कायम राखे हुन्छ वा इच्छा लाग्यो भने धेरथोर परिवर्तन वा संशोधन वा सुधार गरे पुग्छ । पुँजीवादी व्यवस्थामा क्रान्ति नै हुँदैन । दोस्रो कुरा त्यहाँ एक प्रकारले पद्धति बसिसकेको हुन्छ, भलै त्यो पद्धति जनविरोधी, घोर दक्षिणपन्थी, प्रतिगामी, पुँजीवादी तथा प्रतिक्रियावादी नै किन नहोस् । त्यहाँ जुनै पदमा जो आए पनि केही फरक पर्दैन, किनभने उसले त्यही पद्धतिकै पालना गर्ने हो र त्यसैको नीति-नियमअनुसार चल्ने हो । उदाहरणका लागि, संयुक्त राज्य अमेरिकाका राष्ट्रपति बाराक ओबामा, बेलायतकी प्रधानमन्त्री मार्गरेट थ्याचर, भारतका प्रतिभा पाटिल, स्वर्णसिंह, एपिजे अब्दुल कलाम आजाद, केआर नारायणनजस्ता राष्ट्रपति तथा प्रधानमन्त्री इन्दिरा गान्धी, श्रीलंकाकी राष्ट्रपति चन्द्रिका कुमारातुंगा आदि ।

संयुक्त राज्य अमेरिकामा ओबामाभन्दा अघिका राष्ट्रपति सबै गोरा थिए, त्यहाँ कालालाई कहिल्यै अवसर दिइएन । यस अर्थमा ओबामा प्रथम काला राष्ट्रपति हुन् (त्यहाँ महिला अझै राष्ट्रपति भएकी छैनन्) र यही इतिहास रच्नेसिवाय उनले खासै उल्लेखनीय केही गरेनन्, गर्न सक्ने अवस्था पनि थिएन । उनलाई राष्ट्रपति हुनबाट गोराहरूले रोक्न सकेनन् । अर्को महत्त्वपूर्ण कुरो, उनी राष्ट्रपति भएर त्यहाँको संस्थापनलाई केही गर्न सक्नेवाला पनि थिएनन् । उनी राष्ट्रपति भएर खासै केही गर्न पनि सकेनन् । त्यहाँको पुरानै पद्धतिको सेरोफेरोभित्र यताउता उफ्रिरहे । सारमा भन्नुपर्दा संयुक्त राज्य अमेरिकामा काला राष्ट्रपति भए पनि त्यहाँको पद्धतिमा केही फरक परेन । गोराहरूको वर्चस्व र हैकममा कुनै तात्त्विक अन्तर आएन । त्यसैगरी, बेलायतमा मार्गरेट थ्याचर प्रधानमन्त्री हुँदैमा गोरा पुरुषको हैकम कम भएन । न त भारतमा प्रतिभा पाटिल राष्ट्रपति हुँदैमा महिलाविरुद्धको हत्या, हिंसा, दमन, बलात्कार, उत्पीडनै कम भयो । राष्ट्रपति त आलंकारिक तथा शक्तिहीन भएको हुनाले केही गर्न सकेनन् होला भनौं, इन्दिरा गान्धी त शक्तिशाली कार्यकारी प्रधानमन्त्री नै भएकी थिइन् । तर, उनको कार्यकालमा पनि महिलाको अवस्था उस्तै थियो । उनले पनि केही गर्न सकिनन् । त्यसैगरी, जाकिर हुसेन र एपिजे अब्दुल कलाम आजादजस्ता मुस्लिम राष्ट्रपति हुँदा मुस्लिमको अवस्थामा र केआर नारायणन तथा निवर्तमान रामनाथ कोविन्दजस्ता दलित राष्ट्रपति हुँदा दलितको अवस्थामा खासै केही सुधार तथा परिवर्तन आएन ।



मुस्लिम तथा दलितप्रतिको भेदभाव, उत्पीडन, अन्याय, अत्याचार, छुवाछुत, असुरक्षाजस्ता समस्या ज्युँकात्युँ रहे । किनकि, तिनले त्यहाँको मूल पद्धति तथा स्थापित व्यवस्थामाथि केही हस्तक्षेप गर्न सकेनन् र सक्नेवाला पनि थिएनन् । अब बिल्कुल यही अवस्था बहालवाला राष्ट्रपति द्रौपदी मुर्मुको हुनेवाला छ, तिनले पनि उल्लिखित यिनै कारणले गर्दा महिला र आदिवासीको समस्या समाधान तथा हक-अधिकार प्राप्तिका लागि केही गर्न सक्नेछैनन् । यस्तो पुँजीवादी, बुर्जुवा र प्रतिक्रियावादी व्यवस्थामा जो शासक भए पनि यस्ता सवाल र क्षेत्रमा कुनै तात्त्विक अन्तर पर्दैन । मूल राजनीतिक प्रणाली, पद्धति, नीति, नियम आदिमा त जुनसुकै जाति-समुदाय, लिंग, धर्म, क्षेत्रका व्यक्ति भए पनि सबैको सहमति हुने भएकाले भन् कुनै फरक पर्ने कुरै भएन । फरक पार्नु पनि पर्दैन, किनकि तिनीहरू सबै यथास्थितिमा रम्ने प्राणी हुन् । जहाँसम्म उमेरको हदबन्दीको व्यवस्था छ, यो पुँजीवादी व्यवस्थामा पनि पाइँदैन, त्यस व्यवस्थामा पनि यस्तो नीति र प्रचलन छैन । जतिसुकै कम उमेरको व्यक्ति पनि कार्यकारी प्रमुख हुन सक्छ भने भन्डै एक सय वर्षका मोहम्मद महाथिर मलेसियामा तेस्रोपटक कार्यकारी प्रधानमन्त्री हुन खोज्दै छन् ।

> राजनीतिक नेतृत्वका सन्दर्भमा उमेर तथा पदावधिको हदबन्दी पुँजीवादी व्यवस्थामा बुर्जुवा तथा प्रतिक्रियावादीका लागि ठिकै होला, तर सच्चा कम्युनिस्ट र क्रान्तिकारीका लागि यो व्यवस्था सर्वथा उपयुक्त हुँदैन

तर जहाँसम्म सच्चा कम्युनिस्ट र क्रान्तिकारीका लागि पदावधि तथा उमेरको हदबन्दीको प्रश्न छ, यी दुवै कुरा उचित हुँदैन । किनकि, उनीहरू यथास्थितिमा रम्ने र अडिने प्राणी नै होइनन् । तिनलाई धेरै अगाडि जानु छ । यथास्थिति वा विद्यमान व्यवस्थामा सामान्य सुधार, हेरफेर, परिवर्तन वा संशोधन होइन, आमूल परिवर्तन वा क्रान्ति नै गर्नु छ । त्यति मात्र होइन, उनीहरूको लक्ष्य त समाजवाद हुँदै साम्यवाद अर्थात् वर्गविहीन र राज्यविहीन समाजसम्म पुग्ने हुन्छ । यस्तो अवस्थामा पदावधि वा उमेरको हदबन्दी देखाएर विद्यमान वा बहालवाला नेतृत्वलाई फ्याट्ट परिवर्तन गरियो भने के होला ? त्यतिवेला पूरै भद्रगोल, अन्धकार र अन्योल सिर्जना हुने मात्रै होइन, क्रान्ति वा चालू यात्रालाई नै असर पर्छ र त्यो अवरुद्ध पनि हुन सक्छ । फेरि अर्को कुरो के छ भने फेरिएको नयाँ नेतृत्व त्यत्तिकै सक्षम, योग्य र क्रान्तिकारी रहेछ भने त राम्रै होला, जुन हुन्छ भन्ने जरुरी छैन । तर, झनै कमजोर, अक्षम, अयोग्य र गैरक्रान्तिकारी रहेछ भने के होला ? उदाहरणका लागि, नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) का वर्तमान अध्यक्ष प्रचण्डलाई उमेर र कार्यकालका आधारमा सो पदबाट हटाइयो भने त्यो पार्टीको हालत के होला ? सो पार्टीमा भद्रगोल हुनेछ । पार्टी नेतृत्वविहीन बन्नेछ र कैयन् गुट-उपगुटमा विभाजित हुँदै अन्ततः विघटन तथा विसर्जन हुन सक्नेछ । सो पार्टीले क्रान्ति सम्पन्न गर्ने र समाजवाद तथा साम्यवाद स्थापना गर्ने त कल्पनै गर्न सकिन्न । यस सन्दर्भमा, एउटा महत्त्वपूर्ण तथा विचारणीय कुरो के छ भने ने त्वका लागि क्रान्तिकारी विचार र क्षमता, योग्यता र कार्यकुशलताको आवश्यकता हुन्छ । यस्ता गुण युवा हुँदैमा हुन्छन् भन्ने जरुरी छैन, वृद्धमा पनि यी गुण हुन सक्छन् अथवा वृद्धमा नहुन पनि सक्छ । युवामा हुन पनि सक्छ । यो यसै भन्न सकिन्न । कम उमेरको व्यक्तिलाई नेतृत्वमा त ल्याउने तर उसको योग्यता र क्षमता नै छैन भने के गर्ने ? अयोग्य र अक्षम मान्छेको हातमा नेतृत्व गयो भने त संगठन ध्वस्त भइहाल्छ नि !

अन्त्यमा, माथिको छलफलको सार के हो भने राजनीतिक नेतृत्वका सन्दर्भमा उमेर तथा पदावधिको हदबन्दी पुँजीवादी व्यवस्थामा र बुर्जुवा तथा प्रतिक्रियावादीका लागि ठिकै होला तर सच्चा कम्युनिस्ट र क्रान्तिकारीका लागि उपयुक्त हुँदैन ।

सच्चा कम्युनिस्ट तथा क्रान्तिकारीका लागि उमेर र पदावधि मात्र होइन, जाति-समुदाय, लिंग, क्षेत्र कुनै पनि कुराको हदबन्दी वा बन्देज हुनुहुँदैन । त्यसो भए प्रश्न उठ्छ- उनीहरूले कहिलेसम्म नेतृत्व गरिरहने त ? यसको जवाफ हो- सच्चा कम्युनिस्ट एवं क्रान्तिकारी नेतृत्वले सही विचार अँगालेसम्म, उनीहरूको शारीरिक एवं मानसिक स्वास्थ्यले साथ दिएसम्म र उनीहरूभन्दा सबल, सक्षम एवं योग्य नेतृत्व नआउँदासम्म र मुख्य कुरो, क्रान्ति पूरा नभएसम्म नेतृत्व गरिरहने हो । तर, उनीहरू विचारबाट स्खलित भए भने वा उनीहरूभन्दा सक्षम र योग्य नेतृत्व आए भनेचाहिँ बहालवाला नेतृत्वले स्वेच्छाले पदत्याग गर्नुपर्छ । यदि गरेन भने उसलाई निष्कासन पनि गर्नुपर्ने हुन सक्छ । तर, उमेर तथा पदावधिको हदबन्दीकै कारण नेतृत्व हट्ने-हटाउने व्यवस्था पार्टीका नेताका लागि मात्र होइन, सिंगो पार्टी र देश तथा जनताका लागि पनि उचित एवं फलदायी होइन । मुख्य कुरो, नेतृत्वको विचार, योग्यता, क्षमता, कार्यकुशलता आदि हेरिनुपर्छ, न कि उमेर तथा पदावधि ।

३ प्रश्न

उपभोक्ता अधिकार अनुसन्धान मञ्चका अध्यक्ष **माधव तिमल्सिना**लाई



उपभोक्ता अदालतको फैसलाविरुद्ध सुरु भएको चिकित्सकहरूको हडतालबारे के भन्नुहुन्छ ?

संविधानको धारा ४४ 'क'ले प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु र सेवा उपभोग गर्ने हक सुनिश्चित गरेको छ भने 'ख'ले उक्त वस्तु र सेवाबाट कुनै प्रकारको हानि, नोक्सानी भएमा क्षतिपूर्ति प्राप्त गर्ने हक प्रदान गरेको छ । उपभोक्ता संरक्षण ऐन २०७५ ले पनि यो अधिकारको संरक्षण गरेको छ । त्यसैले, चिकित्सकको हडताल गैरकानुनी र गैरसंवैधानिक छ । कुनै प्रकारको हानि भएमा क्षतिपूर्ति प्राप्त गर्ने संविधानप्रदत्त हकविरुद्धको आन्दोलन संविधानको प्रावधानविरुद्ध छ । संविधानमाथि कोही पनि छैन ।

उपभोक्ता अदालतले पीडित बिरामीको पक्षमा दिएको फैसलाले कस्तो प्रभाव पार्न सक्छ ?

संविधान र कानुनको पूर्ण पालनाबाट कानुनी राज्यको अनुभूति हुन्छ । यसले बजारको अराजकता र दण्डहीनता अन्त्य गर्छ । गुणस्तरीय सेवामा सकारात्मक प्रभाव पार्छ । भोलिका दिनमा सेवा क्षेत्रलाई नागरिकमैत्री बनाउँछ । भविष्यमा चिकित्सकीय लापरबाहीबाट कुनै घटना घटेमा आमउपभोक्ता सक्रिय र सचेत हुनेछन् । अन्य क्षेत्रबाट समेत मुद्दाको संख्या बढ्न थालेपछि बजार स्वतः स्वच्छ, प्रतिस्पर्धी र उपभोक्तामैत्री बन्नेछ । यसबाट विधिको शासन र कानुनी राज्यको परिपालना हुनेछ ।

यस समस्याको उपयुक्त समाधान के हुन सक्छ ?

उपभोक्तालाई गुणस्तरीय सेवा उपलब्ध गराउने विषयमा सम्झौता हुँदैन । संवाद र सहमति जसरी अघि बढे पनि सेवा प्रदायक कम्पनी र व्यक्ति आमउपभोक्ताप्रति जिम्मेवार बन्नुपर्छ । हाम्रा अस्पतालहरूलाई प्रविधिमैत्री बनाउनुपर्छ । साथै, आवश्यक जनशक्तिको व्यवस्थापन हुनुपर्छ । श्रमको यथोचित ज्याला निर्धारण गरिनुपर्छ । कार्यस्थल कार्यमैत्री हुनुपर्छ । श्रम ऐनको पूर्ण पालना हुनुपर्छ । स्वास्थ्यकर्मीले तनावरहित वातावरणमा काम गर्न पाउनुपर्छ । नागरिक सहायता कक्ष र सूचना अधिकारीको बाध्यकारी व्यवस्था गरिनुपर्छ । यसका साथै, स्वास्थ्य संस्थाको अनुगमन र नियमनमा कडाइ गर्न सकिएमा समस्या समाधान हुन सक्छ ।

प्रेरक प्रसंग

देशभक्तको खाँचो

एकपटक अमेरिकाका राष्ट्रपति अब्राहम लिंकनले रक्षामन्त्रीमा आफ्ना कट्टर आलोचकलाई रोजे, जो जहिले पनि उनीविरुद्ध केही न केही बोलिरहन्थे । एक दिन राष्ट्रपति लिंकनका एक साथी उनलाई भेट्नका लागि आए र रक्षामन्त्रीको कुरा गर्दै उनले सोधे, 'तपाईंले जुन मानिसलाई रक्षा मन्त्रालय सुम्पनुभएको छ, उसका बारे के तपाईंलाई राम्रोसँग थाहा छ ?' 'हो थाहा छ, किन ? के भयो र ?' राष्ट्रपतिले आश्चर्य मान्दै सोधे । तब ती सज्जनले भने, 'हिजो एउटा सभामा उनले तपाईंमाथि व्यंग्य गर्दै भने, तपाईं हेर्दा दुब्लो-पातलो गुरिल्लाजस्तो देखिनुहुन्छ ।' 'हो यो सब मैले आज बिहानको समाचारपत्रमा पढिसकेँ ।' योभन्दा पहिलाको सभामा उनले तपाईंलाई भाँडको उपाधि दिएका थिए ।' ती सज्जनले लिंकनलाई उकास्ने स्वरमा भने ।



'हो, यो पनि मलाई थाहा छ,' राष्ट्रपतिले मुस्कुराउँदै भने । यो सब सुनेपछि ती सज्जनले केही दिक्क मान्दै बोले, 'उनले अनकौंपटक यसरी तपाईंको अपमान गरिसकेका छन् र यो सब राम्ररी थाहा भएर पनि तपाईंले उनलाई यति महत्त्वपूर्ण पद सुम्पिनुभएको छ ।' 'अरे साथी, महत्त्वपूर्ण पदमा न बसाएको हो, कुनै गलत स्थानमा त होइन नि,' राष्ट्रपतिले मुस्कुराउँदै भने ।

तर, ती सज्जन नराम्रोसँग रिसाउँदै बोले, 'तर तपाईं किन बुझ्नुहुन्न कि यसले तपाईंको प्रतिष्ठा खराब हुन्छ ।' 'मैले केही बुझ्नुअगाडि तपाईं यो किन बुझ्नुहुन्न कि उनी एक योग्य प्रशासक हुन् । आफ्नो काम पूरा इमानदारी र निष्ठाले गर्छन् । रह्यो मेरो प्रतिष्ठाको कुरा, यो त मेरो देशलाई मेरो बारेमा राम्रोसँग थाहा छ, म के हुँ । अनि म यस्ता सानातिना कुराका कारण देशलाई एउटा कुशल रक्षामन्त्रीको सेवाबाट किन वञ्चित गरौं । मलाई निजी भक्त होइन, देशभक्तको आवश्यकता छ,' राष्ट्रपतिले ती सज्जनलाई बुझाउँदै भने । यो सुनेर ती सज्जन त्यहाँबाट चुपचाप हिँडे ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

प्रधानमन्त्रीको हचुवा बोली

देशको प्रधानमन्त्रीजस्तो गरिमामय पदमा रहेका व्यक्तिले सकभर तौलेर कम बोल्नुपर्ने र बोल्नैपरे पनि तथ्यमा आधारित कुरा मात्र बोल्नुपर्ने हो । तर, हाम्रा प्रधानमन्त्री केपी शर्मा ओलीलाई माइक पाएपछि आफू सर्वज्ञ र बाँकी सबै मूर्ख लाग्छन् । त्यसैले, उनले हावादारी कुरा पनि बडो उत्साहपूर्वक सुनाउने गर्छन् । सुन्ने मान्छेले मलाई के भन्लान्, मेरो पदको गरिमामाथि नै प्रश्न उठ्ने त होइन, मेरो यस भनाइले जग हसाउने त होइन जस्ता प्रश्नले उनलाई छुँदैनन् । त्यसैले, अहिले फेरि प्रधानमन्त्री ओलीले शिव भगवान् हलेसीतिरका 'शिव चाम्लिङ' हुन सक्ने दाबी प्रस्तुत गरेका छन् । यस्तो हचुवाका कुरा नगर्नुस् न प्रधानमन्त्रीज्यू !

● **सुगन्धा बुढाथोकी**, कमलविनायक, भक्तपुर

कांग्रेसलाई लाज हुँदैन ?

कांग्रेस सांसदसमेत जोडिएका निजामती विधेयकमाथिको छेडखानीको छानबिन गर्न कांग्रेस सहमहामन्त्री तथा सांसद जीवन परियारको नेतृत्वमा छानबिन समिति बनाएको समाचार सुन्दा कांग्रेस नेतृत्वलाई केही प्रश्न गर्न मन लागेको छ । के समितिमा कांग्रेसको एकजना पनि सदस्य नपठाई स्वतन्त्र छानबिन गराउन सकिन्थ्यो ? संसदमा जुन दलका सांसद या नेतामाथि प्रश्न उठ्छ, उसमाथि छानबिन गर्न समिति बनाउँदा ऊबाहेकको दलको बनाउँदा हुन्थ्यो र ? यस्तो काम गर्दा कांग्रेसलाई लाज हुँदैन ?

● **सचिन विक**
सामाखुसी, काठमाडौं

शर्मा र देउवाको सवालजवाफ

कांग्रेस महामन्त्री विश्वप्रकाश शर्मा र सभापति शेरबहादुर देउवाबिचको सवालजवाफ रोचक लाग्यो । शर्माले देउवालाई नेपाली राजनीति र पार्टी इतिहासमा अमर बन्ने सञ्जीवनी बुटी दिएका रहेछन् । तर, 'अप्ठ्यारो मान्छे' देउवाले त्यसको महत्त्व नै बुझ्न सकेनन् । उनलाई यसलोकको मात्र चिन्ता छ । मरेपछि स्वर्ग गइन्छ या गइन्न, त्यसको उनलाई कुनै पर्वाह छैन । त्यसैले, उनले म जे गर्छु, त्यो मेरो कुरो हो, कसैले भन्दैमा मान्दिनँ भनेका हुन् ।

● **सगुन परियार**
सानेपा, ललितपुर

गौरीशंकरले न्याय पाउलान् त ?

न्याय नपाए गोर्खा जानुको जमाना रहेन । अब अपराधीलाई ससम्मान रिहाइ र साधुलाई शूलीको जमाना छ । नपत्याए भारतमा गएर आजीवन कैद सजाय पाएका कैदीबारे अध्ययन गरे हुन्छ । त्यस्ता कति नेपाली पनि स्वदेश फर्केका छन् ।

२२ असारको नयाँ पत्रिकाको मुखपृष्ठमा सीतामढीबाट खतैखत र दुवै कान गुमाएको अवस्थामा आफ्नो व्यथा सुनाउन काठमाडौं पुगेका गौरीशंकरलाई हेरेर यो प्रतिक्रिया लेखिरहेको छु । दुःखसाथ भन्नुपर्छ कि उहाँलाई सुरक्षा दिनुस्, अन्यथा उनी बाँचेर सीतामढी फर्कन नसक्ने अवस्था पनि आउन सक्छ यहाँ । आलमको जिल्लानजिकै छ मेरो घर । उनको दबदबाबारे मलाई पूरापूर जानकारी छ । म आफ्नै कथा सुनाउँदै छु यहाँ । कालगतिले मरेका एक वृद्धको मृत्यु लठ्ठी प्रहार गरेर हत्या गरिएको हो भन्ने पोस्टमार्टममा लेखिदिने अनुरोध लिएर एक दबंग मकहाँ घुस दिन आएका थिए उहिल्यै । मैले त्यसो गरिनँ । परिणामतः म डाक्टरमाथि झुटो रिपोर्ट लेखेको मुद्दा लगाएर १० वर्षसम्म तारिख धाउन बाध्य पारियो । त्यसबिच ती व्यक्तिले दिनदहाडै विरोधीको हत्या गरेर ससम्मान रिहा पनि भए । तर, मेरो तारिखको टुंगो लागेन । त्यसको ६ महिनापछि मात्र मेरो तारिखको टुंगो लाग्यो । त्यसैले, गौरीशंकर पनि काठमाडौं आएर मिडियाबाजी गरे पनि उनले न्याय पाउँछन् भन्ने मलाई लाग्दैन । किनकि, नेपालको मुख्य शक्ति नै आलमको दाहिने बसेको छ ।

● **डा. शिवशंकर यादव**, छपकैया, वीरगन्ज
shivshankaryadav3398@gmail.com

इरानको घाउ, विश्वको परीक्षा

वैध र बाध्यकारी अन्तर्राष्ट्रिय संयन्त्रका आधारमा इरान आफ्ना जनताको अधिकार रक्षा गर्न हरेक मञ्चमा दृढतापूर्वक अगाडि बढ्नेछ



देश / विदेश

● अब्बास-अली कड्खोदेई

जब वर्चस्वशाली शक्तिहरूले एकपक्षीयता लाद्दछन् र सर्वस्वीकृत मान्यता उल्लंघन गर्छन्, तब अन्तर्राष्ट्रिय कानुनी व्यवस्था प्रभावहीन बन्न थाल्छ । यस्ता उल्लंघनलाई बेवास्ता गरियो भने यो व्यवस्थाले न्याय, शान्ति र राष्ट्रहरूको सार्वभौमिकता जोगाउने आफ्नो आधारभूत उद्देश्य नै गुमाउने खतरा उत्पन्न हुन्छ । अमेरिका र इजरायलद्वारा इरानमाथि गरिएको आक्रमण जहाँ वैज्ञानिक तथा बौद्धिक व्यक्तिको लक्षित हत्या, अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी (आइएइए) द्वारा अनुमोदित आणविक केन्द्रमा बम आक्रमण र आवासीय, स्वास्थ्य, सञ्चार माध्यम एवं सार्वजनिक पूर्वाधारमाथि गरिएका हमला सामेल छन्, त्यो अन्तर्राष्ट्रिय कानुनको स्पष्ट उल्लंघन हो । यस्ता अवैध, एकपक्षीय कार्यलाई बेवास्ता गर्नुहुँदैन । यस सन्दर्भमा 'राज्यको उत्तरदायित्व' भन्ने सिद्धान्त लागू हुनु आवश्यक छ, जसअनुसार गरिएका गैरकानुनी कार्यका लागि राज्यलाई जिम्मेवार ठहर गरिन्छ । यो सिद्धान्त अन्तर्राष्ट्रिय कानुन आयोग (आइएल) ले सन् २००१ मा तयार पारेको 'राज्यहरूको अन्तर्राष्ट्रिय रूपमा गैरकानुनी कार्यको उत्तरदायित्वसम्बन्धी मस्यौदा लेख'मा समावेश छ र अन्तर्राष्ट्रिय अदालतले यसलाई व्यापक रूपमा मान्यता दिएको छ । मस्यौदाअनुसार बल प्रयोगको अवैधताजस्ता कार्य अन्तर्राष्ट्रिय कानुनको उल्लंघन हुन्, जसका लागि सम्बन्धित राज्यले पूर्ण र प्रभावकारी क्षतिपूर्ति दिनुपर्ने बाध्यता हुन्छ । अमेरिका र इजरायलका कार्य केवल प्रचलित कानुन मात्र नभई 'अत्यावश्यक कानुनी मान्यता'को समेत गम्भीर उल्लंघन हुन्, जसले सबै राष्ट्रलाई सामूहिक प्रतिक्रिया जनाउने दायित्व सिर्जना गर्छ ।

यी मान्यतामध्ये आक्रमणको निषेध एक अत्यन्त महत्त्वपूर्ण, सर्वमान्य र बाध्यकारी अन्तर्राष्ट्रिय कानुनी सिद्धान्त हो । कुनै पनि राष्ट्र यसबाट विचलित हुन पाउँदैन, र उल्लंघन भएमा सम्पूर्ण अन्तर्राष्ट्रिय समुदायले सामूहिक रूपमा प्रतिक्रिया जनाउनुपर्ने दायित्व उत्पन्न हुन्छ, ताकि कानुनी व्यवस्था जोगिन सकोस् । इरानको सन्दर्भमा राज्य उत्तरदायित्व र क्षतिपूर्तिको दायित्व लागू गर्न सकिने कम्तीमा दुई महत्त्वपूर्ण कानुनी नजिर छन् । पहिलो, सन् १९८१ मा राष्ट्र संघ सुरक्षा परिषद्ले इजरायलद्वारा इराकको आणविक केन्द्रमाथिको आक्रमणको प्रत्युत्तरस्वरूप पारित गरेको संकल्प ४८७ हो । यसले सो आक्रमणलाई आइएइएको निगरानी संयन्त्र र अप्रसार (एनपिटी) सन्धिको आधारशिलामाथि गम्भीर खतरा ठहर गर्दै सबै राष्ट्रलाई शान्तिपूर्ण आणविक विकासको अधिकार सुनिश्चित गरेको छ । संकल्पको धारा ६ मा 'इराकले भोगेको क्षतिको उचित क्षतिपूर्तिको हकदार छ, जसको जिम्मेवारी इजरायलले स्वीकार गरेको छ' भनिएको छ । यसले यस्ता अन्य मामिलामा क्षतिपूर्तिको कानुनी आधार प्रदान गर्छ ।

अमेरिका र इजरायलद्वारा गरिएका आक्रमण सार्वजनिक रूपमा स्वीकार गरिएका र राम्रोसँग दस्ताबेजीकृत भएकाले इरानको मामिलामा संकल्प ४८७ का सिद्धान्त लागू गर्नु उपयुक्त मात्र नभई आवश्यक पनि छ । दोस्रो नजिर सन् १९९१ मा पारित संकल्प ६९२ हो, जसले इराकको कुवेतमाथिको आक्रमणपछि राष्ट्रसंघीय क्षतिपूर्ति आयोग (युएनसिसी) स्थापना गऱ्यो । यस आयोगले आक्रमणबाट भएका क्षति र घाटाको मूल्यांकन गरी क्षतिपूर्तिको प्रक्रिया अघि बढायो । यसले अन्तर्राष्ट्रिय संयन्त्रहरूले पीडित पहिचान, क्षति मूल्यांकन र व्यावहारिक क्षतिपूर्ति कार्यान्वयन गर्न सक्ने क्षमताको प्रमाण दिँदै, अवैध आक्रमणको अवस्थामा राज्य उत्तरदायित्व लागू गर्ने स्पष्ट मोडेल प्रस्तुत गर्छ । यो नजिरले इरानी जनताको अधिकारको दाबी गर्न



तस्बिर : एपी

बलियो कानुनी तथा संस्थागत आधार प्रदान गर्छ । त्यसैले राष्ट्र संघले इरानका लागि क्षतिपूर्ति सुनिश्चित गर्न एक नियम आधारित संयन्त्र स्थापना गर्नु उपयुक्त मात्र नभई आवश्यक पनि छ । महासभा वा अन्य सक्षम निकायको पहलमा स्थापना हुने यस्तो आयोगले अमेरिका र यहुदी सर्वोच्चतावादी इजरायली सत्ताद्वारा इरानमाथि गरिएका अवैध तथा आक्रामक कार्यको विस्तृत मूल्यांकन गर्नुपर्छ । स्वतन्त्र आयोग, तथ्य अन्वेषण निकाय, वा अन्तर्राष्ट्रिय निगरानीमा सञ्चालन हुने क्षतिपूर्ति कोषजस्ता संयन्त्रले दण्डहीनताको सामान्यीकरणका सन्दर्भमा सैद्धान्तिक प्रतिरोध प्रस्तुत गर्दै कानुनी व्यवस्थामा जनविश्वास पुनः स्थापित गर्न मद्दत गर्नेछ ।

इरानसँग न्याय प्राप्त गर्ने अर्को बाटो पनि छ । आक्रमणपूर्व आइएइएले इरानी आणविक कार्यक्रमबारे पूर्वाग्रही र राजनीतिक रूपमा प्रेरित प्रतिवेदन प्रकाशित गऱ्यो, जसले आक्रमणलाई सहज बनायो र तटस्थताको सिद्धान्त उल्लंघन गऱ्यो । यस लापरबाहीका कारण क्षति भोगेको राष्ट्रको हैसियतमा इरानले आइएइएविरुद्ध सुरक्षा सम्झौताको धारा १७ अनुसार क्षतिपूर्ति माग गर्न सक्ने अधिकार राख्छ । इरानले शान्तिपूर्ण आणविक केन्द्र र वैज्ञानिकमाथिको भौतिक तथा नैतिक क्षतिको पूरापूर क्षतिपूर्ति माग गर्न सक्छ । त्यसैले आक्रामक राष्ट्र मात्र होइन, आइएइएको समेत जवाफदेहिताको माग गर्नु अन्तर्राष्ट्रिय कानुनी व्यवस्थामा उत्तरदायित्व सुनिश्चित गर्नु इरानको रणनीतिको अनिवार्य हिस्सा हो । वैध र बाध्यकारी अन्तर्राष्ट्रिय संयन्त्रका आधारमा इरानले आफ्ना जनताको अधिकार रक्षा गर्न हरेक मञ्चमा दृढतापूर्वक अगाडि बढ्नेछ । अन्ततः यो आक्रामक युद्ध अपराधको जिम्मेवारी केवल अमेरिका, इजरायल र आइएइएमा मात्र सीमित छैन । सबै राष्ट्र र अन्तर्राष्ट्रिय संस्थाले यस्ता अपराध रोक्न कानुनी उपाय कार्यान्वयन गर्ने स्पष्ट दायित्व वहन गर्छन् ।

अन्तर्राष्ट्रिय समुदायले मौनता, ढिलासुस्ती वा पक्षपात नगरी एकजुट र निर्णायक रूपमा प्रतिक्रिया जनाउनुपर्छ, नत्र राज्य उत्तरदायित्वको सिद्धान्त खोक्रो नारामा सीमित हुनेछ । इरानले उपलब्ध सबै संसाधनको प्रयोग गर्दै जबसम्म जनताको अधिकार मान्यता प्राप्त हुँदैन र पर्याप्त क्षतिपूर्ति दिइँदैन, तबसम्म पछि हट्नेछैन । दोषीहरूमाथि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा न्यायिक प्रक्रिया सुनिश्चित गर्न इरानको संघर्ष न्याय प्राप्त नभएसम्म जारी रहनेछ ।

(कड्खोदेई तेहरान विश्वविद्यालयका कानुनका प्राध्यापक हुन्)
अलजजिराबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

ट्रम्पको प्रतिबन्धले अफ्रिकी महादेशलाई बनाउनेछ आत्मनिर्भर

ट्रम्पले अनजानमै अफ्रिकी राष्ट्रलाई आत्मनिर्भरतातर्फ धकेल्दै छन्, अफ्रिकाले अब पश्चिमी सहायता, प्रमाणीकरण वा निर्देशनमार्फत आफूलाई परिभाषित गर्न बन्द गर्नुपर्छ



● ताफी महका

महका सामाजिक र राजनीतिक टिप्पणीकार हुन्। उनले केपटाउन विश्वविद्यालयबाट बिए अनर्स डिग्री हासिल गरेका छन्।

जुन १६ मा संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नो यात्रा प्रतिबन्ध सूचीलाई विस्तार गर्दै ३६ थप देश समावेश गर्ने विचार गरिरहेका द न्युयोर्क टाइम्सले खुलासा गऱ्यो। ट्रम्पले प्रतिबन्ध लगाउने योजना गरेका राष्ट्रमा मेरो जन्मभूमि जिम्बाबेसहित अन्य अफ्रिकी देश छन्। केबल दुई साताअघि ट्रम्पले १२ राष्ट्रका नागरिकलाई अमेरिका प्रवेश गर्न प्रतिबन्ध लगाउने घोषणा गरेका थिए। तीमध्ये सात राष्ट्र चाड, कंगो गणराज्य, इक्वेटोरियल गिनी, इरिट्रिया, लिबिया, सोमालिया र सुडान अफ्रिकाका हुन्।

राष्ट्रपति ट्रम्पले बुरुन्डी, क्युबा, लाओस, सियरा लियोन, टोगो, तुर्कमेनिस्तान र भेनेजुएलाका नागरिकमाथि पूर्ण प्रतिबन्धको सट्टा आंशिक यात्रा प्रतिबन्ध लगाए। यी राष्ट्रका नागरिकलाई स्थायी रूपमा अमेरिकामा बसाइँ सर्न वा पर्यटक वा विद्यार्थी भिसा प्राप्त गर्नबाट रोक लगाइएको छ।

चुनावी अभियानमा वाचा गरिएझैं ट्रम्पले आप्रवासनमा कडाइ गरिरहेका छन्। मेरो जीवनमा पहिलोपटक म अब अमेरिका यात्रा गर्नबाट प्रतिबन्धित हुने असाधारण सम्भावनाको सामना गरिरहेको छु। अमेरिका एउटा यस्तो देश हो, जहाँ मेरा परिवारका धेरै सदस्य र साथीले निम्तो दिन्छन्। उदाहरणका लागि मेरी काकाकी छोरी डा. अन्ना महकाले आफ्नो चिकित्सा अध्ययन पूरा गरेपछि अमेरिकामा विशेष रूपमा सेवा अभ्यास गरिन्। दुई दशकभन्दा बढी समयदेखि इन्डियानापोलिसमा बस्दै आएकी पूर्वसहपाठी स्पेन्सर माटारे पनि अफ्रिकी मूलकी अमेरिकी नागरिक हुन्।

ट्रम्प प्रशासनको राजनीतिक प्रतिष्ठा र आप्रवासीको बदनामका बाबजुद अन्ना र स्पेन्सरजस्ता लाखौँ आप्रवासी कानुन पालना गर्ने सदस्य हुन्। मलाई थाहा छ, अफ्रिकाका धेरै मानिस उनीहरूको मार्ग पछ्याउने आशा गर्छन् र ट्रम्पले खडा गरेका आप्रवासनसम्बन्धी बढ्दो अवरोधबाट गहिरो चिन्तित छन्। तैपनि, म तिनीहरूमध्ये एक होइन। सन् १९९७ मा केप टाउन विश्वविद्यालयबाट स्नातक गरेदेखि मैले कहिल्यै अमेरिका यात्रा गर्न इच्छुक महसुस गरेको छैन। म बुझ्छु कि यो केही असामान्य विषय हो।

म त्यस्तो समय र स्थानबाट आएको हुँ, जहाँ पश्चिमलाई आदर्श बनाइएको थियो। त्यो चाहना केबल मेरो समुदायमा मात्र होइन, बरु अफ्रिकी महादेशभर थियो। सन् २०२४ को अन्तर्राष्ट्रिय आप्रवासी दिवस (डिसेम्बर १८) मा अफ्रोब्यारोमिटरले २४ अफ्रिकी देशको तथ्यांकमा आधारित एक रिपोर्ट सार्वजनिक गऱ्यो। रिपोर्टअनुसार ४९ प्रतिशत अफ्रिकीले बसाइँ सर्ने विचार गरेका थिए, जसमा उत्तर अमेरिका र युरोप शीर्ष गन्तव्य थिए। यद्यपि एक उल्लेखनीय संख्याले अफ्रिकाभित्रै स्थानान्तरणलाई प्राथमिकता दियो। लगभग ४९ प्रतिशतले राम्रो अवसरको खोजीमा बसाइँ सर्ने चाहना व्यक्त गरे भने २९ प्रतिशतले गरिबी र आर्थिक कठिनाइलाई औँल्याए।



> चीनले ४० वर्षको छोटो समयमा आजको आर्थिक सुधार हासिल गरेको हो। अफ्रिकामा यस्तै परिवर्तन सम्भव छ। कच्चा पदार्थको घरेलु प्रशोधनमा ध्यान केन्द्रित गरेर अफ्रिकाले औद्योगिक वृद्धि, रोजगारी सिर्जना र उच्च कुल गार्हस्थ उत्पादनलाई अगाडि बढाउन सक्छ।

धेरै अफ्रिकीहरू अझै पनि अमेरिकी सपनामा विश्वास गर्छन्। म उनीहरूको रिस गर्दिनँ। अमेरिकाभर अफ्रिकीहरूले व्यापार, शिक्षा र खेलकुदमा सफलता पाएका छन्। डेमोक्राटिक रिपब्लिक अफ कंगो (डिआरसी) का तत्कालीन एनबिए स्टार डिकेम्बे मुटोम्बो यसको सफल उदाहरण हुन्। आफ्नो जीवनकालमा मुटोम्बोले किन्सासमा बियाम्बा मारी मुटोम्बो अस्पताल स्थापना गर्न आफ्नो सम्पत्तिको डेढ करोड डलर दान गरे। त्यस्तै, समयमै हेरचाह नपाएर सन् १९९७ मा मृत्युवरण गर्न बाध्य भएकी उनकी आमाको सम्झनामा दुई करोड ९० लाख डलरको चिकित्सा तथा अनुसन्धान केन्द्र स्थापना गरियो। उनकी आमाको दुःखद कथा सामान्य भए पनि त्यसले अफ्रिकाभरि गहिरो जरा गाडेका सामाजिक-आर्थिक चुनौतीलाई प्रतिबिम्बित गर्छन्, बसाइँसराइलाई निरन्तरता दिने अवस्था, अस्तव्यस्त स्वास्थ्य सेवा प्रणाली, समाजमा जरा गाडेको भ्रष्टाचार, बेरोजगारी, गरिबी इत्यादि। यसविपरीत अमेरिका प्रायः शरण स्थानको रूपमा देखा पर्छ।

अमेरिकामा अश्वेत आप्रवासीसम्बन्धी प्यु रिसर्च सेन्टरको सन् २०२२ को जनवरीमा सार्वजनिक गरिएको प्रतिवेदनले अफ्रिकी मूलका अश्वेत आप्रवासी सबैभन्दा भर्खरका आगमनमा रहेको देखाएको छ। सन् २००० पछि तीनचौथाइ अफ्रिकी अमेरिका पुगेका थिए, जसमध्ये ४३ प्रतिशत सन् २०१० र सन् २०१९ बिचमा पुगेका थिए। क्यारिबियन शीर्ष स्रोत-साधनयुक्त क्षेत्र भए पनि हालैको वृद्धिमा अफ्रिकाले धेरै योगदान पुऱ्याएको छ। सन् २००० र २०१९ को बिचमा अश्वेत अफ्रिकी आप्रवासीको संख्या २४६ प्रतिशतले बढेको छ (६ लाखबाट २० लाख)। आज, अफ्रिकी मूलका व्यक्तिले विदेशमा जन्मेका अमेरिकाको अश्वेत जनसंख्याको ४२ प्रतिशत ओगटेका छन्, जुन सन् २००० मा २३ प्रतिशत थियो।

जब मैले पहिलोपटक ट्रम्पको प्रस्तावित भिसा प्रतिबन्धबारे सुनें, मलाई गहिरो घृणा लाग्यो। सन् २०१८ का जनवरी ११ मा उनको कुख्यात 'बकबास देशहरू' टिप्पणी सम्झन असम्भव थियो। उनको टिप्पणी अफ्रिकी राष्ट्रलाई लक्षित जातीय निन्दाको अर्को कार्य थियो। तर, मैले उनको विभाजनकारी र अस्पष्ट नीतिलाई फरक रूपमा देखेको छु। जनवरी २० मा उनले अफ्रिकी राष्ट्रलाई अमेरिकी सहायता रोके। अब, उनी हामीमध्ये धेरैलाई भिसा अस्वीकार गर्ने तयारीमा छन्। बुर्किना फासोदेखि क्यामरुन र आइभरी कोस्टसम्म नागरिकलाई भिसा नदिने योजनामा ट्रम्प प्रशासन छ। हामीलाई हाम्रो अशान्त जनसंख्याको पूरा नभएका आवश्यकता सामना गर्न बाध्य पार्दै ट्रम्पले अनजानमा अफ्रिकी राष्ट्रलाई ठुलो आत्मनिर्भरतातर्फ धकेल्दै छन्। तर, उनी मात्र 'अफ्रिकीविरोधी' राजनीतिमा एक्लै छैनन्।

अमेरिकी राजनीतिक क्षेत्रमा आप्रवासनविरोधी बयानबाजी तीव्र छ। अफ्रिकीका लागि विद्यार्थी भिसा प्राप्त गर्नु पनि कठिन छ। सन् २०२३ मा उपसहारा अफ्रिकी देशमा अमेरिकी भिसा अस्वीकृति दर सबैभन्दा उच्च थियो, औसत ५७ प्रतिशत। दक्षिणी अफ्रिकाबाहेकका क्षेत्रमा यो अस्वीकृति लगभग १९ प्रतिशत छ। अन्य क्षेत्रमा यो दर बढेर ६१ प्रतिशत पुगेको छ। यो घट्दो अनुमोदनले मलाई असर गर्दैन, किनकि मलाई संयुक्त राज्य अमेरिका भ्रमण गर्ने वा बसोवास गर्ने कुनै इच्छा छैन। तथाकथित 'स्वतन्त्र भूमि'मा पाइला राख्न मेरो अनिच्छा गहिरो डरबाट उत्पन्न हुन्छ, अमेरिकी प्रहरी क्रूरताको अर्को सिकार बन्ने डर, जुन सन् २०२० को मे २५ मा मिनियापोलिसमा जर्ज फ्लोयडको हत्याबाट संसारले देखेको थियो। मलाई थाहा छ कि अफ्रिकी होस् वा अन्य अश्वेत मानिस धेरैपटक जातिवाद, हिंसा र भेदभावको सिकार हुन्छन्। तर, प्रहरीको जातीय क्रूरताका कारणले मात्र अमेरिकाबाट टाढा रहन खोजेको होइन। अफ्रिकीहरूले त्यहाँ बसोवास गर्नेबारे कहिल्यै विचार नगर्नुका धेरै कारण छन्।

धेरै अमेरिकीहरू अफ्रिकी महादेशभरका मानिसले सामना गरिरहेका समस्यासँग संघर्ष गरिरहेका छन्। वेस्ट हेल्थ-ग्यालप हेल्थकेयर सूचकांकका अनुसार अमेरिकामा लगभग दुई करोड ९० लाख वयस्कले किफायती स्वास्थ्य सेवा पाउन संघर्ष गरिरहेका छन्, यो चुनौती किन्सासामा पनि उत्तिकै छ, जति अमेरिकाका धेरै भागमा छ। सन् २०२३ मा अमेरिकी जनगणना ब्युरोले तीन करोड ६८ लाख अमेरिकी गरिबीमा बाँचिरहेका थिए भनी रिपोर्ट सार्वजनिक गरेको थियो।

हलिउडले प्रस्तुत गरेको चम्किलो भ्रमका बाबजुद अमेरिका कुनै आदर्शलोक होइन। अन्ना र स्पेन्सरजस्ता मानिस त्यहाँ सफल भए पनि धेरैजसो अफ्रिकीका लागि 'अमेरिकी सपना' प्राप्त गर्ने कुनै बाटो छैन। तिनीहरूले आफ्नो भविष्य आफ्नै देशभित्र वा अफ्रिकाका अन्य भागमा खोज्नुपर्छ। ठुलो परिवर्तन आवश्यक छ। आखिर चीनले मात्र ४० वर्षमा व्यापक आर्थिक सुधार हासिल गऱ्यो। अफ्रिकामा यस्तै परिवर्तन सम्भव छ। कच्चा पदार्थको घरेलु प्रशोधनमा ध्यान केन्द्रित गर्नाले अफ्रिकाले औद्योगिक वृद्धि, रोजगारी सिर्जना र उच्च कुल गार्हस्थ उत्पादनलाई अगाडि बढाउन सक्छ।

तर, शान्ति र सुशासन पहिले आउनुपर्छ। हाम्रा लगानी प्राथमिकता परिवर्तन हुनुपर्छ। रक्षा र सुरक्षामा पैसा खन्याउनुको सट्टा अफ्रिकी सरकारले कृत्रिम बुद्धिमत्ता, स्वास्थ्य सेवा र वैज्ञानिक अनुसन्धानमा ध्यान केन्द्रित गर्नुपर्छ। हामीले पश्चिमी सहायता, प्रमाणीकरण वा निर्देशनमार्फत आफूलाई परिभाषित गर्न बन्द गर्नुपर्छ। जे आए पनि म मातृभूमिमा रहनेछु। ट्रम्प आफ्नो अमेरिका जोगाउनुहोस्, हामी हाम्रो अफ्रिका बचाउनेछौं।

अल-जजिराबाट

सबै हारेको थाइल्यान्ड-कम्बोडिया सीमा विवाद



● एन्ड्रयु नाचेमसन

एन्ड्रयु नाचेमसन दक्षिणपूर्वी एसियाका राजनीति, मानव अधिकार तथा चिनियाँ प्रभावबारे लेख्छन्।



गत मे महिनामा थाई र कम्बोडियन सेनाबिच सीमा क्षेत्रमा जब पहिलोपटक तनाव बढ्यो, तब दुवै सरकारले यस घट्नाले उराल्ने राष्ट्रवादी भावनाबाट फाइदा लिन सक्ने ठानेका थिए। तर, अहिले थाइल्यान्डको सरकार सोही प्रकरणका कारण विघटनको संघारमा पुगेको छ। त्यहाँकी प्रधानमन्त्री जुलाई १ को देशको संवैधानिक अदालतको निर्णयबाट निलम्बनमा परेकी छिन्। उता, यस घटनापछि कम्बोडियाका प्रधानमन्त्री भने आफ्ना शक्तिशाली बुबाको छायामा रहेको विश्वले देख्यो।

मे २८ मा थाइल्यान्ड र कम्बोडियाको सीमा क्षेत्रमा गोली चलेसँगै पछिल्लो विवाद सुरु भएको थियो। थाई सैनिकका अनुसार कम्बोडियाको सैनिकले विवादित क्षेत्रमा खाडल खनिरहेको भेटेपछि विवाद सुरु भएको थियो। दुवै पक्षले अर्को पक्षमाथि पहिलो गोली चलाएको आरोप लगाएका छन्। गोलीबारीमा एकजना कम्बोडियन सैनिक मारिए। त्यसपछि दुवै देशका नेताले चर्का बयानबाजीमार्फत घटनाको फाइदा उठाउने प्रयास गरे।

'हामी थाई कुनै पनि पक्षबाट दुर्व्यवहार, आरोप वा धम्की सहन गर्दैनौं। हाम्रो देशको पनि मर्यादा छ,' थाई प्रधानमन्त्री पेटोङटार्न सिनावात्राले घटनालगत्तै भनेकी थिइन्। कम्बोडियाको राजधानी नोम पेन्हमा त हजारौं मानिस उत्रिएर घटनाको विरोध जनाएका थिए। कम्बोडियाली प्रधानमन्त्री हुन मानेटले कम्बोडियाले युद्ध नचाहेको तर आवश्यक परे आफ्नो क्षेत्रीय अखण्डताको रक्षा गर्न सबै उपाय प्रयोग गर्न तयार रहेको चेतावनी दिए।

३० वर्षभन्दा बढी समयसम्म कम्बोडियामाथि कठोर शासन चलाएका पूर्वप्रधानमन्त्री हुन सेनका जेठा छोरा हुन मानेटले यसअघि सन् २००८ मा सुरु भएको थाइल्यान्डसँगको घातक सीमा विवादकै समयदेखि सार्वजनिक परिचय बनाएका थिए। त्यस वर्षको प्रेह विहार मन्दिरलाई लिएर भएको झडपमा उनले कम्बोडियाको सेनाका सदस्यका रूपमा महत्त्वपूर्ण भूमिका निभाएका थिए। उक्त विवादमा केही सर्वसाधारणसहित दुवै पक्षका लगभग ४० जनाको मृत्यु भएको थियो। अन्ततः अन्तर्राष्ट्रिय न्यायालयले खमेर साम्राज्यले बनाएको सो मन्दिर कम्बोडियाको भएको फैसला सुनाएपछि विवाद मत्थर भयो। तथापि, अदालतले सुनुवाइमा दुई देशको सीमा क्षेत्र भने सीमांकन गरेन।

पछिल्लो झडप भएको स्थल विशेष रणनीतिक क्षेत्र होइन, न त यो प्रेह विहारजस्तो सांस्कृतिक मूल्य भएकै ठाउँ हो। तर, इतिहासका विभिन्न बिन्दुमा आफूले गुमाएको क्षेत्रलाई लिएर दुवै देश संवेदनशील हुने गर्छन्। थाइल्यान्डको सन्दर्भमा उसले औपनिवेशिक शक्तिबाट धेरै भूमि गुमाएको थियो भने कम्बोडियाको सन्दर्भमा कुनै वेला त्यस भेगमा रहेको खमेर साम्राज्यले आधुनिक थाइल्यान्डको प्रायः सबै भूमिमाथि नियन्त्रण राख्थ्यो। यिनै भावनाका कारण ससाना भूमिमा पनि दुवै पक्ष पछि हट्न चाहँदैनन्।

जसरी थाई राष्ट्रवादीहरू युरोपेली शक्तिहरूले विगतमा उनीहरूमाथि गरेको व्यवहारलाई लिएर संवेदनशील रहन्छन्, त्यसरी नै कम्बोडियन राष्ट्रवादीहरू पनि आफ्ना शक्तिशाली छिमेकीबाट हुने अनादर व्यवहारप्रति संवेदनशील रहन्छन्,' 'हुन सेन्स कम्बोडिया' नामक पुस्तकका लेखक सेबास्टियन स्ट्राङ्गियोले भने।

थाई प्रधानमन्त्री ३८ वर्षीय पेटोङटार्न र कम्बोडियाका प्रधानमन्त्री ४७ वर्षीय हुन मानेट दुवैका पिता कुनै वेला आफ्ना देशका शक्तिशाली प्रधानमन्त्री थिए। उनीहरू क्रमशः सन् २०२४ र २०२३ मा आफ्नो देशको सर्वोच्च पदमा पुगेका हुन्। उनीहरूले सीमा क्षेत्रमा भएको पछिल्लो मुठभेडलाई आफूलाई पिताका प्रभावबाट अलग रहेको प्रमाणित गर्ने मौकाको रूपमा देखेका हुन सक्छन्। त्यसबाहेक पछिल्लो तनावलाई प्रयोग गरेर थाइल्यान्डको अति अलोकप्रिय सेनाले जनसमर्थन बढाउने प्रयास गरेजस्तो देखिन्छ।

दुई निर्वाचित सरकार अपदस्थ गरेका कारण थाई सेना आमजनतामा अलोकप्रिय छ। पहिलो सन् २००६ मा पेटोङटार्नका बुबा थाक्सिन सिनावात्राको नेतृत्वको सरकार हटाइएको थियो भने दोस्रो सन् २०१४ मा पेटोङटार्नकी सानीमा यिंगलक सिनावात्राको सरकारविरुद्ध कु गरिएको थियो। ती कुका कारण थाइल्यान्ड करिब एक दशक लामो राजनीतिक अराजकतामा फस्यो।

सन् २०२३ को निर्वाचनमा युवा नेतृत्वको सुधारवादी 'मुभ फर्वार्ड पार्टी' सबैभन्दा ठुलो दलका रूपमा उदायो। सो दललाई सरकार गठन गर्नबाट रोकेका कारण सेनाप्रति जनताको आक्रोश झन् बलियो बनेको छ। सेनाकै जोडबलमा सिनावात्रा परिवारको हालिमुहाली रहेको 'फेउ थाई पार्टी' र थाक्सिनका लामो समयदेखिका प्रतिद्वन्द्वी अर्थात् सैन्य समर्थक रुढिवादी दलबिच गठबन्धन बन्यो। अहिले पनि सोही गठबन्धनको सरकार छ। सीमा झडपले कमजोर बन्दै गएको सहकार्य केही मजबुत बनेको थियो। तर, जसै प्रधानमन्त्री पेटोङटार्नको हुनसेनसँगको फोन वार्ता लिक भयो, गठबन्धनमा समस्या सुरु भयो। सरकारको सबैभन्दा ठुलो रुढिवादी हिस्साले गठबन्धन छोडिसकेको छ।

पेटोङटार्न र हुन सेनबिच जुन १८ को कल रेकर्डिङ कम्बोडियन मिडियामार्फत लिक भयो। फोनमा पेटोङटार्नले सीमा विवादमा थाई सेनाको भूमिकाको आलोचना गरेको र हुन सेनलाई 'काका' भनेर सम्बोधन गरेको कुराले थाइल्यान्डमा ठुलो विवाद निम्त्याएको छ। विशेष देशको रुढिवादी र राष्ट्रवादी हिस्सा उनीसँग चिढिएको छ। सेनाको निलम्बनअघि दिनहुँ बैंककमा उनको राजीनामा माग्दै

> पछिल्लो प्रकरणबाट जितको महसुस गरेका हुन सेनले उनको आफ्नै छोरालाई भने राजनीतिक हानि पुऱ्याएका छन्। यस घटनाले कम्बोडियामा वास्तविक शक्ति कसको हातमा छ भन्ने कुरा सबैले थाहा पाए।

विरोध भइरहेको थियो। रुढिवादी भूमि जाईथाई पार्टीले गठबन्धन छाडेपछि वर्तमान गठबन्धनसँग संसद्मा सामान्य बहुमत मात्र कायम छ।

हुन सेनसँगको फोनवार्ता बाहिरिएपछि सत्तारुढ गठबन्धनबाट भुमजाई थाई पार्टी बाहिरिए पनि अर्को सेना समर्थित पार्टी 'युनाइटेड थाई नेसन पार्टी' भने अझै गठबन्धनमा नै छ। सायद भोलिका दिन पेटोङटार्न बाहिरिँदा आफ्नो दलका मान्छेले ठुलो पद पाउने आशामा पो रहेको हुन सक्छ।

उसो त हुन सेनले पहिले पनि आफ्ना राजनीतिक विरोधीलाई कमजोर पार्न रेकर्ड गरिएका कल सार्वजनिक गर्ने गरेको इतिहास छ। तर, सिनावात्रा परिवार र हुन सेनको परिवारबिचको पहिलेको न्यानो सम्बन्धलाई ख्याल राख्दा यस चुहावटलाई धेरैले आश्चर्यजनक माने। आखिर हुन सेन तिनै नेता हुन्, जसले थाक्सिन र यिंगलक दुवैलाई थाइल्यान्डमा कुपछि आश्रय दिएका थिए।

लेखक स्ट्राङ्गियो पनि हुन सेनले सिनावात्रा परिवारलाई गरेको पछिल्लो विश्वासघातबाट अचम्मित छन्। 'कम्बोडियाको राजनीतिमा हुन सेनको कुनै स्थायी साथी छैनन्, केवल स्थायी स्वार्थ मात्र छ भनिन्छ। थाइल्यान्डको सैन्य आर्थिक क्षमता कम्बोडियाको भन्दा निकै उच्च भएको तथ्यलाई ध्यानमा राख्दै हुन सेन फोन रेकर्डिङ लिक गरेर थाई नेतामाथि दबाब सिर्जना गर्न सफल भएका छन्।'

हुन सेनले थाइल्यान्डका रुढिवादीसँग सम्झौता गरेको पनि हुन सक्छ। थाक्सिनसँगको उनको सम्बन्ध केही भिन्न देखिन्थ्यो। यद्यपि उनको जटिल विरासत छ, थाक्सिन एक लोकतान्त्रिक रूपमा निर्वाचित विद्रोही राजनीतिज्ञ हुन्। उनले थाइल्यान्डको अधिनायकवादी स्थापनालाई चुनौती दिँदै आएका छन्। अर्कोतर्फ, हुन सेन दक्षिण-पूर्वी एसियाका सबैभन्दा सफल अधिनायकवादी नेता हुन्।

पछिल्लो प्रकरणबाट जितको महसुस गरेका हर्षित हुन सेनले एक फेसबुक पोस्टमा थाइल्यान्डले तीन महिनाभित्र नयाँ प्रधानमन्त्री पाउने भविष्यवाणी गरेका छन्। तर, उनको यस रणनीतिले उनको आफ्नै छोरालाई पनि असर गरेको हुन सक्छ। किनकि, यस घटनाले कम्बोडियामा वास्तविक शक्ति कसको हातमा छ भन्ने कुरामाथि प्रकाश पारेको छ। हुन मानेट प्रधानमन्त्री बनेको लगभग दुई वर्षको अवधिमा यसै पनि कम्बोडियनमा थोरैले मात्र उनलाई देशको वास्तविक नेताको रूपमा हेर्दै आएका थिए। अब अन्तर्राष्ट्रिय जगत्मा समेत सो देशको वास्तविक नेता को हुन् भन्ने खुलेको छ।

-फरेन पोलिसीबाट

विश्व संक्षेप

टेक्सासको बाढीमा मर्नेको संख्या १०० नाघ्यो

वासिंटन डिसी/ टेक्सासमा विनाशकारी बाढीबाट मृत्यु हुनेको संख्या सोमबार एक सयभन्दा बढी पुगेको छ। उद्धारकर्ताले बेपत्ता भएका मानिसलाई अझै खोजिरहेका छन्। मृतकमध्ये कम्तीमा २७ जना नदीकिनारमा ग्रीष्मकालीन शिविरमा रहेका बालबालिका र शिक्षक रहेको अधिकारीले बताएका छन्। पूर्वानुमानकर्ताले बाढी प्रभावित क्षेत्रमा थप वर्षाको चेतावनी दिएका छन्। वर्षाले हेलिकोप्टर, डुंगासहितको करिब एक हजार सात सय ५० जना कर्मचारी समावेश भएको उद्धार प्रयासलाई जटिल बनाएको छ। 'अझै पनि भारी वर्षाको खतरा छ,' टेक्सासका गभर्नर ग्रेग एबोटले सोमबार एक विज्ञप्तिमा भने। आलोचकले मौसम एजेन्सीमा ट्रम्पले गरेको कटौतीका कारण मौसम पूर्वानुमान प्रणाली कमजोर बनेको र यसका कारण पछिल्लो क्षति बढेको आरोप लगाएका छन्। ट्रम्पले शुक्रबार टेक्सस भ्रमण गर्दै छन्। तर, हवाइट हाउसकी प्रेस सचिव क्यारोलिन लेभिटले भने बाढीका लागि राष्ट्रपति ट्रम्पलाई दोष दिनु गलत भएको र यसले कुनै उद्देश्य पूरा नहुने बताइन्। ट्रम्पले शुक्रबार बिहान आएको बाढीलाई 'सय वर्षको अन्तरालतमा एकपटक आउने खालको प्रकोप' भन्दै यसलाई 'कसैले पनि अनुमान नगरेको' बताए।

गाजामा पाँच इजरायली सैनिक मारिए

गाजा/ गाजाको उत्तरतर्फको बेइत हानुन क्षेत्रमा भएको विस्फोटमा पाँचजना इजरायली सैनिकको मृत्यु भएको छ। 'उत्तरी गाजापट्टीमा भएको संघर्षका क्रममा दुई सैनिकको मृत्यु भएको छ। सोही घटनामा अन्य तीनजनाको मृत्यु भएको छ भने थप दुईजना गम्भीर घाइते भएका छन्,' इजरायली सेनाले एक विज्ञप्तिमा भनेको छ। घाइते सैनिकको उद्धारमा खटिएका सेनाका सदस्यमाथि थप गोलाबारी भएको इजरायली सेनाले जनाएको छ। घटनामा कुल १४ जना घाइते भएको सेनाले जनाएको छ। इजरायली सेनाले मंगलबार जारी गरेको वक्तव्यअनुसार कफिर ब्रिगेडअन्तर्गतको नेत्साह यहुदा बटालियनका सैनिकमाथि आक्रमण भएको थियो। यसबिच, गाजा स्वास्थ्य अधिकारीले दिएको जानकारीअनुसार सन् २०२५ मार्च १८ मा युद्धविराम भंग भएदेखि इजरायली कारबाहीमा ६ हजार ९६४ भन्दा बढी प्यालेस्टिनी नागरिकले ज्यान गुमाइसकेका छन्। कुल मृतक संख्या भने ५७ हजार ५२३ पुगेको बताइएको छ।

इतिहासमा आज



सन् २०२२ : आर्थिक मन्दीको विरोधमा श्रीलंकामा सुरु भएको प्रदर्शनका क्रममा हजारौं श्रीलंकन प्रदर्शनकारी आजको दिन राष्ट्रपतीय भवनमा प्रवेश गरे। यस घटनाले देशका राष्ट्रपति महिन्दा राजापाक्षेलाई राजीनामा गर्न बाध्य बनाएको थियो।

सन् १८१६ : 'टुकुमेन कंग्रेस'बाट अर्जेन्टिनाले आफूलाई स्पेनको औपनिवेशिक शासनबाट मुक्त भएको घोषणा गऱ्यो।

सन् १८७७ : विश्वकै पहिलो लन टेनिस टुर्नामेन्ट 'विम्बेल्डन च्याम्पियनसिप'को पहिलो संस्करण लन्डनमा सुरु भयो।

सन् १९०० : ब्रिटिस संसद्ले अस्ट्रेलिया महादेशमा रहेका सबै ब्रिटिस उपनिवेशको संघीय एकाइका रूपमा एकल 'कमनवेल्थ अफ अस्ट्रेलिया' निर्माणको घोषणा गऱ्यो।

सन् १९१५ : जर्मनीले 'साउथ वेस्ट अफ्रिका (हालको नामिबिया)'लाई दक्षिण अफ्रिका संघलाई सुम्पियो।

सन् १९७१ : तत्कालीन अमेरिकी राष्ट्रिय सुरक्षा सल्लाहकार हेनरी किसिन्जर चीन-अमेरिका सम्बन्ध पुनः स्थापना गर्ने उद्देश्यले आजको दिनदेखि गोप्य चीन भ्रमण सुरु गरे।

सन् २०११ : सुडानबाट औपचारिक रूपमा अलग्गिएर दक्षिण सुडान स्वतन्त्र राष्ट्र बन्यो।

अर्थ पत्रिका
नयाँ पत्रिका
बुधबार २५ असार ०८२

■ विद्युत् प्राधिकरणमा हितेन्द्रदेव शाक्यको सय दिन

प्रसारणलाइन, उत्पादन र व्यापारमा सुधार गरेको दाबी

विद्युतीय सवारीका लागि चार्जिङ स्टेसन बनाउन एक करोड विनियोजन र बंगलादेश तथा भारतमा दैनिक ६ सय २५ मेगावाटसम्म भइरहेको बिजुली निर्यात मुख्य उपलब्धि



● **हितेन्द्रदेव शाक्य**
कार्यकारी निर्देशक, विद्युत् प्राधिकरण

प्राधिकरणका लागि १० अर्ब अल्पकालीन ऋण लिन तथा उत्पादन, प्रसारण र वितरण प्रणालीको विस्तार तथा विद्यमान संरचनाको स्तरोन्नतिलगायतका कार्य प्रभावकारी रूपमा सञ्चालन गर्न थप २० अर्बबराबरको ऋणपत्र जारी गर्न अर्थ मन्त्रालयबाट सहमति प्राप्त भएको छ।

मिलन विश्वकर्मा/नयाँ पत्रिका

विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यले सयदिने कार्यप्रगति सार्वजनिक गर्दै उत्पादन, व्यापार र प्रसारणलाइनमा सुधार गरेको दाबी गरेका छन्।

उनले भविष्यको ऊर्जा सुरक्षाका लागि कुलेखानी सिस्नेरी सय मेगावाट र हुलिङटार-दुम्किम चार सय ९४ मेगावाट पम्प स्टोरेज आयोजनाको सम्भाव्यता अध्ययनका लागि लाइसेन्स आवेदन खुला गरेको जनाएका छन्। त्यस्तै, विद्युत् मौज्दात गर्ने प्रणाली विकास गर्न ब्याट्री इनर्जी स्टोरेज सिस्टमको अध्ययन र निर्माण सहयोगको पहल थालेको बताएका छन्।

नियमित बिजुली तिर्ने १० ठुला ग्राहकलाई सम्मान गरेको विषयलाई पनि उनले कार्य प्रगतिमा समेटेका छन्। चार्जिङ स्टेसनको पूर्वाधार निर्माण गर्न एक करोड विनियोजन गरेको, ४३ एमभिए क्षमताको चारवटा ३३-११ केभीको सबस्टेसन निर्माण गरेको, भोल्जेट सुधारको काम गरेको, ग्राहक संख्या बढाएको, करिब नौसय विपन्न परिवारलाई निःशुल्क मिटर वितरण गरेको उनले उल्लेख गरेका छन्।

क्षमता वृद्धिसहित प्रसारणलाइन र सबस्टेसन निर्माणतर्फ क्रमशः १०४ सर्किट किमि र पाँच सय ८६.५ एमभिए वृद्धि गरेको उनको दाबी छ। जसकारण हालसम्म ६ सय ७६९ सर्किट किमि प्रसारणलाइन र १४ हजार तीन सय ४९.५ एमभिएको सबस्टेसन निर्माण भएको प्राधिकरणले जनाएको छ।

प्राधिकरण भित्रिएदेखि संस्थाको आर्थिक अवस्था कमजोर रहेको दाबी गर्दै आएकाले उनले अर्थ मन्त्रालयबाट १० अर्ब ऋण लिन स्वीकृति लिइसकेका छन्। त्यस्तै, २० अर्बको ऋणपत्रसमेत जारी गर्न सहमति लिएको उनले जानकारी दिए।

'प्राधिकरणमा हाल सिर्जित दायित्व तथा तरलता व्यवस्थापनका लागि १० अर्ब अल्पकालीन ऋण लिन तथा उत्पादन, प्रसारण र वितरण प्रणालीको विस्तार, विद्यमान संरचनाको स्तरोन्नतिलगायतका कार्य प्रभावकारी रूपमा सञ्चालन गर्न थप २० अर्बबराबरको ऋणपत्र जारी गर्न अर्थ मन्त्रालयबाट सहमति प्राप्त भएको छ' प्राधिकरणद्वारा विज्ञप्तिमा भनिएको छ। बंगलादेशमा बंगलादेश र भारतमा दैनिक ६ सय २५ मेगावाटसम्म विद्युत् निर्यात भइरहेको उनले बताए।

अधुरै छन् यी काम

पद बहाली गरेयता बक्यौता उठाउन सकेका छैनन्

प्राधिकरणको नाफामा जोडिने र राजस्व कोषमा दाखिला हुने विद्युत् बक्यौता उठाउन हितेन्द्रले चासो दिएका छैनन्। उनले नियमावली संशोधन गरेर २५ प्रतिशत धरौटी राखेर पुनरावलोकन गर्नुपर्ने प्रावधानलाई ५ प्रतिशतमा झारेपछि बक्यौता बुझाउनुपर्ने उद्योगीहरू पुनरावलोकनमा त आएका छन्, तर त्यसयता उनले महसुल छुट दिने वा पूरै उठाउने भन्ने विषयमा कुनै छलफल गरेका छैनन्। देशभरका ४९ उद्योगीले मलुक चरम लोडसेडिङमा रहेका बेला डेडिकेटेड फिडर र ट्रंकलाइनमार्फत २४ सैं घण्टा उपयोग गरेको बिजुलीको महसुल बापत ८ अर्ब २६ करोड रूपैयाँ तिर्न प्राधिकरणले बिल जारी गरेको छ।

कानुन लगाएर सो रकम उठाउनुपर्ने प्राधिकरण नेतृत्व उद्योगीलाई विभिन्न सहुलियत दिएर बसेको छ। प्राधिकरणको बिल चित्त नबुझेर विभिन्न अदालत धाएका उद्योगीले पनि मुद्दा हारेका छन् भने केहीको रिट नै खारेज भएको छ।

अनियमित भइरहेको बिजुली आपूर्ति नियमित गर्न छैन चासो

प्राविधिक लापरबाहीले बिजुली पटक-पटक जाने र आउने समस्या रोकिएको छैन। अर्कातिर, प्राकृतिक विपत्तीले बिजुलीका पूर्वाधारमा क्षति हुँदा तत्कालै मर्मत गरेर नियमित विद्युत् आपूर्ति गर्न पनि हितेन्द्रले चासो दिएका छैनन्। बरु, प्राधिकरणकै कर्मचारीमाथी नै आफुलाई असहयोग गर्न खोजेको लान्छना लगाउने गरेका छन्।

सरुवा-बढुवाको अधिकार कटौती हुँदा निरीह

प्राधिकरणको १०औं तह र सोभन्दा माथिल्लो तहका कर्मचारीको सरुवा-बढुवा, काज स्वीकृतिलगायतका अधिकार कार्यकारी निर्देशकबाट सञ्चालक समितिले खोसेको छ। व्यवस्थापकीय तहका कर्मचारीलाई राजनीतिक स्वार्थपूर्ति हुने गरी चलाउन खोज्ने उद्देश्यले यस्तो अधिकार सञ्चालक समितिले लिए पनि हितेन्द्रले प्रतिवादसम्म गरेका छैनन्।

सामाजिक उत्तरदायित्व कोषको रकम पूर्वाधारमा खर्च नगर्न सर्वोच्चको आदेश

सर्वोच्चको आदेशमा भनिएको छ– सामाजिक उत्तरदायित्व कोषमा जम्मा हुने रकम मुलुकमा रहेको चरम गरिबी निवारण गर्न तथा गरिबीको रेखामुनि रहेका नेपाली नागरिकको प्रत्यक्ष हित हुने गरी प्रयोग गर्ने व्यवस्था गर्नू

राष्ट्र बैंकले ०७७मा सामाजिक उत्तरदायित्व कोषमा जम्मा भएको सबै रकम 'कोरोना कोष'मा जम्मा गर्न निर्देशन दिएपछि विवाद निम्तिएको थियो

अजित अधिकारी/नयाँ पत्रिका

बैंक तथा वित्तीय संस्था र उद्योग-प्रतिष्ठानलाई संस्थागत सामाजिक उत्तरदायित्व कोषको रकम पूर्वाधार क्षेत्रमा नभई गरिब, विपन्न तथा लक्षित वर्गमा मात्रै खर्च गर्न सर्वोच्च अदालतले आदेश जारी गरेको छ।

सर्वोच्चका न्यायाधीशद्वय हरिप्रसाद फुँयाल र नृपध्वज निरौलाको इजलासले व्यावसायिक सामाजिक जिम्मेवारी बहन गर्ने प्रयोजनका लागि छुट्याइएको रकम र संस्थागत सामाजिक उत्तरदायित्व कोषमा जम्मा भएको रकम ठुला विकास आयोजनामा खर्च गर्न मिल्ने नभई गरिब, विपन्न तथा लक्षित वर्गको उत्थानमा खर्च गर्नुपर्ने फैसला गरेको हो।

१२ साउन, ०७७ मा राष्ट्र बैंकले एक सर्कुलरमार्फत बैंक तथा वित्तीय संस्थालाई सामाजिक उत्तरदायित्व कोषमा जम्मा भएको सबै रकम 'कोरोना संक्रमण रोकथाम, नियन्त्रण र उपचार कोष'मा जम्मा गर्न निर्देशन दिएपछि विवाद निम्तिएको हो। बैंकरले कोषको रकम कहाँ खर्चने भनेर राष्ट्र बैंकले सोझै हस्तक्षेप गर्न नपाउने तर्क गरेका थिए। त्यसैक्रममा परेको रिटमाथि सुनुवाइ गर्दै सर्वोच्चले तोकिएको क्षेत्रमा खर्च गर्न कुनै व्यवधान नभएको, तर पूर्वाधारलगायतका अन्य क्षेत्रमा खर्च गर्न नपाइने आदेश दिएको हो।

राष्ट्र बैंकले एकीकृत निर्देशिका जारी गरेर खुद नाफाको १ प्रतिशत सामाजिक उत्तरदायित्वअन्तर्गत खर्च गर्नुपर्ने गरी बैंक तथा वित्तीय संस्थालाई बाध्यकारी व्यवस्था गरेको छ। त्यस्तै, औद्योगिक व्यवसाय ऐन, ०७६ ले वार्षिक १५ करोड रुपैयाँ वा सोभन्दा बढीको कारोबार गर्ने उद्योग-प्रतिष्ठानले नाफाको १ प्रतिशत रकम छुट्याएर तोकिएको क्षेत्रमा खर्च गर्नुपर्ने व्यवस्था गरेको छ। बिमा प्राधिकरणले पनि 'बिमकको संस्थागत सुशासनसम्बन्धी निर्देशिका, २०८०' जारी गरेर नाफाको १ प्रतिशत रकम सामाजिक उत्तरदायित्वमा खर्च गर्न बिमा कम्पनीलाई निर्देशन दिएको छ।

सर्वोच्चले विभिन्न निर्देशिका र ऐनमा छरिएर रहेका व्यवस्थाअनुसार सामाजिक उत्तरदायित्वअन्तर्गतको रकम खर्च भइरहेको भन्दै दुई वर्षभित्र छाता कानुन निर्माण गर्न पनि सरकारलाई निर्देशन दिएको छ। 'संस्थागत सामाजिक उत्तरदायित्व कोषमा रहेको रकमबाट मुलुकमा रहेको चरम गरिबी निवारण गर्नेतर्फ केन्द्रित गर्न राष्ट्र बैंकसमेतलाई ऐनको निर्माण प्रक्रियामा समावेश गरी कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमार्फत यो आदेश जारी भएको दुई वर्षभित्र एक संस्थागत सामाजिक उत्तरदायित्वसम्बन्धी एकीकृत ऐनको मस्यौदा गरी व्यवस्थापिका संसद्मा पेस गर्नू' आदेशमा भनिएको छ।





सर्वोच्चले दिएको महत्त्वपूर्ण फैसला



हरिप्रसाद फुयाँल



नृपध्वज निरौला

- चरम गरिबीमा जीवनयापन गरिरहेका समुदायको छनोट गरेर त्यस्तो समुदायको आवास, शिक्षा, स्वास्थ्य, बालबालिका, महिलाको उत्थानमा खर्चने
- गरिब समुदाय बसोवास गरिरहेको निश्चित स्थान भएमा त्यस ठाउँको पूर्वाधार विकास, निजी शौचालय, स्नानकक्षलगायतका न्यूनतम मानवीय जीवनलाई आवश्यक पर्ने क्षेत्रमा कोषमा जम्मा भएको रकम खर्च गर्ने
- गरिबीको रेखामुनि रहेका जनसमुदायको राज्यसँग संवाद गर्न सक्ने क्षमता विकास गर्न संस्थागत सामाजिक उत्तरदायित्व कोषको रकम खर्च गर्ने
- उद्देश्य प्राप्तिको बाहेकका क्षेत्रमा खर्च वा प्रयोग गरिएमा वा बैंक तथा वित्तीय संस्थाका कर्मचारी तथा निजी आयोजनामा खर्च गरिएको अवस्थामा आवश्यक सम्बन्धित सरकारी निकायले कारबाही गर्ने
- कोषको जवाफदेहिता एवं उत्तरदायित्व प्रवर्द्धन गर्न प्रचलित कानुनी व्यवस्थामा आवश्यक संशोधन गर्ने
- उद्योगहरूले छुट्याएको रकम गरिबी निवारणको उद्देश्य प्राप्तिका लागि खर्च भए-नभएको सम्बन्धमा अनुगमन एवं कारबाही गर्न र त्यसरी छुट्याएको रकमको प्रभावकारिता, जवाफदेहिता तथा उत्तरदायित्व प्रवर्द्धन गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले आवश्यक व्यवस्था गर्ने।

किसानलाई २४ हजारमै पावर टिलर



दाङमा **दीपक बोहरा**

दाङको तुलसीपुर उपमहानगरपालिकाले पालिकाभित्रका ८० किसान समूह तथा फर्महरूलाई अनुदानमा पावर टिलर वितरण गरेको छ। त्यस्तै, सातवटा चाफ कटर मेसिन र तीनवटा धान कुट्ने मेसिन सहयोग गरेको हो। उपमहानगरपालिकाका प्रमुख टीकाराम खड्काले ५० प्रतिशत अनुदानमा किसानलाई मेसिन वितरण गरेको जानकारी दिए। बोलपत्रमार्फत खरिद गर्दा पावर टिलरलाई ४७ हजार र चाफ कटरलाई ३७ हजार पाँच सय र दाना एवं धान कुट्ने मेसिनलाई ४२ हजार परेको उपमहानगरले जनाएको छ।

निजी क्षेत्रको समस्या समाधान नगरे राष्ट्रिय आकांक्षा पूरा हुँदैन : उद्योगमन्त्री



नयाँ पत्रिका

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले निजी क्षेत्रका समस्या समाधान नगरेसम्म 'सुखी नेपाली, समृद्ध नेपाल'को राष्ट्रिय आकांक्षा पूरा गर्न नसकिने बताएका छन्। निजी क्षेत्रका समस्या समाधान भए मात्रै पुँजी र रोजगारी बढ्ने भन्दै उनले वर्तमान सरकार निजी क्षेत्रको प्रवर्द्धनमा प्रतिबद्ध रहेको बताए।

काठमाडौंमा मंगलबार आयोजित नेपाल उद्योग परिसंघको २२औं वार्षिक साधारणसभाको उद्घाटन सभामा बोल्दै उद्योगमन्त्री भण्डारीले निजी क्षेत्रका माग र मुद्दा समग्र राष्ट्रको हुने बताए। 'निजी क्षेत्रको माग र मुद्दा निजी क्षेत्रका मात्रै होइनन्, राष्ट्रिय हुन् र दशकौंदेखिका उहाँहरूको माग मुद्दा उस्तै छन्,' उनले भने, 'जबसम्म निजी क्षेत्रका समस्या समाधान हुँदैनन्, चुनौती हट्दैनन् तबसम्म देशले समृद्ध नेपाल सुखी नेपालीको चाहना पूरा गर्न सक्दैन।' नेपालको अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदान १५ प्रतिशतबाट ५ प्रतिशतमा झरेको भन्दै उनले यसले अहिलेको अर्थतन्त्रको अवस्था औंल्याएको बताए। उद्योगले देशको अर्थतन्त्र र देशको रोजगारी, उद्योग, उद्यमशीलता र विकासको मार्गचित्र देखाउने भन्दै यसको प्रवर्द्धनमा सरकार प्रतिबद्ध रहेको उनले बताए।

बैंकमा अधिक तरलता थुप्रिनु चुनौतीपूर्ण

नेपाल उद्योग परिसंघका अध्यक्ष राजेशकुमार अग्रवालले बैंक तथा वित्तीय संस्थामा कर्जा प्रवाह हुन नसकेर पैसा थुप्रिनु अर्थतन्त्रको अहिलेको सबैभन्दा ठुलो चुनौती भएको बताएका छन्। उनले अर्थतन्त्रको बाह्य क्षेत्र सन्तुलित हुनु, ब्याजदर एकल विन्दुमा आइपुग्नु तथा समग्र माग बढ्दासमेत कर्जा प्रवाह नबढ्नु चिन्ताको विषय भएको बताए।

'विदेशी विनिमय सञ्चिति, शोधनान्तर बचतको हिसाबले बाह्य क्षेत्र राम्रो छ, अहिले मुद्रास्फिति पनि न्यून छ, बैंक तथा वित्तिय संस्थामा लगानीयोग्य रकम साढे ६ खर्बभन्दा बढी छ। ब्याजदर पनि एकल विन्दुमा आएको छ,' उनले भने, 'ब्याजदर एकल विन्दुमा झरेको, बैंक तथा वित्तिय संस्थामा लगानीयोग्य रकम रहेको भए तापनि समग्र माग बढ्न नसक्दा उद्योगी व्यवसायीहरूले बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिइरहेका छैनन् र लगानीसमेत गर्न सकिरहेका छैनन्। विद्यमान अर्थतन्त्रको सबैभन्दा ठुलो चुनौती भनेको नै यही हो।'

दोहोरो अंकको आर्थिक वृद्धिका लागि अधिक लगानी

सांसद एवं उद्योगी विनोद चौधरीले लगानीको गति र मात्रालाई पाँच गुणा बढाए मात्रै देशले गुणात्मक फड्को मार्ने बताए। उनले अहिले पुँजीगत खर्च दुई खर्ब हाराहारी मात्रै भइरहेको भन्दै यसले मात्रै अपेक्षित विकास हासिल गर्न नसकिने औंल्याए। पुँजीगत खर्चलाई पाँच गुणाले बढाएमा दोहोरो अंकको आर्थिक वृद्धिदर हासिल गर्न सकिने उनले बताए। अहिले दैनिक दुई हजार चार सय हाराहारी युवा वैदेशिक रोजगारीमा गइरहेको तथा शैक्षिक अध्ययनका लागि वार्षिक डेढ खर्ब रुपैयाँ बिदेसिएको तथ्यांक डरलाग्दो र भयावह रहेको बताए।

■ बिमा प्राधिकरणको नीति कार्यक्रम

सरकारी स्कुलका विद्यार्थीको बिमा गरिने

वार्षिक नीतिले बिमा क्षेत्रलाई डोऱ्याउन र स्वनियमनमा राख्न मद्दत मिल्ने व्यवसायीको विश्वास



● **शरद ओझा**, अध्यक्ष, बिमा प्राधिकरण
प्रचलित कानुन, राष्ट्रिय बिमा नीति, नियमावली, प्राधिकरणको पञ्चवर्षीय रणनीतिक योजना, विगतका कार्यक्रम तथा अन्तर्राष्ट्रिय असल अभ्यासलाई आधार बनाएर वार्षिक नीति बनाइएको छ। बिमा प्रणाली तथा बिमा व्यवसायलाई व्यवस्थित, नियमित, प्रतिस्पर्धी तथा विश्वसनीय बनाउने लक्ष्य राखिएको छ।



● **चंकी क्षेत्री**, निवर्तमान अध्यक्ष, बिमक संघ
योजनाबद्ध रूपमा काम गर्नका लागि वार्षिक नीतिले सहयोग पुग्छ। नीतिमै आएपछि आगामी दिनमा त्यसको फलोअप पनि हुन्छ, त्यसले गर्दा राम्रो काम गर्न सकिन्छ।

नयाँ पत्रिका

बिमा प्राधिकरणले सरकारी स्कुलका विद्यार्थीलाई बिमाको दायरामा ल्याउने गरी आगामी आर्थिक बर्ष ०८२/८३ को 'नीति तथा कार्यक्रम' सार्वजनिक गरेको छ।। विशेषगरी स्थानीय तहसँगको सहकार्यमा विद्यार्थीहरूको दुर्घटना बिमा गर्ने योजना प्राधिकरणको छ।

प्राधिकरणका अध्यक्ष शरद ओझाले प्रचलित कानुन, राष्ट्रिय बीमा नीति, नियमावली, प्राधिकरणको पञ्चवर्षीय रणनीतिक योजना, विगतका कार्यक्रम तथा अन्तर्राष्ट्रिय असल अभ्यासलाई आधार बनाएर वार्षिक नीति बनाएको बताए।

'बिमा प्रणाली तथा बिमा व्यवसायलाई व्यवस्थित, नियमित, प्रतिस्पर्धी तथा विश्वसनीय बनाई त्यसको विकास गर्न, बिमा व्यवसायको स्वस्थ प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो बिमा सेवा उपलब्ध गराउने लक्ष्य राखिएको छ,' उनले भने, 'आजको डिजिटल युगमा प्रविधिको प्रयोग अत्यावश्यक भईसकेको छ। मोबाइल एप, टेलिम्याटिक्स, इन्स्योरटेक, सुपटेकलगायतका डिजिटल प्रणालीको प्रयोग गरी प्रविधिमैत्री बिमा सेवा प्रदान गर्न अपरिहार्य भएको छ।' उनले बिमकको लगानीलाई सुरक्षित र प्रभावकारी बनाउँदै बिमकहरूको वित्तीय स्थायित्व, जोखिम व्यवस्थापन तथा बिमित हित संरक्षण गर्न प्राधिकरण सक्रिय रहेको पनि बताए।

नेपाल जीवन बिमक संघका पोषक पौडेलले वार्षिक बिमा नीति महत्त्वपूर्ण हुने गरेको बताए।

'प्राधिकरणले जारी गरेको नीतिले बिमा क्षेत्रलाई कसरी अघि बढाउने भन्ने विषयमा मार्गदर्शन दिन्छ। प्राधिकरणलाई पनि स्वनियमनमा बस्न सजिलो हुन्छ।' उनले भने। नेपाल बिमक संघका निवर्तमान अध्यक्ष चंकी क्षेत्रले योजनाबद्ध रूपमा काम गर्नका लागि वार्षिक नीतिले सहयोग पुग्ने बताए। 'नीतिमै आएपछि आगामी दिनमा त्यसको फलोअप पनि हुन्छ, त्यसले गर्दा राम्रो काम गर्न सकिन्छ,' उनले भने।



■ नयाँ बिमा नीतिमा के-के छन् ?

- डिजिटल भुक्तानी तथा वैकल्पिक वितरण प्रणालीमार्फत बिमा सेवालाई सर्वसुलभ बनाउने, नयाँ मृत्युदर तालिका निर्माण गर्ने,
- बिमा कम्पनीमा पारदर्शिता ड्यासबोर्ड प्रणाली लागू गर्ने,
- विद्यालय तथा उच्च शिक्षाको पाठ्यक्रममा बिमासम्बन्धी विषय समावेश गर्ने, सरकारी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको बिमा गर्ने व्यवस्था मिलाउने।
- बिमा विकास कोष कार्यान्वयनसम्बन्धी कार्य गर्ने

अब जोखिमका आधारमा बिमाशुल्क लिइने

● प्राधिकरणले जोखिममा आधारित बिमाशुल्क गणना गर्ने प्रणालीको सम्भाव्यता अध्ययन गर्ने नीति ल्याएको छ। जोखिममा आधारित निरीक्षण प्रणालीको अनुसरण गर्दै, बिमकको निरीक्षण, सुपरिवेक्षण तथा अनुगमनलाई प्रभावकारी बनाउने नीतिअन्तर्गत यस्तो कार्यनीति ल्याइएको हो।

बिमा कम्पनीले न्यूनतम एउटा नवीनतम बिमालेख ल्याउनुपर्ने

● बिमा कम्पनीले कम्तीमा एउटा नवीनतम बिमालेख ल्याउनुपर्ने कार्यनीति प्राधिकरणको छ। अझै पनि बिमा कम्पनीले परम्परागत बिमा योजना बिक्री गर्दै आएकाले आलोचना भइरहेको छ।

बिमा सेवामा लैंगिक समावेशीकरण गरिने

● प्राधिकरणले बिमा सेवामा लैंगिक समावेशीकरण गर्ने नीति पनि ल्याएको छ। अबदेखि कम्पनीले पुरुष, महिला र अन्य बिमितको तथ्यांक छुट्याएर राख्नुपर्ने निर्देशन प्राधिकरणले जारी गर्ने भएको छ।

सल्यानमा जैविक मल प्रशोधन केन्द्र स्थापना, तर विद्युत् भोल्टेज नपुग्दा समस्या

सल्यानमा **दीपक शर्मा**

विषादीमुक्त बाली उत्पादन गर्ने उद्देश्यसहित सल्यानका दुई स्थानमा जैविक मल प्रशोधन केन्द्र स्थापना गरिएको छ। प्राकृतिक स्रोतको उचित उपयोग गर्दै वातावरणमैत्री कृषि प्रणालीको प्रवर्द्धन गर्न जिल्लाको वनगाड कुपिन्डे नगरपालिका र कुमाख गाउँपालिकामा जैविक मल प्रशोधन केन्द्र स्थापना गरिएको हो। वन क्षेत्रबाट संकलित पातपतिंगर, स्याउला, झारपातजस्ता कुहिने जैविक वस्तुलाई मेसिनको प्रयोगमार्फत प्रशोधन गरेर गोबरविना नै जैविक मल उत्पादन गर्न सम्भवतः जिल्लामै पहिलोपटक यो प्रयास गरिएको हो। वनगाड कुपिन्डे- ६ शान्ति सामुदायिक वन समूह र कुमाख गाउँपालिका- २ मा रहेको जयमालिका सामुदायिक वन समूहमा जैविक मल प्रशोधन केन्द्र स्थापना गरिएको छ।

कुमाखको जयमालिका सामुदायिक वन समूहमा आयोजनाको १७ लाख ५० हजार र जनश्रमदान ६२ हजार पाँच सय गरेर १८ लाख १२ हजार लागतमा जैविक मल प्रशोधन केन्द्र स्थापना गरिएको समितिका अध्यक्ष खिमबहादुर बुढाले जानकारी दिए। उनले भने, 'मल उत्पादनका लागि हालसम्म १५ क्विन्टल स्याउला संकलन भइसकेको छ, तर विद्युत् भोल्टेज कम भएकाले मेसिन सञ्चालन हुन सकेको छैन। दुईवटा मोटरसमेत जलिसकेका छन् र विद्युत् प्राधिकरणसँग समस्या समाधानका लागि आग्रह गरेका छौं।'

यसैगरी वनगाड कुपिन्डे नगरपालिकाको वडा नम्बर ६ स्थित शान्ति सामुदायिक वन समूहमा पनि १९ लाखभन्दा बढीको लागतमा प्रशोधन केन्द्र स्थापना गरिएको छ। समूहका



अध्यक्ष धनबहादुर सिंहले ११ क्विन्टल पातपतिंगर संकलन भइसकेको, तर विद्युत् अभावकै कारण मल उत्पादन गर्न नसकिएको बताए।

दुवै स्थानमा प्रशोधन केन्द्रका लागि टहरा निर्माण गरिएको छ। जैविक मल प्रशोधनका लागि आवश्यक यन्त्र उपकरणहरू जडान गरिएका छन्। ती उपकरणहरूमा स्याउला टुक्र्याउने मेसिन, मल छानेर ग्रेडिङ गर्ने मेसिन, प्याकेजिङ मेसिन, नाम प्रिन्ट गर्ने मेसिन, मल कुवाउने ड्रम आदि छन्। मल प्रशोधनको क्रममा सूक्ष्म जीवयुक्त झोल प्रयोग गरिने र यसले जैविक पदार्थलाई छिटो कुहाएर मलमा रूपान्तरण गर्ने वन समूहहरूले जनाएका छन्।

पारिस्थितिकीय प्रणालीमा आधारित अनुकूलन कार्यक्रमअन्तर्गत सञ्चालित 'समूहको आयआर्जन वृद्धि कार्यक्रम'मार्फत प्रशोधन केन्द्र स्थापना गरिएको हो। वन क्षेत्रमा हरेक वर्ष लाग्ने डढेलोको समस्या न्यूनीकरण गर्न पनि यो कार्यक्रमले टेवा पुऱ्याउने पारिस्थितिकीय प्रणालीमा आधारित अनुकूलन आयोजना कार्यक्रमका जिल्ला सयोजक डा. दिगम्बर सिंह दाहालले बताए। डढेलो लाग्नुअगाडि नै पातपतिंगर संकलन गरेर मल उत्पादनमा प्रयोग गर्ने रणनीति बनाइएको छ। यसले आगामी वर्षमा वन डढेलोबाट जोगाउनुका साथै उत्पादनशील मलमार्फत कृषिमा सकारात्मक असर पार्ने दाहालको अपेक्षा छ।

कृषिमा रासायनिक मलको अत्यधिक प्रयोगले माटोको उर्वर शक्ति घट्दै गएको अवस्थामा जैविक मल उत्पादनले माटो लाई पुनः जीवन्त बनाउने र उत्पादन प्रणालीलाई दिगो बनाउने विश्वास गरिएको उनले बताए। उनले भने, 'स्थानीय स्रोतसाधनको उपयोग गर्दै किसान समूहलाई गुणस्तरीय मल उपलब्ध गराउने र विषादीमुक्त तथा सुरक्षित बाली उत्पादनमा सहयोग गर्ने यो कार्यक्रमको उद्देश्य हो।'

पूर्वप्रधानन्यायाधीश श्रेष्ठलाई 'हेमबहादुर मल्ल सम्मान' प्रदान गरिने

नयाँ पत्रिका



पूर्वप्रधानन्यायाधीश कल्याण श्रेष्ठलाई यस वर्षको 'हेमबहादुर मल्ल सम्मान' प्रदान गरिने भएको छ। साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेड र नेपाल जनप्रशासन संघको संयुक्त आयोजनामा श्रेष्ठलाई न्यायिक नेतृत्व र संस्थागत विकासमा पुऱ्याएको योगदानको कदरस्वरूप उक्त सम्मान प्रदान गर्न लागिएको हो। मंगलबार आयोजित पत्रकार सम्मेलनमा आगामी २६ असारमा पूर्वप्रधानन्यायाधीश श्रेष्ठलाई अभिनन्दन पत्रसहित नगद दुई लाख रुपैयाँसहित सम्मान अर्पण गर्न लागिएको संघका अध्यक्ष मधुरमण आचार्यले जानकारी दिए। उनका अनुसार संक्रमणकालीन न्याय, समावेशी लोकतन्त्र र वातावरण समन्यायका सवालमा उनका विचार, अडान र फैसलाको ऐतिहासिक भूमिकालगायतको विशिष्ट योगदानको कदरस्वरूप उनलाई सो सम्मान प्रदान गर्न लागिएको हो।

कल्याण श्रेष्ठले कानुन र राजनीतिशास्त्रमा औपचारिक शिक्षा प्राप्त गरी जिल्ला, पुनरावेदन हुँदै सर्वोच्च अदालतमा न्यायाधीशका रूपमा सेवा गरेका थिए। उनी मुलुकका २५औं प्रधानन्यायाधीश हुन्।

■ किन स्थापना गरियो हेमबहादुर मल्ल सम्मान ?

ख्यातिप्राप्त प्रशासक एवं व्यवस्थापक स्वर्गीय हेमबहादुर मल्लले साल्ट ट्रेडिङ कर्पोरेसनको नेतृत्व तहमा रही सार्वजनिक वितरण, सेवा र व्यवस्थापनमा प्रेरणादायी योगदान गरेका थिए। सोही योगदानको कदर गर्दै साल्ट ट्रेडिङ कर्पोरेसनको सौजन्यमा हेमबहादुर मल्ल सम्मान विसं २०५७ सालमा स्थापना गरिएको साल्ट ट्रेडिङका अध्यक्ष प्रदीपलाल श्रेष्ठले जानकारी दिए। मल्लको जन्म विसं १९९५ सालमा निसिभुजी, बागलुङमा भएको थियो। उनले साल्ट ट्रेडिङ कर्पोरेसनमा संस्थापक प्रमुख, कार्यकारी प्रमुख, डाइरेक्टर इन्चार्ज, प्रमुख सल्लाहकार र अध्यक्षसम्म भएर सेवा गरेका थिए। उनी नेसनल फाइनान्स कम्पनी, सगरमाथा इन्स्योरेन्स, र सुवर्ण फर्मास्युटिकल्सको अध्यक्षसमेत भएका थिए।

दशवर्षे सशस्त्र द्वन्द्वको अवसान, बृहत् शान्ति-सम्झौता र संविधानसभाको निर्वाचनजस्ता महत्त्वपूर्ण राजनीतिक संक्रमणका बखत उनको न्यायिक सक्रियता उल्लेखनीय रहेको जनप्रशासन संघले जनाएको छ। श्रेष्ठको चयन पूर्वलोकसेवा आयोग अध्यक्ष उमेश मैनालीको संयोजकत्वमा गठित छनोट समितिले गरेको हो।

हेमबहादुर मल्ल सम्मान ०५७ सालमा स्थापना गरिएको हो। सार्वजनिक वितरण, सेवा र व्यवस्थापन क्षेत्रमा स्वर्गीय हेमबहादुर मल्लको योगदानको कदर गर्दै साल्ट ट्रेडिङ कर्पोरेसनको सौजन्यमा उक्त सम्मान स्थापना गरिएको हो।

निजी क्षेत्रको मनोबल बढाउने मौद्रिक नीति ल्याउन महासंघको सुझाव

सुशासन र पूर्वाधारको कमीले नीतिगत सुधारको प्रतिफल प्राप्त हुन नसकेकाले पूर्वाधार निर्माणलाई लक्षित गरी मौद्रिक नीतिको योजना आउनुपर्ने महासंघको निष्कर्ष

नयाँ पत्रिका

निजी क्षेत्रको मनोबल उठाउने गरी आगामी मौद्रिक नीति ल्याउन उद्योग वाणिज्य महासंघले राष्ट्र बैंकका गभर्नर डा. विश्वनाथ पौडेललाई सुझाव पेस गरेको छ।

महासंघका कार्यवाहक अध्यक्ष अञ्जन श्रेष्ठ नेतृत्वको पदाधिकारीहरूले मंगलबार गभर्नर पौडेललाई भेटेर अर्थतन्त्रमा देखिएको शिथिलता, वित्तीय क्षेत्रको जोखिम र अनौपचारिक क्षेत्रको ठुलो हिस्सालाई केन्द्रविन्दुमा राखेर सुधारोन्मुख अर्थतन्त्रलक्षित मौद्रिक नीति तर्जुमा हुनुपर्ने धारणा राखेको छ। 'निजी क्षेत्रको मनोबल बढाउन र सम्पत्ति शुद्धीकरणसम्बन्धी जोखिमलाई सम्बोधन गर्ने नीतिगत सुधारहरूको आवश्यकतामा छ,' महासंघले जारी गरेको विज्ञप्तिमा भनिएको छ।

महासंघले बजेटमा उल्लेखित कर्जा पुनर्तालिकीकरण र पुनर्संरचनाको व्यवस्थालाई कार्यान्वयन गर्न ठोस कार्यक्रम समावेश गर्नुपर्ने र यस्तो सुविधा साना, मझौला, र ठुला सबै उद्योग-व्यवसायका लागि उपलब्ध गराउनुपर्ने, थप कार्यशील पुँजी प्रवाह र ब्याज जरिवानामा सहुलियतको व्यवस्थालाई स्पष्ट र प्रभावकारी रूपमा लागू गर्नुपर्ने सुझाव पनि दिएको छ।

त्यस्तै, उत्पादनमूलक, पर्यटन, निर्माण क्षेत्र, र आवास विकास कम्पनीका लागि सरल र सुलभ कार्यशील पुँजी कर्जा उपलब्ध गराउन सहजीकरण गर्नुपर्ने, व्यवसायको प्रकृतिअनुसार चालू पुँजी कर्जाको निर्णय गर्ने अधिकार



अञ्जन श्रेष्ठ
कावा अध्यक्ष, महासंघ

> लघु, घरेलु, साना, र महिलाद्वारा सञ्चालित निर्यातजन्य उद्योगको प्रतिस्पर्धी क्षमता कायमै राख्न सहुलियत कर्जा उपलब्ध गराउने नीतिगत व्यवस्था गर्नुपर्ने आवश्यकता छ। महिला उद्यमशीलता कर्जालाई उत्पादनसँग जोडेर ब्याज अनुदानको व्यवस्थालाई व्यवस्थित गर्नुपर्ने र पाँच करोड रुपैयाँसम्मको कर्जामा अधिकतम २ प्रतिशत प्रिमियम दरमा कर्जा उपलब्ध गराउने व्यवस्था गर्नुपर्ने सुझाव दिएका छौं।

सम्बन्धित बैंक र ऋणीहरूलाई दिनुपर्ने तथा अर्थतन्त्रमा उद्योग क्षेत्रको हिस्सा १२.४% मा झरेको सन्दर्भमा उद्योगहरूले प्राप्त गर्ने कर्जाको ब्याजदर व्यापारको तुलनामा १-२ प्रतिशत कम हुनुपर्ने सुझाव पेस गरिएको कार्यवाहक अध्यक्ष श्रेष्ठले जानकारी दिए।

जेन-जी पुस्तालाई व्यवसायमा आकर्षित गर्न सक्नुपर्ने र एक करोड रुपैयाँसम्मको परियोजना कर्जा उपलब्ध गराउनुपर्ने महासंघको धारणा छ। वैदेशिक रोजगारमा रहेकै बखत औपचारिक माध्यमबाट रेमिट्यान्स पठाउने व्यक्तिको नेपालस्थित आश्रित परिवारलाई सहुलियतपूर्ण कर्जा उपलब्ध गराउनुपर्ने पनि महासंघको सुझाव छ।

हालको लक्षित कर्जा नीतिलाई परिमार्जन गरी उत्पादनमूलक उद्योग, पर्यटन, र पूर्वाधारलाई प्राथमिकतामा राखेर निर्देशित नीति बनाउनुपर्ने, बैंक तथा वित्तीय संस्थाको गैरव्यावसायिक सम्पत्ति बढ्दै गएकाले सम्पत्ति व्यवस्थापन कम्पनी स्थापना र सञ्चालन गर्नुपर्ने सुझाव पनि महासंघले दिएको छ।

हाल रेमिट्यान्स कम्पनीमार्फत आन्तरिक विप्रेषण पठाउन नपाउने व्यवस्थालाई संशोधन गर्दै कम्तीमा एक लाख रुपैयाँसम्म आन्तरिक रूपमा पाउने-पठाउने व्यवस्था गर्नुपर्ने महासंघले सुझाव दिएको छ। आवासीय घरकर्जाको सीमा दुई करोडबाट तीन करोड रुपैयाँ पुऱ्याउन र बजेटमा उल्लेखित केवाइसीलाई राष्ट्रिय परिचयपत्रमा आबद्ध गरी विद्युतीय माध्यमबाट सम्बन्धित निकायले प्राप्त गर्न सक्ने व्यवस्था कार्यान्वयन गर्नुपर्ने विषय पनि सुझावमा समेटिएको छ।

विदेशमा लगानी गर्ने सन्दर्भमा महासंघले नेपाली व्यवसायी-कम्पनीलाई विदेशमा बिक्री शाखा वा प्रशोधन कारखाना खोल्न अनुमति दिने र कुल निर्यातको २५ प्रतिशतसम्म विदेशमा लगानी गर्न दिने बजेटको घोषणालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न तथा नेपाली नागरिकले विदेशी कम्पनीलाई प्रविधि/विशिष्ट सेवा प्रदान गरेबापत स्वेट सेयर लिन पाउने व्यवस्थालाई स्पष्ट गरी मौद्रिक नीतिमा समावेश गर्न महासंघले सुझाव दिएको छ।

गण्डकी विद्युत् विधेयकमा इप्पानका सुझाव

काठमाडौं/ गण्डकी प्रदेशको प्रस्तावित विद्युत् विधेयकमा स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)ले विभिन्न सुझाव पेस गरेको छ।

इप्पानका तर्फबाट गण्डकी प्रदेश संयोजक तथा केन्द्रीय कार्यसमितिका सल्लाहकार जगत पोखरेलले प्रदेशसभाको सामाजिक विकास तथा कृषि समिति सभापति दमयन्ती रुचालसमक्ष सुझावको तीन महले संशोधन सोमबार हस्तान्तरण गरेका हुन्। संयोजक पोखरेलले प्रदेश सरकारले निर्माण गर्न लागेका जलविद्युत् आयोजनाका लागि संरचनागत स्पष्टता, संघीय कानुनसँगको तादात्म्यता र अनुगमन संयन्त्रमा पारदर्शिता हुनुपर्ने बताए।

इप्पानले दिएका सुझावहरूमा प्रदेशले ल्याउन लागेको विधेयक राजस्वमा मात्रै केन्द्रित भएकाले यसलाई यथार्थपरक बनाउनुपर्ने, विधेयकमा राखिएका ठुला सजायका प्रावधान र अनुगमन अधिकृतलाई दिइने तर्जाबिजी अधिकार सच्याउनुपर्ने, सरकारी निजी कम्पनीलाई विभेद गर्ने खालका प्रावधान राख्न नहुनेलगायत छन्। गण्डकी प्रदेशका ऊर्जा मन्त्री फणीन्द्र देवकोटाले सरोकारवालाका सुझावलाई समेट्दै ऐनलाई कार्यान्वयनमुखी र व्यवहारमा लागू गर्न सकिने खालको बनाउने प्रतिबद्धता जनाएका छन्।

एसबिआई बैंकले मनायो वार्षिकोत्सव

काठमाडौं/ नेपाल एसबिआई बैंकले ३२औं वार्षिकोत्सव मनाएको छ। वार्षिकोत्सवका अवसरमा बैंकले सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत रक्तदान कार्यक्रमको आयोजना गरेको हो। बैंकको कमलादी, काठमाडौंस्थित कर्पोरेट कार्यालयसहित सबै प्रदेश कार्यालयमा रक्तदान गरिएको थियो। त्यसैगरी, फरक क्षमता भएका व्यक्तिहरूलाई भैरहवा, रुपन्देहीमा ह्विलचियर वितरण पनि गरेको बैंकले जनाएको छ।



सोही अवसर पारी बैंकले शपथग्रहण समारोहसमेत आयोजना गरेको थियो। समारोहमा बैंकका सबै कर्मचारीले बैंकप्रतिको जिम्मेवारीका लागि प्रतिबद्धता व्यक्त गरेका छन्। कार्यक्रमलाई सम्बोधन गर्दै प्रबन्ध निर्देशक तथा प्रमुख कार्यकारी अधिकृत रामकुमार तिवारीले बैंकको उपलब्धिबारे प्रकाश पारेका थिए। साथै, उनले बैंकको दिगो प्रगति कायम राख्न व्यक्तिगत जिम्मेवारी बहन गर्नुपर्नेमा पनि जोड दिए।

त्यसैगरी, बैंकका नायब प्रमुख कार्यकारी अधिकृत तथा प्रमुख सञ्चालन अधिकृत विकास आनन्दले बैंकको उपलब्धिमा योगदान पुऱ्याएकोमा सबै कर्मचारीलाई धन्यवाद दिँदै यसलाई निरन्तरता दिन पनि आग्रह गरे।

लोअर मिड रावाको आइपिओ बिक्री प्रबन्धकमा आरबिबी



काठमाडौं/ लोअर मिड रावा खोला हाइड्रोपावरले प्राथमिक सार्वजनिक निष्कासन (आइपिओ) जारी गर्ने भएको छ। कम्पनीको आइपिओ निष्कासन तथा बिक्री प्रबन्धकमा आरबिबी मर्चेन्ट नियुक्त भएको हो। यी दुई संस्थाबिच सेयर जारी गर्नेबारे सम्झौता भएको छ। सम्झौतापत्रमा हाइड्रोपावरका तर्फबाट कार्यकारी अध्यक्ष शम्भुप्रसाद घिमिरे र मर्चेन्ट बैंकिङका तर्फबाट प्रमुख कार्यकारी अधिकृत बद्रीप्रसाद प्याकुरेलले सोमबार हस्ताक्षर गरेका हुन्।

खोटाङमा निर्माणधीन चार मेगावाट क्षमता आयोजनाले १० करोड रुपैयाँले हुन आउने प्रतिकित्ता एक सय रुपैयाँको दरमा १० लाख कित्ता आइपिओ निष्कासन गर्नेछ। आरबिबी मर्चेन्ट राष्ट्रिय वाणिज्य बैंकको पुर्ण स्वामित्वमा सञ्चालित संस्था हो।

सांग्रिला डेभलपमेन्ट बैंकको 'अक्सिजन कन्सन्ट्रेटर' सहयोग

काठमाडौं/ सांग्रिला डेभलपमेन्ट बैंकले रोल्पाको सुनील स्मृति गाउँपालिका- ४, स्थित प्राथमिक स्वास्थ्य केन्द्रलाई स्वास्थ्य सामग्री 'अक्सिजन कन्सन्ट्रेटर' हस्तान्तरण गरेको छ। सोमबार आयोजित एक कार्यक्रमबिच बैंकका दाङ सबक्लस्टर प्रमुख आसकुमार जरेजूले स्वास्थ्य केन्द्रका प्रमुख डा. युवराज महरालाई 'अक्सिजन कन्सन्ट्रेटर' हस्तान्तरण गरे। यो सहयोग बैंकको सामाजिक उत्तरदायित्वअन्तर्गत हस्तान्तरण गरिएको हो।



कार्यक्रममा गाउँपालिका अध्यक्ष मनिराज बुढाथोकी, उपाध्यक्ष मीना थापा, बैंकको सुलिचौर शाखा इन्चार्ज कमलविक्रम शाहलगायतको उपस्थिति थियो। गाउँपालिका अध्यक्ष बुढाथोकी, उपाध्यक्ष थापा तथा डा. महराले 'अक्सिजन कन्सन्ट्रेटर'ले बिरामीको उपचारमा ठुलो सहयोग पुग्ने विश्वास व्यक्त बैंकलाई धन्यवाद दिए। यसअघि बैंकले मुस्ताङको स्याङ आधारभूत स्वास्थ्य सेवा केन्द्रलाई पनि एक थान 'अक्सिजन कन्सन्ट्रेटर' हस्तान्तरण गरेको थियो। बैंकले हाल एक सय नौ शाखा कार्यालय र ३० वटा एटिएममार्फत सेवाप्रवाह गर्दै आएको छ।

हिमालयनको एफपिओ ३२ असारदेखि

काठमाडौं/ हिमालयन बैंकले ३२ असारदेखि थप सार्वजनिक निष्कासन (एफपिओ) जारी गर्ने भएको छ। बैंकले प्रतिकित्ता १५७ रुपैयाँका दरले कुल ९२ लाख ५० हजार ४६९ कित्ता एफपिओ सर्वसाधारणमा निष्कासन गर्न लागेको हो। एफपिओ निष्कासनपछि बैंकको सेयर स्वामित्व संस्थापकको ७० र सर्वसाधारणको ३० प्रतिशत पुग्नेछ। लगानीकर्ताले न्यूनतम १० कित्ता र अधिकतम सबै कित्ताका लागि ४ साउनसम्म आवेदन दिन पाउनेछन्। तर, तोकिएको समयभित्र पर्याप्त आवेदन नपरेमा १४ साउनसम्म म्याद लम्बिनेछ।

साइन रेसुंगाको ऋणपत्र बिक्रीमा आउँदै

काठमाडौं/ साइन रेसुंगा डेभलपमेन्ट बैंकले 'साइन रेसुंगा डिबेन्चर' निष्कासन गर्ने भएको छ। बैंकले एक अर्ब रुपैयाँबराबरको प्रतिकित्ता एक हजार रुपैयाँका दरले कुल १० लाख कित्ता ऋणपत्र ३२ असारदेखि बिक्रीमा ल्याउनेछ। यो ऋणपत्रको अवधि १० वर्षको हुनेछ भने वार्षिक आठ प्रतिशत ब्याज पाइनेछ। त्यसका लागि खरिदकर्ताले न्यूनतम २५ कित्ता र अधिकतम पाँच लाख कित्ता माग गर्दै ४ साउनसम्म आवेदन दिनुपर्नेछ। तोकिएको अवधिभित्र पूर्ण आवेदन नपरेमा १४ साउनसम्म आवेदनको मिति थपिने बैंकले जनाएको छ।

का.म.न.पा. ३० वडा मैतिदेवी स्थित घरको पहिलो तल्लाको फ्ल्याट बहालमा लिई रोल्पा जिल्ला लिबाङ गा. वि.स. वडा नं ६ बस्ने श्री आशिष शाह र ठेगाना नखुलेको समिर राज वाग्लेको नामको उपस्थिति हुने बारे ३५ दिने सूचना ।

यस का.म.न.पा. ३० वडा मैतिदेवी स्थित घरको कित्ता ३८३ को क्षे.फ. १-८-०-३ मा वनेको घरमा श्री रोशन कुमार मण्डलले २ फ्ल्याट भाडामा २ फ्ल्याट मध्ये एक फ्ल्याट विगत २०८१/०२/०२ देखि रोल्पा जिल्ला लिबाङ गा. वि.स. वडा नं ६ वस्ने श्री आशिष शाह र ठेगाना नखुलेको समिर राज वाग्लेले सम्झौता नगरी बहालमा लिई संयुक्त रुपमा 'Messenger Tours and Travels Pvt. Ltd.' नामक संस्था सञ्चालन गर्दै आउनुभएको र विगत २०८१ कार्तिक महिनादेखि भाडा नदिई हाल सम्पर्क विहिन हुनुभएकोले यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्राप्त भएको मितिले ३५ दिनभित्रमा सम्पर्कमा आई तिर्नु पर्ने घरभाडा बुझाउनु होला अन्यथा कानुन अनुसार कोठा खाली गरिने व्यहोरा जानकारी गराइन्छ।

घरधनी: श्री सौरभ पन्त । का.म.पा. ३०

बर्दियामा ५८.७५ प्रतिशत धान रोपाइँ

मौसम पूर्वानुमान महाशाखाले अनुमान गरेअनुसार वर्षा नभएपछि रोपाइँका लागि पानी अभाव, कतिपय ठाउँमा रोपाहारसमेत नपाउँदा रोपाइँमा ढिलाइ



बर्दियामा **प्रकाश पौडेल**

धान उत्पादनको दृष्टिकोणले उर्वर मानिने बर्दियामा ५८.७५ प्रतिशत धान रोपाइँको काम सकिएको छ। एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालयका अनुसार हालसम्म बर्दियामा ५८.७५ प्रतिशत धान रोप्ने काम सकिएको छ भने अझै ४१.२५ प्रतिशत धान रोपाइँको काम बाँकी रहेको छ। धान खाद्यान्न बाली भएकाले पनि उहाँका अधिकांशले किसानले धानखेती गर्दै आएको छ।

यहाँ ५० हजार १ सय ५० हेक्टरमा धानखेती हुने गरेको छ। जसमध्ये २९ हजार ४ सय ३३ हेक्टरमा धान खेती भइसकेको एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालयका प्रमुख सागर ढकालले बताए। उनले भने, 'बर्दियामा प्रतिहेक्टर ४.७ मेट्रिकटनको धान उत्पादन हुन्छ। धान उत्पादन दृष्टिकोणले बर्दिया उपयुक्त मानिन्छ। अहिलेससम्म राजापुर ७० प्रतिशत, गेरुवा ६५ प्रतिशत ,बाँसगढी ६० प्रतिशत, ठाकुरबाबा ६० प्रतिशत, बढैयाताल ५५ प्रतिशत, मधुवन ६० प्रतिशत, बारबर्दिया ६० प्रतिशत र गुलरिया ६० प्रतिशत जग्गामा धान रोप्ने काम भइसकेको छ।'

मौसम पूर्वानुमान महाशाखाले अनुमान गरेअनुसार वर्षा नभएकाले धान रोप्नका लागि पानी अभाव भएको हुँदा पनि धान रोप्ने काम नसकिएको प्रमुख ढकालले बताए। 'कतिपय ठाउँमा खेत रोप्ने मानिस नपाएको पनि धान रोपाइँको काम ढिलो भएको छ,' उनले भने।

गेरुवा गाउँपालिका- ४ का किसान सीताराम थारूले यस वर्ष धान रोप्न मान्छे नपाएको बताए। उनले भने, 'एकतिर मान्छे नपाउने समस्या छ। अर्कोतिर सरकारले आवश्यकता अनुसार मल नपठाउँदा समस्या भएको छ। खेतमा मल नहाल्दा उत्पादन कम हुन्छ। त्यसकारण सरकारले ठुल्ठुला गफ दिनेभन्दा पनि समयमै मलको व्यवस्थापन गरिदिनुपर्छ।'

श्रमसँग श्रम साटासाट गर्ने अर्मपर्म प्रथा हराउँदै

असार महिना लाग्नेबित्तिकै किसानलाई रोपाइँको चटारो हुन्छ। मानो रोपेर मुरी फलाउने समयमा किसान रोपाइँमै व्यस्त छन्। तर, पहिले-पहिलेजस्तो धान रोपाइँ गर्न अर्मपर्म जाने चलन भने हराउँदै गएको छ।

नेपाली बृहत् शब्दकोशका अनुसार पर्मको अर्थ हो- आफू-आफूमा आलोपालो गरी एकले अर्काको काम गरिदिने चलन। यो परम्पराको इतिहास दुई सय वर्ष पुरानो भएको मानिन्छ। बिस्तारै समय फेरिँदै जाँदा कृषिक्षेत्रमा आधुनिकता भित्रिएको छ र त्यसले खेती गर्ने पद्धतिमा पनि परिवर्तन ल्याएको छ। त्यही परिवर्तनका कारण परम्परागत रूपमा चल्दै आएको अर्मपर्म प्रथा हराउँदै गएको छ। कतिसम्म भने अहिलेका युवा पुस्तालाई पर्म प्रथाबारे थाहा नै छैन। पहाडमा अझै पनि राँगा गोरूले खेतबारी जोत्ने भए पनि तराईमा भने यस्तो दृश्य देख्न मुस्किल पर्छ। तराईमा आजकाल ट्र्याक्टर, पावर टेलरले जोतिन्छ। धान रोप्नेदेखि लिएर धान काट्नेसम्मको काम मेसिनले नै गर्छ।


गुलरिया नगरपालिका- ४ की हुमकुमारी लम्सालले पर्म प्रथामा सामूहिक भावना जोडिएर धान र कोदो रोप्दा, गोड्दा र काट्ने वेलामा आलोपालो गर्दै एक-अर्कालाई सहयोग गर्दै खेतीपाती गर्ने गरिएको बताइन्। उनले विगत सम्झँदै भनिन्, 'पहिला गाउँघरमा पैसा दिएर काम गर्ने चलन बसिसकेको थिएन। त्यही भएर छरछिमेकी खेतबारीमा पालोपालो काम गर्ने गरिन्थ्यो। जसलाई हामी पर्म भन्थ्यौं।' उनका अनुसार पर्म प्रथामा विशेष गरी श्रम आदान-प्रदान जोडिएको हुन्थ्यो। पर्म गर्न जाँदा गीत गाउँदै रमाइलो गर्दै धान, कोदो रोप्नेदेखि लिएर काट्नेसम्मको काम हुन्थ्यो।

अहिले भने यो चलन हराउँदै जान थालेको छ। 'कहाँकतै पर्म जाने चलन छ भन्ने सुनेकी छु,' उनले भनिन्, 'अहिले पर्म जाने चलनका के कुरा गर्नु धान रोप्नका लागि रोपार पाउनसमेत मुस्किल भएको छ। खेत जोत्नका लागि ट्र्याक्टर, पावर टेलर भएको भए पनि खेत रोप्नका लागि रोपार पाउन मुस्किल छ।'

बबई बहुमुखी क्याम्पसका समाजशास्त्रका उपप्राध्यापक प्रेमप्रसाद अधिकारीले पशुपालन र कृषियुगमा वस्तुको विनिमय प्रणालीबाट आवश्यकता पूरा गर्ने क्रम सुरु भएको बताए। उनले भने, 'क्रमशः बढ्दै गएको पशु हेरचाह र कृषि उत्पादनका लागि आलोपालो वा अर्मपर्म गर्नुपर्ने अवस्था आयो। त्यसलाई पूरा गर्नका लागि परिवार-परिवारबिचमा तथा परिवार र समुदायका अन्य सदस्यका बिचमा आपसी सम्झदारीबाट कामको आवश्यकता र समयअनुसार प्राथमिकता निर्धारण गरी पर्म जाने चलन सुरु भएको हो।'

पहिला-पहिला श्रमसँग श्रम साटासाट गर्ने चलन थियो, जसलाई पर्म भन्ने गरिन्थ्यो। तर, अहिले श्रमसँग साटासाट हुँदैन। श्रम गरेबापत पैसा लिने भएकाले पनि पर्म प्रथा हराउँदै गएको उपप्राध्यापक अधिकारीले बताए।

भावपूर्ण श्रद्धाञ्जली



जन्म : वि.सं. १९५८/२/१६
स्वर्गारोहण: वि.सं. २०८२/३/२०

स्व. कुलबहादुर राई

यस संस्थाका अध्यक्ष श्री कुलबहादुर राईज्यूको ८४ वर्षको उमेरमा असामयिक निधन भएकोमा हामी मर्माहत भएका छौं । उहाँको आत्माको सुप्तुलुडमा बास होओस् भन्दै यस दुःखद घडीमा शोकाकुल परिवारमा धैर्यधारणको कामना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।

बान्तावा शब्दकोश तथा व्याकरण निर्माण समिति, काठमाडौं

का.नि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७७
बुधबार २५ असार ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

पहिलो संस्करणको एनपिएल विवादमा

दोस्रो संस्करणको काम नगर्न क्यानलाई छानबिन कार्यदलको निर्देशन

एनपिएलको दोस्रो संस्करण तयारी सुरु भइसकेको छ, सबै फ्रेन्चाइज टोलीले खेलाडी रिटेन र रिलिज गरिसकेका छन्, तर कार्यदलको निर्देशनपछि दोस्रो संस्करणको एनपिएल अन्योलमा परेको छ

खेलकुद मन्त्रालयले रञ्जना प्रधानको संयोजकत्वमा गठन गरेको कार्यदलले क्यानलाई पत्र पठाउँदा राखेपको लेटरहेड अनुमतिविना नै प्रयोग गरेको थियो, मंगलबार विज्ञप्तिमार्फत राखेपले कार्यदललाई परिषद्को लेटरहेड प्रयोग नगर्न निर्देशन दिएको छ

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

खेलकुद मन्त्रालयले गठन गरेको छानबिन कार्यदलले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेको उजुरीका सम्बन्धमा छानबिन नसकिँदासम्म नेपाल प्रिमियर लिग (एनपिएल)का कुनै पनि कार्य नगर्न-नगराउन नेपाल क्रिकेट संघ (क्यान)लाई निर्देशन दिएको छ। कार्यदलले आइतबार क्यान अध्यक्ष चतुरबहादुर चन्दलाई पाँचबुँदे पत्र पठाउँदै यस्तो निर्देशन दिएको हो।

कार्यदलले तेस्रोपटक पठाएको पत्रमा उल्लेखित प्रश्नमा सार्वजनिक खरिद ऐनको उल्लंघन गरेर प्रसारण अधिकार दिएको, स्पष्ट मिति नखुलाएर गोलमटोल बोलपत्र निकालेको, राष्ट्रिय खेलकुद विकास ऐनको प्रावधानविपरीत स्वीकृति नै नलिई विदेशी परामर्शदाता नियुक्त गरेको र स्वदेशी प्रसारण संस्थाले प्रतिस्पर्धा नै गर्न नसक्ने सर्त राखेर सिन्डिकेट गरेको उल्लेख छ।

कार्यदलले गत १४ जेठ र २१ जेठमा पनि क्यानलाई एनपिएलको सम्बन्धमा जवाफ पठाउन पत्र पठाएको थियो। अख्तियारमा १२ फागुनमा दर्ता भएको उजुरीका सम्बन्धमा खेलकुदमन्त्री तेजुलाल चौधरीले ११ जेठमा मन्त्रीस्तरीय निर्णय गर्दै रञ्जना प्रधानको संयोजकत्वमा कार्यदल गठन गरेका थिए। पहिलो र दोस्रोपटक पठाइएको पत्रमा क्यानले चित्तबुझ्दो जवाफ नपठाएको कार्यदलको ठहर छ। संयोजक प्रधानले क्यानका अध्यक्ष चन्दलाई पठाएको पत्रमा कार्यदलमा स्पष्ट जवाफ नआउँदामा कुनै पनि काम नगर्न निर्देशन छ।

क्यानले दोस्रो संस्करणको एनपिएलको तयारी सुरु गरिसकेको छ। पहिलो संस्करणमा सहभागी सबै फ्रेन्चाइज टोलीले खेलाडी रिटेन र रिलिज गरिसकेका छन्। क्यानले आगामी अगस्टमा एनपिएलको अक्सनको मिति राखेको छ। कार्यदलले क्यान अध्यक्षलाई सम्बोधन गरी पठाएको पत्रपछि दोस्रो संस्करणको एनपिएल आयोजनासमेत अन्योलमा परेको छ।

मन्त्री चौधरीले गठन गरेको कार्यदलको निर्देशनपछि क्यानले एनपिएल सम्बन्धमा कुनै पनि काम गर्न नपाउने भएको छ। 'अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेको उजुरीका सम्बन्धमा स्पष्ट जवाफ पेस गर्ने र छानबिन कार्य सम्पन्न नहुँदासम्म नेपाल प्रिमियर लिगसम्बन्धी कुनै कार्य नगर्नू/नगराउनू हुनसमेत जानकारी गराइन्छ,' संयोजक प्रधानले क्यानलाई पठाएको पत्रमा भनिएको छ।

कार्यदलकी संयोजक रञ्जना प्रधानले मन्त्रालयबाट बनेको कार्यदलले छानबिनबाट बन्ने प्रतिवेदन खेलकुद मन्त्रालयलाई नै बुझाइने जानकारी दिएकी छिन्। यसैबिच मन्त्रालयबाट बनेका कार्यदलको सम्बन्धमा राखेपले भने आफ्नो कार्यक्षेत्रभित्र नपर्ने जनाएको छ। 'अहिले एनपिएलको विषयमा मन्त्रालयबाट गठन भएको कार्यदलले काम गरिरहेको छ,' राखेप स्रोतले भन्यो, 'यसमा हाम्रो हस्तक्षेप हुँदैन। राखेपको यसमा सिधा कुनै संलग्नता छैन।' क्यानको आयोजनामा भएको पहिलो संस्करणको एनपिएलमा व्यापक आर्थिक अनियमितता भएको र राज्यको कानुनको उपहास गरिएको भन्दै ०८१ फागुन १२ मा अख्तियारमा उजुरी दर्ता भएको थियो। त्यसपछि खेलकुद मन्त्रालयले एनपिएल आयोजनाका क्रममा भएको अनियमितताको विषयमा छानबिन गर्न ११ जेठमा कार्यदल गठन गरेको थियो।

कार्यदलद्वारा राखेपको लेटरहेड दुरुपयोग

खेलकुद मन्त्री तेजुलाल चौधरीले गठन गरेको छानबिन कार्यदलले राष्ट्रिय खेलकुद परिषद् (राखेप)को लेटरहेड दुरुपयोग गरी क्यानलाई पत्र काटिएको देखिएको छ। कार्यदलकी संयोजक प्रधानले राखेपको लेटरहेड प्रयोग गरी क्यानका अध्यक्ष चन्दलाई छानबिनमा सहयोग गरिदिन भनी पत्र पठाएका हुन्। सो पत्रमा चलानी र दर्ता नम्बर उल्लेख छैन। राखेपले मंगलबारै विज्ञप्ति जारी गरी एनपिएलको पहिलो संस्करणका सम्बन्धमा क्यानलाई आफूहरूले पत्र नपठाएको र कार्यदलबाट लेटरहेड प्रयोग भएको प्रस्ट पारेको छ।

'नेपाल प्रिमियर लिग (एनपिएल)को पहिलो संस्करणका सम्बन्धमा राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले आफ्नो लेटरप्याडमा नेपाल क्रिकेट संघलाई पत्र पठाएको भन्ने विषयमा राखेपबाट नभई कार्यदलबाट लेटरहेड प्रयोग भएको हो,' राखेपको विज्ञप्तिमा भनिएको छ।

राखेपले कार्यदललाई आफ्नो सीमाभित्र रहेर काम गर्न र परिषद्को लेटरहेड प्रयोग नगर्न निर्देशन दिएको छ। 'कार्यदललाई आफ्नो टिओआरभित्र रही काम गर्न र परिषद्को लेटरहेड प्रयोग नगर्न तथा परिषद्प्रति प्रश्न उठ्ने कुनै काम नगर्न पनि निर्देश गरेको छ,' विज्ञप्तिमा उल्लेख छ।

सात महिनासम्म पनि हिसाबकिताब सार्वजनिक भएन

गत वर्षको १५ मंसिरदेखि ६ पुससम्म त्रिवि क्रिकेट मैदानमा पहिलो संस्करणको एनपिएल आयोजना भएको थियो। विश्व क्रिकेटमा नाम चलेका क्रिकेटरसमेत सहभागी भएको प्रतियोगिताको फाइनलमा जनकपुर बोल्ट्सले सुदूरपश्चिमलाई पाँच विकेटले हराउँदै उपाधि जितेको थियो। एनपिएलको विषयमा अनियमितता र आर्थिक हिसाबकिताबसमेत सार्वजनिक नगरेको भन्दै अख्तियारसम्म उजुरी परेको हो। प्रतियोगिता समाप्त भएको सात महिनासम्म पनि क्यानले आर्थिक हिसाबकिताब सार्वजनिक गरेको छैन। जसका कारण क्यानका केही पदाधिकारीसमेत नेतृत्वसँग खुसी छैनन्।

'अहिलेसम्म एनपिएलको आर्थिक पक्ष सार्वजनिक हुनुपर्ने हो। एनपिएलको सबै जिम्मेवारी वहन गरेका व्यक्तिको मनसाय हामीले बुझ्न सकेका छैनौं,' क्यानका एक सदस्यले भने। क्यान अध्यक्ष चन्दले कार्यदलबाट पत्र प्राप्त भएको र त्यससम्बन्धी जवाफ पेस गर्न क्यानका सचिव तथा एनपिएल गभर्निङ काउन्सिलका संयोजक पारस खड्कालाई भनिसकेको बताए। 'उहाँलाई मैले चाँडै जवाफ पेस गर्न भनिसकेको छु। तत्कालै सबै बुझाउनुपर्‍यो भनेको छु,' चन्दले भने।

मुख्य प्रशिक्षक वाइल्ड एन्फासँग असन्तुष्ट



उज्वेकिस्तानमा गत साता लाओसविरुद्धको खेलअघि खेलाडीसँग छलफल गर्दै प्रशिक्षक प्याट्रिक डी वाइल्ड। फाइल तस्बिर

नयाँ पत्रिका

नेपाली महिला फुटबल टोली उज्वेकिस्तानबाट सोमबार स्वदेश फर्कँदा मुख्य प्रशिक्षक प्याट्रिक डी वाइल्ड भने फर्किएनन्। एसियन कप छनोटअन्तर्गत समूह 'एफ'मा उज्वेकिस्तानसँग टाइब्रेकरमा पराजित हुँदा अर्को वर्ष अस्ट्रेलियाले आयोजना गर्ने एसिया कपमा नेपालले स्थान बनाउन सकेन। फिफा वरीयतामा आफूभन्दा माथिको उज्वेकिस्तानविरुद्ध उत्कृष्ट प्रदर्शन गरी नेपाली टोली सोमबार बिहान स्वदेश फर्किएको हो।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा खेलाडी र अफिसियल सबै फर्के पनि मुख्य प्रशिक्षक वाइल्ड भने देखिएनन्। छनोटमा असफल भएपछि टोलीभित्रको विवाद र कप्तान चयनको विषयप्रति असन्तुष्ट देखिएका वाइल्ड उज्वेकिस्तानबाट बेल्जियम हानिए। अखिल नेपाल फुटबल संघ (एन्फा)ले उनी व्यक्तिगत कारण घर फर्किएको जनाएको छ। एन्फा महासचिव किरण राईले प्रशिक्षक वाइल्ड केही समयका लागि घर गएको र उज्वेकिस्तानसँगको खेलपछि कुनै कुरा हुन नपाएको बताएका छन्।

'अहिले प्रशिक्षक घर गएका छन्। छनोट प्रतियोगितापछि उहाँसँग केही कुरा भएको छैन,' राईले भने। एन्फा र वाइल्डबिच एक वर्षको सम्झौता छ। 'प्रशिक्षक नेपाल आएपछि सबै विषयमा कुराकानी हुन्छ,' उनले भने। नेपाली टोलीकी कप्तान सावित्रा भण्डारीले समेत विवादका विषयलाई लामो समयसम्म तान्न नहुने बताएकी थिइन्। 'कप्तान चयन वा अन्य सामान्य विषयलाई विवादित बनाउनुहुँदैन,' सावित्राले भनेकी थिइन्।

यसअघि नेपाली टोली सम्हालेका मुख्य प्रशिक्षक विदेशमा प्रतियोगिता सकेपछि उतैबाट घर फर्किने उदाहरण छन्। यसअघिका मुख्य प्रशिक्षक घर फर्किंदा त्यति विवाद नआउने र खासै चासो हुँदैनथ्यो। तर, यसपटक वाइल्ड टोलीसँगै नआउँदा एन्फा र उनीबिचको सम्बन्ध राम्रो नभएको देखिन्छ। उज्वेकिस्तानमै रहँदा कप्तान चयनको विषयलाई लिएर प्रशिक्षक र व्यवस्थापनबिच नै विवाद भएको थियो। प्रशिक्षक वाइल्डले एन्फा नेतृत्वलाई पत्र लेख्दै आफ्नो विषयमा जानकारी गराइसकेका छन्।

'प्रशिक्षकको असन्तुष्टिबारे गम्भीर बन्नुपर्छ : उपप्रधानमन्त्री सिंह



उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंहले महिला फुटबल टोलीका मुख्य प्रशिक्षकको असन्तुष्टिबारे गम्भीर बन्न आग्रह गरेका छन्। सिंहले प्रशिक्षकले असन्तुष्टि जनाएको बारेमा ध्यान दिन जरुरी रहेको बताए। 'प्रशिक्षणका लागि आएका अन्तर्राष्ट्रिय प्रशिक्षकहरूले असन्तुष्टि जनाउनुले खेलमा असर पर्छ,' चौथो बागमती प्रदेशस्तरीय खुला लिग तेक्वान्दो प्रतियोगिताको उद्घाटन गर्दै सिंहले भने।

खेल संक्षेप

कपिलवस्तुमा रौनकको भव्य स्वागत

कपिलवस्तु/ मलेसियामा सम्पन्न एसिसी यू-१६ इस्ट जोन कप क्रिकेटमा नेपाललाई उपाधि जिताउन उत्कृष्ट प्रदर्शन गरेका कपिलवस्तुका युवा क्रिकेटर रौनक श्रीवास्तवलाई सोमबार भव्य स्वागत गरिएको छ। कपिलवस्तु क्रिकेट संघको आयोजनामा रौनकलाई नगर परिक्रमा गराई विशेष सम्मान गरिएको हो। परिक्रमा कपिलवस्तुको विभिन्न स्थानमा भएको संघले जनाएको छ। प्रतियोगितामा रौनक सर्वोत्कृष्ट खेलाडी घोषित भएका थिए। कृष्णनगर नगरपालिका-१ मडहाका उनले समान एक शतक र अर्धशतकीय इनिङ्स खेल्दै २९६ रन बनाएका थिए। संघका अध्यक्ष प्रकाश गैरेले रौनकको प्रदर्शनले कपिलवस्तु मात्र नभई सिंगो मुलुकलाई गौरवाञ्वित भएको बताए। गृहजिल्लामा भव्य स्वागत पाउँदा जिम्मेवारी बढेको रौनकले बताए।



राखेपमा नेसनल हाई पर्फर्मेन्स सेन्टर

काठमाडौं/ राष्ट्रिय खेलकुद परिषद्ले नियमित रूपमा सुविधा सम्पन्न प्रशिक्षण गराउन नेसनल हाई पर्फर्मेन्स सेन्टर स्थापना गरेको छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा नेपाली खेलाडीको खेल प्रदर्शनमा सुधार ल्याउने उद्देश्यले सेन्टर निर्माण गरिएको राखेपले जनाएको छ। 'खेलाडीले गर्ने दैनिक अभ्यासमा सेन्टरको उपयोगिताले शारीरिक तन्दुरुस्तीमा सकारात्मक सुधार ल्याउने अपेक्षा छ,' राखेपले भनेको छ। ललितपुरको सातदोबाटोमा रहेको अन्तर्राष्ट्रिय खेलकुद परिसरमा स्थापना भएको सेन्टरको उद्घाटन प्रधानमन्त्री केपी ओलीले २६ असारमा गर्नेछन्। सेन्टरमा सय खेलाडीले एकैपटक प्रशिक्षण गर्न सक्छन्।

शिभालीले युरोपमा टेनिस खेल्ने

काठमाडौं/ नेपाली टेनिस खेलाडी शिभाली गुरुङले युरोपमा आइटिएफअन्तर्गत चार प्रतियोगिता खेल्ने भएकी छिन्। युरोप यू-१४ टिमअन्तर्गत शिभालीले फ्रान्समा दुई अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाउनेछिन्। यसैगरी, उनले जर्मनी र बेल्जियममा समान एक प्रतियोगिता खेल्नेछिन्। उनले ११ देखि १३ जुलाईसम्म फ्रान्सको पेरिसमा ट्रेनिङ क्याम्पमा सहभागिता जनाउनेछिन्। २१ देखि २७ जुलाईसम्म फ्रान्सको एन्सीमा हुने टेनिस युरोपमा सहभागी हुनेछिन्। युरोपमा आयोजना हुने प्रतियोगिताका लागि नेपालबाट छनोट हुने शिभाली एक्लो खेलाडी हुन्।

चौधरी बनिन् साफ यू-२० टोलीकी कप्तान

काठमाडौं/ अखिल नेपाल फुटबल संघ (एन्फा)ले नेपाली यू-२० राष्ट्रिय महिला टोलीको कप्तानीको जिम्मेवारी बिर्सना चौधरीलाई दिएको छ। बंगलादेशमा आगामी शुक्रबारदेखि सुरु हुने साफ यू-२० च्याम्पियनसिपमा नेपालले ११ जुलाईमा भुटानसँग पहिलो खेल खेल्नेछ। नेपालले अन्तिम खेल श्रीलंकाविरुद्ध खेल्नेछ। प्रतियोगिता राउन्ड रोबिनअनुसार हुनेछ। सर्वाधिक अंक बटुल्ने टोली विजेता हुनेछ। नेपाली टोलीको मुख्य प्रशिक्षकमा यमप्रसाद गुरुङ र सहायक प्रशिक्षकमा सन्देशकुमार श्रेष्ठ छन्। उपाधि जित्ने लक्ष्यका साथ ४५ दिन प्रशिक्षण गरेको नेपाली टोली दुईपटक उपविजेता बनेको छ। आयोजक बंगलादेश सर्वाधिक विजेता हो। यसैबिच एन्फाले मंगलबार बंगलादेशमा सहभागी हुने टोलीको बिदाइ गरेको छ।

सधैं चर्चामा विम्बल्डनको रोयल बक्स


अल इंग्ल्यान्ड टेनिस क्लबले राजपरिवारका सदस्य, पूर्वखेलाडीदेखि विभिन्न क्षेत्रका चर्चित व्यक्तित्वलाई पाहुनाका रूपमा रोयल बक्समा निमन्त्रणा दिन्छ। उनीहरूले टिकट किन्नु नपर्ने र लाइनसमेत बस्नु नपर्ने व्यवस्था छ।

एजेन्सी

बेलायतको लन्डनमा वर्षको तेस्रो ग्रान्डस्लाम टेनिस प्रतियोगिता चलिरहेको छ। अहिले प्रिक्वार्टरफाइनल खेल चलिरहेको छ। सर्बियाली नोभाक जोकोभिक रोजर फेडेररको कीर्तिमान बराबरी गर्न अग्रसर छन्। फेडेररले कीर्तिमान रूपमा आठपटक र जोकोभिकले सातपटक उपाधि जितेका छन्।

जब विम्बल्डनमा स्टार खेलाडीको प्रदर्शनको चर्चा हुने गर्छ। त्यससँगै सेन्टर कोर्टमा रहेको रोयल बक्सको प्रसंग पनि उठ्ने गर्छ। रोयल बक्स विशेष मानिन्छ। सेन्टर कोर्टको दक्षिण स्ट्यान्डमा यो बक्स रहेको छ। भिआइपीदेखि अतिविशिष्ट पाहुनाले रोयल बक्समा बसेर विम्बल्डनको आनन्द लिन्छन्।

आखिर रोयल बक्स किन महत्त्वपूर्ण मानिन्छ ? सन् १९२२ मा विम्बल्डन हुँदा पहिलोपटक रोयल बक्स स्थापना गरिएको थियो। रोयल शब्दले राजपरिवारलाई जनाउँछ। सुरुवाती दिनमा बेलायतमा राजपरिवारका सदस्यले यसै रोयल बक्समा बसेर विम्बल्डन हेर्थे। परिवर्तनसँगै यसमा बस्ने व्यक्ति पनि फरक-फरक हुन थालेका छन्। ७४ सिट क्षमता भएको छुट्टै बक्स मिल्ने यस क्षेत्रमा अहिले राजपरिवारका सदस्यसँगै सेलेब्रिटी तथा खेलाडी बस्छन्। अल इंग्ल्यान्ड टेनिसले यसबाहेक अरू चर्चित व्यक्तिलाई पनि हरेक दिन पाहुनाका रूपमा निमन्त्रण दिने गरेका छन्।



टिकट किन्नु नपर्ने

आयोजकले प्रत्येक दिन रोयल बक्समा बस्ने पाहुनाका लागि विशेष किसिमको व्यवस्था गरेको हुन्छ। सामान्य दर्शकदीर्घा वा भिआइपी बक्समा आउने दर्शकले टिकट किन्नुपर्छ। तर, रोयल बक्सका पाहुनाहरूले न टिकट किन्नुपर्छ, न लाइनमै बस्नुपर्छ। अझ खेल सुरु हुनुअघि उनीहरूलाई लन्चको व्यवस्थासमेत गरिएको हुन्छ। अर्को रमाइलो पक्ष के भने खेल समाप्तिपछि पाहुनाहरूले चिया वा ड्रिंक्सको फरक व्यवस्था गरेको हुन्छ। यो चिया वा ड्रिंक्स सेक्सनमा रोयल बक्समा पाहुना बनेर आएका व्यक्तिहरूले अन्य चर्चित व्यक्तित्व र राजपरिवारका सदस्यसँग फेस टु फेस वार्ता गर्छन्। अल इंग्ल्यान्ड क्लबका अध्यक्ष तथा पूर्वखेलाडी डेब्बी जेभान्सले सन् २०२३ देखि फरक नियम बनाए। उनले रोयल बक्समा वरीयताअनुसार पाहुनालाई बस्ने व्यवस्था मिलाए। प्रत्येक दिन अल इंग्ल्यान्ड टेनिस क्लबले कसलाई बोलाउने भनी बैठक राखिन्थ्यो। बैठकले पास भएका व्यक्ति वा दिग्गज खेलाडीको चयन गर्छ।

सिटको रङअनुसार बस्नुपर्ने

रोयल बक्समा प्रत्येक दिन आएका पाहुना जहाँ पायो त्यही बस्न मिल्दैन। उनीहरूको वरीयताअनुसार सिटको व्यवस्था गरिएको हुन्छ। अझ भोलेन्टियरलाई सहज बनाउन पाहुनाको टिकटमा रङ राखिदिएको हुन्छ। टिकटको रङ मिल्ने सिटअनुसार बस्नुपर्ने व्यवस्था आयोजकले बनाएको छ। जस्तो कम चर्चित व्यक्तिका लागि निलो रङको सिट छुट्याइएको हुन्छ। हरियो रङका सिटमा भने उच्चपदस्थ व्यक्तित्व, पूर्वविजेता तथा चर्चित कलाकारलाई राखिएको हुन्छ। राजपरिवार, राष्ट्रप्रमुख, राष्ट्रपति र प्रधामन्त्रीका लागि भने अगाडिको सिट व्यवस्था हुन्छ।

यस वर्ष बेकह्यामदेखि सचिनसम्म





आयोजकले प्रत्येक वर्ष रोयल बक्सको आकर्षण बढाउन विभिन्न खेलाडीलाई निमन्त्रण दिँदै आएको छ। यस वर्ष इंग्लिस फुटबलकै आइकोनिक फुटबलर डेभिड बेकह्याम सुरुवाती दिनमै रोयल बक्समा देखिएका थिए। त्यसपछि क्रिकेट जगत्मा खुबै नाम कमाएका भारतका सचिन तेन्दुलकर र उनकी श्रीमतीले पनि रोयल बक्समा बस्ने अवसर पाए। रोयल बक्समा नियमित रूपमा सर्वाधिक विजेता फेडेरर आउने गरेका छन्। यसपटक चर्चित अनुहारमा पप गायिका ओलिभर रोड्रिगो पनि रहिन्। डेनमार्कका राजा फ्रेडरिक, ओलम्पिकमा दोहोरो स्वर्ण विजेता केली होम्स, भौतिकशास्त्रीका प्रोफेसर ब्रायन कोक्सजस्ता चर्चित अनुहार रोयल बक्समा पाहुनाका रूपमा आएका छन्।

उद्योग, व्यवसाय गरौं र आत्मानिर्भर बनौं

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौ र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मानिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

ड्रग्स एडिक्सन र शरीरका बिषालु केमिकलहरूबाट मुक्त हुन सम्पर्क गर्नुहोस् ।



बसन्त राज कुँवर
रिहयाब स्पेसलिष्ट

नार्कोनन् नेपाल
दक्षिण एसियाको एक मात्र अमेरीकी शाखा



पूजा कुँवर
प्युरीफीकेसन स्पेसलिष्ट





यदी तपाईको शरीरमा ड्रग्स, एन्टीबायोटिक्स, रेडिएसन, केमो लगाएत तरकारी र प्रदूषणबाट आएका बिषालु केमिकलहरू छन् भने "New Life Detoxification" कार्यक्रम अन्तर्गतको "Purification" गर्नुहोस् ।

विस्तृत जानकारीको लागि, सम्पर्क गर्नुहोस्

९८५१० ३७५२९, ९८५१० ४८४३२, ०१ ४६५००५४, ०१ ३७७१२४

बुढानिलकण्ठ, काठमाडौं, नेपाल, narcononnepal@gmail.com

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com